# सामाजिक, आर्थिक तथा सांस्कृतिक निरन्तरता र परिवर्तनः चितवन जिल्ला बछौली गा.वि.स.का थारुहरुको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अर्न्तगत समाजशास्त्र विषयको स्नाकोत्तर तहको उपाधि प्राप्त गर्न आंशिक आवश्यकता परिपूर्तिका लागि समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभागमा प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

**हरिनारायण लम्साल**

क्याम्पस रोल नं. १८३/०६३

परीक्षा रोल नं. २८०१०५/०६३

समाजशास्त्र/ मानवशास्त्र केन्द्रिय विभाग किर्तिपुर

त्रिभुवन विश्वविद्यालय


**२०६९**

# त्रिभुवन विश्वविद्यालय

## मानविकी तथा समाजशास्त्रीय संकाय

## मानवशास्त्र/ समाजशास्त्र केन्द्रिय विभाग

## किर्तिपूर, काठमाडौं

### स्वीकृत- पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान अर्न्तगत किर्तिपुर क्याम्पस समाजशास्त्र तथा मानवशास्त्र विभागको समाजशास्त्र विषयक स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पुरा गर्नको लागि हरिनारायण लम्साल द्धारा लिखित **सामाजिक, आर्थिक तथा सांस्कृतिक निरन्तरता र परिवर्तनः चितवन जिल्ला बछौली गाविस का थारुजातिहरुको एक अध्ययन** विषयको शोधपत्र स्नातकोत्तर उपाधिको लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मुल्याङ्कन समिति**

फणीन्द्रेश्वर पौडेल

(शोध निर्देशक) ...............................................

उद्धव राई

(शोधपत्र बाह्य निर्देशक)

...............................................

प्रा. डा. ओम गुरुङ्ग

(विभागिय प्रमुख) ...............................................

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा समाजशास्त्रीय संकाय**

**मानवशास्त्र/ समाजशास्त्र केन्द्रिय विभाग**

**किर्तिपूर, काठमाडौं**

# सिफारिस - पत्र

त्रिभुवन विश्वविधालय बाट शमाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पुर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा श्री हरिनारायण लम्सालले **सामाजिक, आर्थिक तथा सांस्कृतिक निरन्तरता र परिवर्तनः चितवन जिल्ला बछौली गाविस का थारुजातिहरुको एक अध्ययन** विषयमा यो शोधपत्र तयार पार्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.............................................

**फणीन्द्रेश्वर पौडेल**

**सह प्राध्यापक**

**समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग**

# कृतज्ञता- ज्ञापनक

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकायको समाजशास्त्र केन्द्रिय विभाग किर्तिपूर क्याम्पस अर्न्तगत समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधिको आंशिक परिपुर्ति गर्नुपर्ने अनिवार्य आवश्यकताको उपज हो - यो शोध पत्र ।

आफुले हाँसिल गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रुपमा प्रयोग गर्दै वस्तुगत तथ्यलाई उजागर गर्न पाउने अवसरले अध्ययन अनुसन्धानको मार्गलाइ अझ फराकिलो पार्दै लाने कुरामा आशावादि बनाएको छ । यसै सन्दर्भमा यस शोधपत्रलाई प्रस्तुत गर्ने क्रममा विभागिय प्रमुख प्रा. डा. ओम गुरुङ्ग तथा यस शोधपत्रलाई तयार गर्न आवश्यक निर्देशन प्रदान गरिदिनुहुने सह प्राध्यापक फणीन्द्रेश्वर पौडेल प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

यस शोधपत्र तयार गर्ने क्रममा शुरुको अवस्थादेखि आवश्यक सल्लाह तथा प्राविधिक रुपमा सहयोग गर्ने मेरी श्रीमती गौरी लम्साल, तथ्याङ्क संकलनमा सहयोग पुर्‍याउने दिदि लक्ष्मी लम्साल, गायत्री लम्साल तथा अध्ययनको लागि सदैव हौसला र प्रेरणा प्रदान गर्नुहुने आदरणीय आमा नन्दकुमारी लम्सालका साथै सम्पुर्ण उत्तरदाता वर्ग, सुचनादाता, त्रि. वि. केन्द्रिय पुस्तकालय लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आवश्यक तथ्याङ्क जुटाईदिनुहुने सबै मित्रहरु र संघसंस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**हरिनारायण लम्साल**

**समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग**

**किर्तिपुर, काठमाडौं**

# विषय सुची

सिफरिस पत्र

स्वीकृती पत्र

कृतज्ञता ज्ञापनपत्र

विषय सुची

तालिका सुची

अध्याय १ (१-७)

परिचय

१.१ अध्ययनको पृष्टभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको उद्देश्य ६

१.४ अध्ययनको महत्व ६

अध्याय २ (८-१६)

सन्दर्भ साहित्यको पूनरावलोकन

२.१ सिद्धान्त र अवधारणाको पूनरावलोकन ८

२.२ विगतका अध्ययनहरुको पूनरावलोकन ११

२.२.१ सामाजिक निरन्तरता र परिवर्तन १३

२.२.२ आर्थिक निरन्तरता र परिवर्तन १४

२.२.३ सांस्कृतिक निरन्तरता र परिवर्तन १४

२.३ प्रस्तुत अध्ययनको अवधारणात्मक रुपरेखा १५

अध्याय ३ (१७-२०)

अनुसन्धान पद्धति

३.१ अध्ययन क्षेत्रको छनौट १७

३.२ अनुसन्धानको ढाँचा १८

३.३ तथ्याङ्क प्रकृति र स्रोतहरु १८

३.३.१ प्राथमिक स्रोत १८

३.३.२ द्धितिय स्रोत १८

३.४ समग्रता तथा नमुना विधि १८

३.५ तथ्याङ्क संकलन विधि १९

३.६ तथ्याङ्कको प्रस्तुतिकरण एवं विश्लेषण २०

३.७ अध्ययनको सिमा २०

अध्याय ४ (२१-२८)

४.१ चितवन जिल्ला: एक चिनारी २१

४.२ वछौली गाविस: संक्षिप्त परिचय २२

४.२.१ भौगोलिक अवस्थिति २२

४.२.२ हावापानी र वातावरण २२

४.२.३ प्राकृतिक सम्पदा २२

४.२.४ विकासका पूर्वाधारहरु २३

४.२.५ जनसंख्याको बनोट २३

४.३ अध्ययनमा समेटिएको घरपरिवार २७

४.३.१ जनसंख्याको बनौट २७

४.४ भुस्वामित्व २८

अध्याय ५ (२९-४५)

५.१ सामाजिक निरन्तरता २९

५.१.१ पारिवारिक संरचना २९

५.१.२ वैवाहिक स्थिती ३०

५.१.३ शैक्षिक स्थिती ३१

५.१.४ सामाजिक संगठनको अवस्था ३३

५.१.५ सामाजिक अन्य जातिसंग सामाजिक सम्वन्ध ३३

५.१.६ समाजमा महिलाको स्थिती ३४

५.१.७ पैत्रिक सम्पत्तिको अवधारणा ३४

५.१.८ स्वास्थ्य स्थिती ३५

५.२ सांस्कृतिक निरन्तरता ३५

५.२.१ भेषभुषा र आभुषण ३५

५.२.२ सामाजिक संस्कारहरु ३६

५.२.३ धार्मिक संस्कारहरु ३९

५.२.४ मनोरञ्जनका प्रकृया ४०

५.२.५ भाषागत अवस्था ४०

५.२.६ देविदेवताहरु ४१

५.२.७ अतिथि सत्कार ४१

५.३ आर्थिक निरन्तरता ४२

५.३.१ पेशा /व्यवसाय ४२

५.३.२ भुस्वामित्वको स्थिती ४४
५.३.३ ऋण /सहयोग लिने अवस्था ४४
५.३.४ घरको बनावट ४५
अध्याय ६ (४६-५८)
६.१ सामाजिक परिवर्तन ४६
६.१.१ शैक्षिक परिवर्तन ४७
६.१.२ स्वास्थ्य स्थितीमा आएको परिवर्तन ४८
६.१.३ पारिवारिक संरचनामा आएको परिवर्तन ४९
६.१.४ सामाजिक संगठनात्मक कार्यमा आएको परिवर्तन ४९
६.१.५ महिलाको स्थितीमा आएको परिवर्तन ५०
६.२ सांस्कृतिक परिवर्तन ५०
६.२.१ भेषभुषा तथा आभुषणमा आएको परिवर्तन ५०
६.२.२ सामाजिक संस्कारमा आएको परिवर्तन ५१
६.२.३ धार्मिक संस्कारमा आएको परिवर्तन ५२
६.२.४ धर्म ५३
६.२.५ खानपिन ५३
६.२.६ गरगहना ५४
६.३ आर्थिक परिवर्तन ५४
६.३.१ कृषि ५४
६.३.२ श्रम तथा नोकरी ५५
६.३.३ वैदेशिक रोजगारी ५५

६.३.४ घरको बनावटमा आााएको परिवर्तन ५६
६.३.५ ऋण/ सहयोग लिने अवस्था ५६
६.३.६ शौचालयको अवस्था ५७
६.३.७ आधुनिक सुविधामा पहुँच ५७
अध्याय - ७ (५९-६४)
७.१ सारांश ५९
७.२ निश्कर्ष ६१
७.३ सुझावहरु ६३
सन्दर्भग्रन्थ सूची ६५
अनुसूचि : अर्न्तवार्ता सूची ६८

# तालिकासुची


| तालिका नं. | तालिकाको नाम | पृष्ट |
|---|---|---|
| १. | वडागत आधारमा जनसंख्याको बनौट | २४ |
| २. | उमेरको आधारमा जनसंख्याको बनौट | २४ |
| ३. | जात/जातिको आधारमा जनसंख्याको बनौट | २५ |
| ४. | धर्मको आधारमा जनसंख्याको बनौट | २६ |
| ५. | मातृभाषाको आधारमा जनसंख्याको बनौट | २६ |
| ६. | उत्तरदाताको घरपरिवारको जनसंख्याको बनौट | २७ |
| ७. | भुस्वामित्वको आधारमा उत्तरदाता परिवारको विवरण | २८ |
| ८. | शैक्षिक अवस्था | ४७ |
| ९. | विरामी पर्दा पहिला उपचार गराउने स्थान | ४८ |
| १०. | घरको छानाको किसिमको आधारमा उत्तरदाताको परिवारको विवरण | ५६ |
| ११. | आधुनिक सुविधाको साधनमा पहुँचको अवस्था | ५८ |

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समाज परिवर्तनसिल अवधारणा हो हिजोको समाज जस्तो थियो आज त्यो छैन आजको समाज जुन छ भोली नहुन सक्दछ यसको प्रमुख कारण भनेको नै सामाजिक परिवर्तन हो । सामाजिक सम्वन्धमा आउने परिवर्तन नै सामाजिक परिवर्तन हो जुन परिवर्तन सामाजिक संरचनामा परिवर्तन आएपछि मात्र देखिन्छ । सामाजिक संरचनाका विभिन्न इकाइहरु जात, धर्म, आर्थिक संगठन, सामाजिक संस्था लगायतका विभिन्न इकाइमा आउने परिवर्तनले सामाजिक परिवर्तनलाई प्रेरित गर्दछ । त्यसै अनुरुप मानिसको सांस्कृतिक व्यवहार र उसका क्रियाकलापमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भन्न सकिन्छ । मानिसको सम्पूर्ण जीवन पद्धतिको तरिका नै संस्कृति हो ।

समाज विकासको क्रमसंगै साधारण र एकरुपताबाट जटिल र विशिष्टिकरण अवस्थामा परिवर्तन हुदै जान्छ । यो क्रम प्राचिन कालको ढुङ्गे युगको संस्कृति समयको क्रमसंगै विकास हुँदै क्रमश कृषि समाज, सामन्ती समाज र औधोगिक समाजमा समाज परिणत हुँदा समाजका विभिन्न एकाइमा परिवर्तन आउने गर्दछ । परिवर्तनकै कारण एउटा मान्यतामा स्थापित समाज अर्को समाजको ढाँचामा रुपान्तरण हुन्छ । यस प्रक्रियामा समस्त परिवर्तन भन्नाले सामाजिक संरचना भित्रका एकाइहरुमा हुने परिवर्तनलाई जनाउँछ । जव एक साधारण तथा कृषि समाज जटिल वा औधोगिक समाजमा परिवर्तन हुन्छ । त्यहाँ मानिसहरुको विचार र चिन्तनमा परिवर्तन आउँदछ । साथसाथै पेशा व्यवसायमा समेत परिवर्तन आउंदछ । सामाजिक संस्कार त्यसप्रतिका पुरातन मान्यता र तिनको कार्य प्रणालीमा परिवर्तन आउंदछ । यसैगरी उत्पादनको तरिकामा पनि परिवर्तन आउँन पुग्दछ । यसरी समाजको विकासक्रम एक चरणवाट अर्को चरणमा पुग्दा स्वभाविक रुपमा समाजमा परिवर्तन आउंदछ । अथवा परिवर्तनको परिणाम स्वरुप सामाजिक ढाँचामा परिवर्तन आउँदछ । परिवर्तित सामाजिक ढाँचा अर्न्तगत सिंगो समाजमा संरचनागत परिवर्तन क्रमसंग सम्भव हुन्छ । जुन पक्षलाई वढि अभिप्रेरित गर्ने तत्व भनेको मानिसहरु वीच समान मानविय सोचाइ, व्यवहार र समस्याहरु हुनु हो ।

सांस्कृतिक आदान प्रदानको माध्यमबाट सामाजिक परिवर्तन हुने गर्दछ । मानविय जीवन र संस्कृति वीच निकै गहिरो र अन्योन्याश्रित सम्बन्ध हुन्छ । मानिसको प्रत्येक व्यवहार कृयाकलाप तथा सोचाइ र गराई मा संस्कृतिको गहिरो छाप परेको हुन्छ । संस्कृतिले नै मानिसलाई सामाजिक

प्राणि बनाएको छ। प्रत्येक मानिस कुनै न कुनै संस्कृतिवाट भएको हुदैन्। मानिसले आफ्नो दैनिक जीवन यापनको क्रममा एउटा व्यक्ति अर्को व्यक्तिसंग, एउटा समुदाय अर्को समुदायसंग र एउटा देश अर्को देशसंग कुनै न कुनै रुपमा आश्रित रहेका हुन्छन्। जसले गर्दा मानिसहरु विच एकआपसमा घुलमिल हुने वातावरण बनेको हुन्छ। संस्कृति सिकिने व्यवहार हो, जसलाई मानिसले अनुसरण गर्दछ। यो एक व्यक्ति र एक पिढिबाट अर्को व्यक्ति र पिढिमा हस्तान्तरित हुन्छ। सांस्कृतिक आदान प्रदानबाट सामाजिक परिवर्तन हुन सक्दछ। जव एउटा सांस्कृतिक मूल्यमान्यता, परम्परा तथा दृष्टिकोण वोकेको मानिस अर्को समाज र संस्कृतिको सम्पर्कमा पुग्छ भने स्वभाविक रुपमा सांस्कृतिक लेनदेन तथा आपसी हस्तान्तरण हुन्छ। तथापि भिन्न व्यक्ति वा समुदाय विच वारम्वार वा लगातार अर्न्तक्रिया हुन जरुरी छ। यसरी धेरै वा थोरै अन्य संस्कृतिको पद्धतिमा व्यक्ति वा समुदायले आफूलाई संलग्न गराएपछि व्यक्ति वा समुदायको सामाजिक व्यवहार, सामाजिक संरचना तथा सामाजिक अर्न्तक्रिया र अर्न्तसम्बन्धमा परिवर्तन आउन पुग्छ।

वर्तमान मानव समाज निकै जटिल छ। रोजगार व्यवहार र पेशाका लागि मानिस विभिन्न समुदायको सम्पर्कमा रहन पुग्दछन्। विवाह, नातासम्बन्ध आदि कारणबाट एउटा सांस्कृतिक समुह अर्कोकुनै समूहमा आवद्ध हुन सक्दछ। यसरी भिन्न भिन्न समूहवीचको आपसी सम्पर्कले व्यक्ति र समुदाय विच सांस्कृतिक आदान प्रदान हुन्छ। जव सांस्कृतिक आदानप्रदानको प्रकृया अगाडी बढ्दछ, तब उनीहरुको विद्यमान सामाजिक अवस्थामा परिवर्तन आउँन पुग्दछ। यस सन्दर्भमा परसंस्कृतिग्रहण तथा सामाजिकीकरणका माध्यमवाट सांस्कृतिक हस्तान्तरणको प्रकृया अगाडी बढ्दछ।

नेपाल बहुभाषिक, बहुजातिय, बहुधार्मिक, बहुसांस्कृतिक विविधताले भरिएको मुलुक हो। भौगोलिक दृष्टिले पनि तराई देखि हिमाल सम्म बसोवास गर्ने समुदायको परम्परा संस्कृति मूल्य र मान्यतामा फरक विशेषताहरु पाइन्छ। यहाँ आफ्नै अस्तित्व पहिचान गर्ने मौलिक संस्कृति परम्परा पाइन्छ। सोही अनुरुप दैनिक जीवनयापनका तरिकाहरुमा पनि भिन्नता पाइन्छ। उदाहरणको लागि हिमालमा बस्ने शेर्पाहरु र तराइमा बस्ने थारुहरुको जीवनचर्यामा पनि फरक पाउन सकिन्छ। हिमाली क्षेत्रको मानिसहरुको मूख्य पेशामा पशुपालन जसमा चौरी, भेडा आदि पर्दछन भने खाद्यान्नमा आलु, जौ, मकै आदि पर्दछन्।

समयको परिवर्तन र बढ्दो आधुनिकतासंगै नेपाली समुदायमा पनि विभिन्न सामाजिक परिवर्तनहरु देखा पर्दै गएका छन्। विभिद जातजातीहरुमा मौलिक संस्कृति परम्परा रितिरिवाज विस्तारै हराउदै गइरहेको छ। कतिपय मौलिक संस्कृतिहरु लोप भैसकेका छन्। भने कतिपय लोप हुने अवस्थामा समेत पुगेको छ।

तराईमा बसोबास गर्ने सबभन्दा पुरानो जाति थारुनै हो र थारुलाई तराईको आदिवासी भन्न सकिन्छ । तराईको घनघोर जङ्गल लाई उर्वरा र अन्य पहाडी समुदायको लागि पनि आकर्षणको स्थल बनाउनुमा थारुहरुकै योगदान रहेको छ । यी जातिहरु अत्यन्त मिहिनेती, सोझा, इमान्दार हुन्छन् । तराईको अधिकांश भु-भाग ओगटेर बसेका यी जाति पहाड र भारततर्फबाट बसाइ सरेर आएका अन्य बाठा समुदायहरुबाट ठगिएर सस्तोमा भूमि विक्रि गर्दै अधिकांश थारुहरु भूमिविहिन अवस्थामा पुगेका छन् । कतिपय थारुहरु उनीहरु कहाँ नै कमैया बस्ने स्थितीमा पुगेका छन् । आजको विकसित युगमा पनि यस समुदायमा विकासको उज्यालो पुग्न सकेको छैन । अशिक्षा देखि लिएर न्यूनतम आधारभूत आवश्यकतामा पनि यिनीहरु अन्य जातिको तुलनामा पछि परेका देखिन्छन् । यिनीहरु प्राय कृषि तथा पशुपालनमा नै सीमित देखिन्छन् । वि.सं. २०५६ सालमा संसदबाट कमैया प्रथाको अन्त भएको घोषणा गरिएपनि मुक्त कमैयाहरुलाई जग्गा वितरण गरी बसोबासको व्यवस्था सुचारुरुपमा हुन सकेको छैन । साधारण शिक्षा र नागरिक अधिकार सम्बन्धि सचेतताको अभाव छ । अज्ञानता, अन्धविश्वास तथा रुढीवादी परम्पराले ग्रसित यस समुदायका मानिसहरुले कष्टप्रद जीवनयापन गरिरहेका छन् ।

आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चारवर्णको हिन्दु वर्णाश्रम व्यवस्था भित्र नपर्नेहरु जनजाति अन्तर्गत पर्दछन् ।

विभिन्न जनजातिहरु भएको देश नेपालमा वि.स.२०५८ को राजपत्रमा ६१ जनजाति मध्ये २६ जनजातिको विवरण खुलाइएको छ । जसमध्ये - मगर, दनुवार, लेप्चा, लिम्बु, नेवार, दमाई, धानुक, चेपाङ्ग, गुरुङ, सुनुवार, गनगाई, वोटे, राउटे, राजवंशी, तामाङ्ग, थारु, धामी, राजी, जिरेल, माझी, शेर्पा, राई, भोटे, थकाली, कुमाल ।

२०५८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्याको २८.३% अर्थात् ६५ लाख ७२ हजार २ सय ६५ जनजाति रहेका छन् । यिनै समुदाय मध्ये एक प्रमुख जनजाति थारु हो । नेपालमा थारु समुदायको पनि आफ्नो पृथक सामाजिक र सांस्कृतिक पहिचान रहेको छ । आफ्नै परम्परागत भाषा संस्कृति, रीतिरिवाज तथा भेषभूषा बाकेका थारु समुदायको अलग किसिमको पहिचान पाइन्छ । तराईको पूर्व मेची देखि पश्चिम महाकाली सम्मका जिल्लाहरु खोच, बेंसी, दुन र उपत्यकासम्मका विशेषगरी झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, सर्लाही, रौतहट, वारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, वर्दिया, कैलाली र कञ्चनपुर आदि जिल्लाहरुमा यिनिहरुको बसोबास रहेको छ ।

नेपालमा थारुहरुको उत्पत्ति कहिलेदेखि भएको हो भन्ने विषय अहिले सम्म रहस्यमय नै छ । बाबुराम आचार्य (२०१०) ले थारुहरुको उत्पत्ति सम्वन्धमा “थारुहरुको मुलघर कहाँ ?” भन्ने

अध्ययनमा यिनीहरुको मूलघरको खोजी गर्दा हिमालीपारी जान सकिदैन भनेका छन् । त्यसैगरी सिंह, श्रेष्ठ र प्रधान (सन् १९७२) ले थारुहरुको उत्पत्ति थार वाट भएको हो जुन भारतको सिन्धप्रान्तमा छ, त्यसैले यिनिहरुलाइ थारु भनिन्छ । त्यसैगरी विष्ट (१९७६) का अनुसार राजपुतनामा मुसलमानको आक्रमण भएपछि थारुहरु नेपालमा आएका हुन् । शत्रुहरुको हातमा पर्नुभन्दा वरु भाग्नु निको मानी यीनी आ-आफ्ना नोकरका साथ भागी नेपाल पसेका थिए ।

नेपालमा विभिन्न जात जाति धर्म तथा धार्मिक सम्प्रदायका मानिसहरु बसोवास गर्दछन् । यसमा विभिन्नता भएकै हरेक जाति तथा समुदायको आ-आफ्नो रितिरिवाज, चालचलन, भेषभुषा आदि छन् । सन् २००१ को जनगणना अनुसार ८०.६ प्रतिशत हिन्दु, १०.७ प्रतिशत बौद्ध, ४.२ प्रतिशत इस्लाम ३.६ प्रतिशत किराती ०.५ प्रतिशत इसाई तथा अन्य धर्मावलाम्बीहरुको बसोबास रहेको छ (के.त.वि.२००१) । सामाजिक संरचनाको विभिन्नाले गर्दा विभिन्न जातजाति बिच संस्कार तथा संस्कृतिमा रहेको भिन्नता भौगालिक विविधताले झनै नौलो परिवेशको झझल्को दिन्छ । एउटै भौगोलिक क्षेत्रमा बसोवास गर्नेहरुका बीचमा पनि सांस्कृतिक परम्परा रितिरिवाज चालचलनमा फरक पाइएकोमा चाडपर्व उत्सव आदिमा पनि क्षेत्रीय विविधता देखा पर्नुमा परम्पराले महत्वपूर्ण भूमिका खेल्दछ । भौगोलिक क्षेत्रले ल्याएको विभिन्नताले प्राकृतिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा समेत भिन्नता सिर्जना गरेको छ । यसरी विभिन्न संस्कृतिको समविष्ट रुप नै संस्कृति हो भन्न सकिन्छ ।

भौगोलिक विभाजन अनुसार हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्र गरी तीन खण्डमा देशलाई विभाजन गरिएको छ । हिमाली क्षेत्र महाभारत श्रृंखलाको उत्तरपटी भू-भाग हो । यो भू-भागमा शेर्पा, गुरुङ्ग, थकाली, मनाङ्ग, भोटे, आदि जातिको बसोबास रहेको छ । यहाँको बासिन्दाहरुको सांस्कृतिक परम्परा भने मिल्दोजुल्दो नै छ । यी मानिसहरुको मुख्य पेशामा पशुपालन जसमा चौरी, भेडा आदि पर्दछन् भने खाधान्नमा आलु जौ, मकै आदि पर्दछन् । त्यसपछि तराई क्षेत्र भन्दा माथिल्लो र हिमाली क्षेत्र भन्दा तल्लो भू-भाग पहाडी क्षेत्र हो । यो भू-भागमा ब्राम्हण, क्षेत्री, नेवार, भोटे, राई, लिम्बु, गुरुङ्ग, तामाङ्ग आदि जातिहरुले बसोबास गर्दछन् । त्यस्तै गरी तराई प्रदेश जसलाई उष्ण प्रदेशले चिनिन्छ । यो प्रदेश दक्षिणमा भारत र उत्तरमा चुरे डाँडाहरुको बीचमा पर्दछ । तराईका मानिसहरुको भारतको विहार राज्य र उत्तर प्रदेश राज्यको संस्कृति, प्रथाप्रचलन, भाषा मिल्दछ । यस भू-भागमा थारु, राजपुत, राजवंशी धिमाल, सुनार, थारु आदि जातिको बसोबास पाइन्छ । हाल तराईमा पहाडी क्षेत्रबाट आप्रवासनको कारणले जनघनत्व बढी भएको पाइन्छ, जहाँ विभिन्न जातजातिको बाहुल्यता रहेको छ ।

चितवन जिल्लाको बछौली गा.वि.स. भित्र लामो समय देखि श्रमजातिको रुपमा थारुहरु बसोबास गर्दै आएका छन् । यिनीहरु विकासको मुल प्रवाहमा समावेश हुन सकेका छैनन् । आर्थिक स्थिती अन्य जातजातिको तुलनामा धेरै नै पिछडिएको छ । आधुनिककरण संगै भित्रिएको पश्चिमीकरणले यिनीहरुको मौलिक संस्कृति तथा परम्परामा परिवर्तन हुदै गइरहेको छ । यस अध्ययनले यिनीहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाबारे अध्ययन गरी यिनीहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थामा के परिवर्तन भएको छ र के कुरामा यीनीहरुको अझै निरन्तरता कायम नै भन्ने यस अध्येताको उद्देश्य रहेको छ ।

## १.२ समस्याको कथन

आजको एक्काइसौं शताब्दीमा पनि यो जातिका कतिपय ब्यक्तिहरु अन्धविश्वास र रुढीवादी मान्यताबाट कति ग्रसित छन् भन्नेकुरा सर्पले टोक्दा तन्त्रमन्त्र गर्ने, विरामी पर्दा अस्पताल तथा हेल्थपोष्टमा जानु भन्दा गुरुवालाई बोलाउने, जन्डीस भएकाहरुलाई मन्त्रले फुकेर पहेलो झार्ने आदि क्रियाकलापबाट सहजै अनुमान लगाउन सकिन्छ ।

नेपाल एक बहुधार्मिक बहुजातिय बहुभाषिक एवं बहसांस्कृतिक देश हो । नेपालमा जातीय विविधता छ । यो बहुजातिय मुलुकमा यहाँ अस्तित्वमा रहेको सम्पूर्ण जातजातिहरुको राष्ट्र निर्माणका लागि एकीकृत प्रयासको खाँचो पर्दछ । सम्पूर्ण जातजातिलाई विकासको मूल प्रवाहमा समाहित गर्न सके मात्र मुलक समृद्धशाली बन्न सक्छ । यद्यपी समाज विकासको गतिसंग सम्पूर्ण जात जातिहरु एकै तवरले अगाडी बढ्न सकेका छैनन् । विविध जात जातीहरु एक अर्काका सुमधुर सम्बन्ध राख्दै सहिष्णुताको भावनाबाट एकीकृत भएता पनि समानुपातिक विकासको अभावले गर्दा कता कता द्वन्द्वको शुरुवात हुन थालेको पनि पाइन्छ । सबै जाति जनजातिहरुलाई समतामूलक ढंगले उनीहरुको परम्परागत संस्कृति, धर्म, रितिरिवाज जस्ता कुराहरुको संरक्षण गर्दै विकास हुनु आवश्यक देखिन्छ ।

नेपालमा बस्ने विभिन्न स्थानका थारुहरुको सामाजिक सांस्कतिक आर्थिक अवस्था भिन्दाभिन्दै रहेको पाइन्छ । त्यस्तै चितवन जिल्ला बछौली गा.वि.स.का थारुहरुको पनि आफ्नै प्रकारको मौलिकता पाइनुले, त्यहाँको थारु समदायको मौलिक सामाजिक, सांस्कृतिक पक्ष के हो ? त्यहाँको थारुजातिको विगतको अवस्था र अहिलेको अवस्थामा के कस्ता कुरामा परिवर्तन आएको छ ? उनीहरुको आर्थिक अवस्था कस्तो छ ? आर्थिक र शैक्षिक अवस्थामा परिवर्तन आउनुका कारणहरु के के रहेका छन् ? यहाँका थारुहरुको मौलिक संस्कृतिहरु के के हुन् ? ति मौलिक संस्कृतीमा के कस्ता परिवर्तन आइरहेको छ जस्ता कुराहरु नै यस अनुसन्धानका समस्याहरु रहेका छन् ।

## १.३ अध्ययनको उद्देश्य

चितवन जिल्ला, बछौली गा.वि.स.मा बसोबास गने थारु जातिमा देखिएको सामाजिक आर्थिक, शैक्षिक, एवं सांस्कृतिक पक्षको विश्लेषण गर्नु यस अध्ययनको सामान्य उद्देश्य हो भने यसको विशिष्ट उद्देश्यहरु निम्नलिखित छन्

१. थारुहरुको सामाजिक संस्कृतिक एवं आर्थिक स्थितिमा कायम रहेको निरन्तरताको विश्लेषण गर्ने ।

२.थारुजातिको सामाजिक, सांस्कृतिक एवम् आर्थिक अवस्थामा आएको परिवर्तनको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

समाजको बैज्ञानिक अध्ययन निरन्तर रुपमा भइरहनु पर्दछ र गतिशिलता समाजको एक विशेषता भएकोले अध्ययन गर्न जरुरी हुन्छ । यस अर्थमा जीवनको अध्ययन आफैमा एक महत्वपूर्ण कार्य हो । यी राष्ट्र बहुजातिय, बहुभाषिक भएकाले जुनसुकै धर्म जातजाति वा पेशाका मान्छे भएपनि सबैको साझा देश “नेपाल” हो । विभिन्न जात जाति धर्म भाषा वर्ण जे भएपनि एउटा साझा मुलुक भित्र अटाउन सकेका छन् । सवै नेपालीहरुलाई समान संरक्षण प्रदान गरेर नेपाल निर्माण गर्ने दिशामा उदारतापूर्वक गरिएको प्रयास नै यस कालको ठूलो योगदान ठहर्न जान्छ । पृथ्विनारायण शाहले दिएको नेपाल चार जात छत्तिस बर्णको साझा फुलवारी हो भन्ने उक्तिबाट नै नेपाल जात जातिहरुको विविधताले भरिपूर्ण मुलुक हो भन्ने कुरा स्पष्ट हुन्छ । हिन्दुधर्मका अनुयायी यिनिहरुको पनि आफ्नै परम्परा धर्म, संस्कृति तथा जीवनशैली छ । यसरी विविध संस्कृति भएका जाति  जनजातिहरुको समानतामुलक ढंगबाट विकास हुन सकेको छैन । धेरैजसो जनजातिहरु विभिन्न विकासको निमित्त यी सबै पिछडीएका जात जातिहरुको वास्तविक जीवनसाग सम्बन्धित सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षहरुको अध्ययन तथा अनुसन्धान गरि सबैलाई आ-आफ्नो संस्कतिको संरक्षण तथा सम्बर्दन गर्दै उचित किसिमका कार्यकमहरु तय गरि विकासको मार्गमा लगाउन सकेमा राष्ट्रको भविष्य उज्वल पार्न सकिन्छ । तसर्थ यिनै कुरालाइ ध्यानमा राखी थारु जातिको ऐतिहासिक पृष्टभूमिको अध्ययन सामाजिक सांस्कृतिक राजनैतिक शैक्षिक पक्षको अध्ययन गरि प्रकाशनमा ल्याउन ठुलो देन हुनेछ ।

समाजशास्त्रीय र मानवशास्त्रीय अध्ययनमा समाज र समाजमा बसोवास गर्ने मानव भएकोले यहाँ थारु जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको निरन्तरता र परिवर्तन शिर्षक रोजिएको छ । यस अध्ययन र अनुसन्धानको खास गरी चितवन जिल्ला बछौली गा वि स का थारु जातिको बारेमा स्पष्ट तथा विश्वसनीय जानकारी दिलाउने छ भन्ने लक्ष्य राखिएको

छ । साथै बछौली गा.वि.स.मा थारुहरुको जातिको सामाजिक सांस्कृतिक तथा आथिक स्थिती बारे शास्त्रविद तथ्यहरुलाई प्रकाश पारी उनीहरुलाई विकासको मूल प्रवाहमा ल्याउन आवश्यक सुझावहरु पनि पेश गर्ने हुदा सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरुलाई सहयोग पुग्ने विश्वास लिइएको छ । त्यसैगरी विभिन्न शिर्षक अनुसन्धान कर्ता, संघसंस्थाहरुलाई पनि थोरै गएपनि सहयोग गर्ने छ भने समाजशास्त्र र मानवशास्त्र विषयको अध्ययनमा सहयोग पुग्न सक्ने विश्वास लिइएको छ ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

## २.१ सिद्धान्त र अवधारणाको पुनरावलोकन

सामाजिक, सांस्कृतिक  परिवर्तन निरन्तर चलिरहने प्रकृया हो । सामाजिक संरचनाका विभिन्न इकाइहरु जात, धर्म आर्थिक संगठन, सामाजिक संस्था लगायतका विभिन्न इकाइमा आयने परिवर्तनले सामाजिक, सांस्कृतिक परिवर्तनलाई प्रेरित गर्दछ । जस सम्बन्धी विभिन्न सिद्धान्त र अवधारणाहरुको विकास भएका छन् ।

सस्कृति यस्तो समग्रता हो जुन अजैविक हुन्छ र यो समाजमा हस्तान्तरित हुन्छ । संस्कृति त्यस्तो सम्पूर्णता हो जसमा मानविय व्यवहारको कला, सामाजिक विचार र धार्मिक ढाँचा समावेश भएका हुन्छन् **(Tylor, 1991)** । मानव समुदायको विकास प्रकृयामा मानवले आफ्नो आवस्यकता परिपुर्तिको लागि आफैंले सृजना गरेको भौतिक तथा अभौतिक पक्षहरुको समग्रता नै संस्कृति हो । मानव चेतनसिल प्राणी भएको कारणले उसले प्रतेक काल खण्डमा केहि न केहि विकास र आविश्कार गरेको हुन्छ । समग्रमा भन्ने हो भने मानवले आफ्नो आवस्यकता परिपुर्ति, जीवनलाइ अर्थपुण बनाउन जटिल परिसिथितिमा समायोजन हुन सक्ने विभिन्न सन्दर्भहरुको विकास गरेको छ ।      संस्कृति यस्तो समस्त जतिलता हो जसमा ज्ञान, विज्ञान, कला नैतिकता, कानुन, प्रथा, परम्परा तथा अन्य यस्तै गुणहरु संलग्न हुन्छन् जसलाई समुदायको सदस्यका हैसियतले मानिसले आर्जन गर्दछ **(Tylor, 1991)** ।

संस्कृति मानव निर्मित कार्य हो, जसबाट उसले आफ्नो लक्ष्य प्राप्त गर्दछ **(Malinowski, 1998)** । अर्थात संस्कृति मानिसको जीवन पद्धतिको तरिका हो जसलाई मानिसले निर्माण गरेको हुन्छ । जव संस्कृति मानिसले निर्माण गर्न सक्दछ तव मानिसले आफ्ना लागि निर्माण गर्दछ । जुन समय अन्तरालमा परिवर्तन हुनु स्वभाविक मानिन्छ । अर्थात संस्कृति मानिसले आफ्नो जीवनपद्धति संचालनको क्रममा आफ्नो सहजताको लागि अवलम्वन गरिको हुन्छ ।

समाज सामाजिक अर्न्तसम्वन्धको जालो हो **(Maciver and Page, 1996)** । समाज सामाजिक व्यवस्था भित्रका एकाइहरु वीचको अर्न्तसम्वन्धको स्वरुप हो । यो अमुर्त प्रकृतिको हुन्छ । सामाजिक व्यवस्थाका प्रत्येक एकाइहरु अर्थात समाजमा ब्यत्तिहरु वा समुह तथा समुदायहरु एक अर्कामा अर्न्तसम्वन्धित रहेका हुन्छन् । एक अर्कामा कृया प्रतिकृया गर्दछन् । सहयोग, प्रतिस्पर्धा तथा संघर्ष जस्ता पक्ष पनि यहि समाजमा हुने गर्दछन् । यसैले समाज एउटा अमुर्त अवधारणा हो, अर्थात सामाजिक सम्वन्धको संजाल हो जहाँ समाजका अनेकौं एकाइहरु एक अर्काप्रति अर्न्तसम्वन्धित भएर कार्य गर्दछन् ।

यसै सम्वन्धमा **( Parsons, 1953)** ले भनेकाछन्-" समाजलाई मानविय सम्वन्ध अथवा त्यसको समग्र जटिलताको रुपमा परिभाषा गर्न सकिन्छ जुन साधन र साध्यको सम्वन्धद्धारा जुन यथार्थ र प्रतिकात्मक जे जस्ता कृयाको फलस्वरुप उत्पन्न हुन्छ"।

निश्चित भु-भाग भित्रको मानिसका अर्न्तकृया र सांस्कृतिक आदान प्रदान नै समाज हो **( Macionis, 1997)** । समाजमा ब्यत्तिहरुको समुह मात्रै हुनु समाज होइन बरु ब्यत्ति विच हुने अर्न्तकृयाहरु मुल्यगत ढाँचाहरु बाट स्थापित हुने अर्न्तसम्वन्ध तथा अर्न्तकृयालाइ समाज मान्न सकिन्छ ।

मानविय सम्वन्धमा परिवर्तन आउनु नै सामाजिक परिवर्तन हो **(Maciver and Page 1996)**। यस्तो परिवर्तन सामाजिक संरचनामा परिवर्तन आएपछि देखिने गर्दछ ॥ सामाजिक संगठन वा संस्था जस्तो विवाह, परिवार, नाता, सम्वन्ध, आर्थिक संगठन, राजनैतिक ढाँचा, उत्पादनको तरिका आदिमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भन्न सकिन्छ। यस क्रममा कतिपय नयाँ अवस्थाहरु र तरिकाहरु वा मान्यताहरुको विकास हुन्छन् भने कतिपय अवस्थामा सामाजिक रुपान्तरण हुन्छ । जब सामाजिक रुपान्तरण हुन्छ तब सामाजिक दृष्टिकोण, मान्यता, पद र भुमिका, बानिव्यहोरा आदिमा परिवर्तन आँउछ । यि विभिन्न प्रकृया तब मात्र सम्भव छ जव समाजमा मानविय सम्बन्धमा परिवर्तन आउँछ ।

सांस्कृतिक परिवर्तन संस्कृतिका सवै पक्ष जस्तो कला, विज्ञान, प्रविधि, दर्शन आदिमा आउने परिवर्तन सांस्कृतिक परिवर्तन हो, यसका साथै सामाजिक संगठनको नियम र स्वरुपमा परिवर्तन आउनुलाई पनि सांस्कृतिक भनिन्छ **( Davis and Moore, 1945)** । मानिसको सिङ्गो जीवन पद्धतिको तरिका नै संस्कृति हो । यसले खासगरि सामाजिक मुल्य मान्यता, परम्परा, भाषा, कला, संस्कृति, भषभुषा, प्रविधि उत्पादनको तरिका, कानुन, नैतिक पक्ष, सोचाइ दृष्टिकोणमा आउने परिवर्तनलाइ सांस्कृतिक परिवर्तन भन्न सकिन्छ ।

समाज जंगली अवस्था, वर्वर अवस्था सभ्य अवस्थामा परिणत हुँदै अगाडी बढ्दा धर्म, संस्कृति, परम्परा, प्रविधि आदिमा विस्तारै परिवर्तन आउँदै जान्छ। यस क्रममा संस्कृति बढि जटिल बन्दै जान्छ । जंगली उत्पादन प्रणाली र सामाजिक मान्यतामा औधोगिक विकास र नयाँ नयाँ सभ्यताको विकास हुन्छ । यस क्रममा प्रारम्भिक समाज क्रमसंग आत्मवाद, वहुदेवतावाद तथा एकदेवतावादमा परिणत हुँदै अगाडी बढेको हुन्छ **( Tylor, 1991)**।

सामाजिक सांस्कृतिक अवस्थामा परिवर्तन हुने भन्ने कुरा समानको क्रमिक जटिलतासंगै मानिसले स्रोत र साधनमा पहुँच बढाउन खोज्दछ। नयाँ नयाँ तरिका वा प्रविधिको विकास गर्दछ। यसबाट चालु सामाजिक, आर्थिक धरातलमा ठूलै परिवर्तन आउन सक्दछ । मानिसले बाँच्नका

लागि स्रोतको उपभोग गर्ने क्रममा नै विभिन्न सांस्कृतिक प्रतिमा, मान्यता र व्यवहारको विकास हुन सक्दछ । जसबाट सिंगो सामाजिक व्यवस्था प्रभावित हुन्छ **( White,1988)।**

वर्ग संघर्षको सिद्धान्तबाट सामाजिक व्यवस्थाको रुपमा परिवर्तन आउने गर्दछ । जस अनुसार समाजमा परस्पर विरोधी वर्गहरु विच आ-आफ्नो स्वार्थलाई आधार बनाएर सामाजिक संघर्षको स्थिती उत्पन्न रहन्छ । यस अर्न्तगत मजदुर वा गरिखाने वर्ग र पूँजीपति सामन्त वा शोषक वर्गहरु वीच उत्पादन प्रक्रिया, उत्पादनको उपभोगको सम्वन्धमा उत्पादनका साधनहरुमाथिको स्वामित्वका सम्वन्धमा सामाजिक द्वन्द्व वर्गिय आधारमा हुने गर्दछ । मार्क्सले पूँजीवादी उत्पादन पद्धति र यसले समाजमा पारेको नकारात्मक प्रभावका सम्बन्धमा विश्लेषण गरी पूँजीवादी उत्पादन व्यवस्थामा उत्पन्न हुने शोषणका बारेमा प्रष्ट पारेका छन् । जब उत्पादनको तरिका मान्यता र प्रक्रियामा परिवर्तन आउँदछ तब सामाजिक संरचना भित्रका अन्य इकाइ र उपइकाइहरुको कार्यप्रणालीमा परिवर्तन आउँदछ **( Marx and Engles, 1977) ।**

प्रविधिको विकासले समाजको परम्परागत उत्पादन ढाँचामा व्यापक परिवर्तन ल्याउँदछ यसवाट समाज आधुनिक बन्दै जान्छ । यस क्रममा समाजको भौतिक र अभौतिक पक्ष दुवैमा परिवर्तन आउँदछ । जव जव विभिन्न पविधिको विकास र विस्तार हुन्छ । तव तव प्राकृतिक स्रोत र साधनमाथिको मानविय पहुँचमा वृद्धि हुँदै जान्छ । जसले गर्दा सिङ्गो उत्पादन प्रणालीमा आधुनिकतामा अधिकता आउँन सक्छ **( Smelser,1998)।**

सामाजिक सांस्कृतिक परिवर्तनको प्रमुख वाहक आर्थिक पक्ष नै हो । १९ औ शताव्दीको मध्यतिर प्रविधिको विकासले तत्कालिन सामाजिक जीवनमा प्रतक्ष तथा अप्रतक्षरुपमा प्रभाव पारेको देखिन्छ । जुनबेला औधोगिक क्रान्तिले गर्दा प्रत्येक क्षेत्रमा उत्पादन बढाउन कुशल प्रविधिको विकास गर्न थाले । यस क्रममा विकास भएका मेसिन तथा अन्य प्रविधिका कारण उत्पादनमा व्यापकता आयो । अर्कोतिर श्रमशक्ति पूर्णश्रम विभाजनमा आवद्ध भयो । पूँजीपतिहरुले अत्यधिक मुनाफा आर्जन गर्ने चोचको कारणले श्रमिकलाई उचित ज्याला दिइएन् । सोहीकारण वर्गिय चेतनाको अधिवृद्धि हुँदै सामाजिक व्यवस्थामा थुप्रै असन्तुलनहरु देखिए । पूँजीपति र मजदुरहरुको आर्थिक सम्वन्धको कारण समाजमा विभिन्न परिवर्तनहरु भए **(Marx and Engles, 1977) ।**

पर्यावरणीय संस्कृति विकासको निर्धारक तत्व हो, जुन पर्यावरणिय समायोजनमा आधारित छ । भारतीय उपमहाद्धिपमा गाइको पूजा गर्ने र संरक्षण गर्ने संस्कृतिको विकासमा त्यहाँको असमतल भौगोलिक अवस्थामा गोरुको प्रयोगवाट जोताइ कार्य गर्ने भन्ने तर्क राखेको पाइन्छ । यस वाहेक गाईबाट मलखाद, गोवरलाई इन्धनको रुपमा प्रयोग गर्न सकिने, दुध दहिको प्रयोग आदि फाइदालाई बचाउन गाईलाई संरक्षण गर्नु पर्ने हुन्छ **(Harris, 1968)** ।

धर्म संस्कृति वसोवासको प्रकृति अर्थतन्त्रको ढाँचा आदि पक्षमा पर्यावरणिय पक्ष नै प्रमुख कारकतत्व रहेको हुन्छ, जुन पर्यावरणि दृष्टिमा समुदायको समायोजन संग प्रत्यक्ष अर्न्तसम्वन्धित छ । यस्ता पर्यावरणजन्य प्रभावले सिंगो सामाजिक व्यवस्थामा परिवर्तन ल्याउदछ । मानिसको व्यवहार, नेतृत्व, वंशाणुगत हकको नियम लवाइखुवाइ आदिमा पर्यावरणको प्रभाव पर्दछ । यसरी प्रभाव पर्नुको आशय के हो भन्ने विषयमा परिस्थितिमा घुलमिल हुनु र जीवन शैलिलाइ बढि अनुकुल वनाउन समायोजनको प्रकृया चल्दछ । यसैवाट सांस्कृतिक परिवर्तन हुन्छ **(Steward, 1958)** ।

## २.२ विगतका अध्ययनहरुको पुनरावलोकन

नेपाली समाज र संस्कृतिको इतिहास धेरै नै लामो छ । एकातिर नेपालको इतिहास विभिन्न भागमा विभाजित छ भने अर्कोतिर समाज र संस्कृति पनि विविधताले भरिएको स्पष्ट देखिन्छ । नेपाली समाजको सामाजिक सांस्कृतिक धार्मिक भौगोलिक आर्थिक क्षेत्रिय विविधता सम्पूर्ण नेपाली एवं विदेशीहरुको लागि रोचक विषय बनेको छ ।

नेपाल समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणले अध्ययन र अनुसन्धानको निम्ति स्वग नै मानिन्छ (विष्ट, १९७२) । नेपालमा आफ्नोपनको लोक संस्कृतिको अमुल्य क्षेत्र रहेको छ र त्यसको वाहुल्यता पनि नेपाली लोक संस्कृतिको अन्वेषण केन्द्र तथा नीति अनुसन्धान कर्ताहरुको अन्वेषण केन्द्र बन्न पुगेको छ । नेपाली संस्कृति, त्यसैले नेपाली जनजीवन र लोक संस्कृतिका विषयमा विश्वको जिज्ञासा अत्यधिक मात्रामा अभिवृद्धि हुनु स्वभाविक कुरो हो (जोशी, २०२७) ।

नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन भएको धेरै भएको छैन । केही विदेशी विद्धानहरुबाट २००७ साल अगाडी केही अध्ययन र अनुसन्धान गएका पाइन्छ । तर तिनीहरुले गरेको अध्ययन जातिगत थिएन भनिन्छ । ती विद्धानहरु कुनै अध्ययनको लागि नेपाल नआएर घुम्न वा धर्म प्रचार तथा प्रसारका लागि आएका थिए । नेपालमा समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन तथा अनुसन्धानको व्यापक थालनी २००७ सालको राजनैतिक परिवर्तनबाट विदेशीहरुको सम्पर्क खुल्ला गरिए पश्चात मात्र भएको देखिन्छ ।

२००७ साल पछि कयौ स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुले नेपालमा जाति तथा जनजातिको सामान्य परिचय, सामाजिक सांस्कृतिक एवं आर्थिक अवस्थाको रुपरेखा प्रस्तुत गरेका छन् । संभवत धेरै जात तथा जातिहरुको विभिन्न अवस्थाहरुको बारेमा वर्णन गरिएको र समाजशास्त्र तथा मानवशास्त्रको दृष्टिकोणले महत्वपूर्ण मानिएको नेपालको पहिलो पुस्तक (

विष्ट, १९७२) को पिपुल अफ नेपाल नै हो । यसमा उनले नेपालका जाति तथा जनजातिहरुको जीवन पद्धति बारे प्रकाश पारेका छन् ।

नेपालका थारु जातिका उत्पत्तिका सम्बन्धमा विभिन्न प्रकारका राय पाइन्छ । केहि विद्धानहरुले थारुहरुलाई शाक्य वंशसंग सम्बन्धित गरि यिनिहरुको उत्पत्ति नेपाल भित्र नै भएको बताउँदछन् भने राना थारुहरुले आफुहरुलाई राजपुत भन्दछन् । भारतमा मुगलबाट राजपुत पराजित भएपछि तिनिहरुका पत्निहरु नोकरहरुलाई लिएर नेपालको तराई प्रवेश गरे उनिहरुका पतिहरुलाई त्यहि लडाईमा मारियो । त्यसैले ति महिलाहरु आफ्ना नोकरहरुलाई नै पति बनाएर बस्न बाध्य भए । यिनै राजपुत महिलाहरुले नोकर वाट जन्माएको सन्तान नै थारु भए भन्ने किम्बदन्ती रहेको छ । त्यस्तै कसैले थारुहरु भारतको थार मरुभुमी वाट आएको उल्लेख गरेका छन भने कसैले थरथर काम्ने जाति भएकाले तिनलाई थारु भनिएको बताउँदछन् । त्यस्तै अर्को विचार अनुशार दारु खाने जाति भएकाले दारु वाट अपभ्रंश हुँदै गएर थारु शब्द बनेको भनिन्छ ( अधिकारी,२०५६) ।

प्राचिन भारतको बज्जीगन राज्य ( आजको विहार राज्यको चम्पारन, भजफरपुर र दरभंगा जिल्ला समाबेस भएका) वाट विस्थापित भै नेपालको जंगलमा प्रवेश गरेका थिए । त्यस्तै गरि अर्को मत अनुशार भगवान बुद्धको पिता शुद्धोधनको दरबार भएको ठाउँ तिलौराकोटको वरिपरि धनाथारु बस्ती भएकोले सुद्धोधन पनि थारु जातिको हुन सक्ने वा थारु जाति सुद्धोधनका सन्तती हुन सक्ने अनुमान लुम्वीनीको खोज गर्ने विद्धानहरुले ब्यक्त गरेका छन् ।(भट्टराई २०६०)

थारु जातिको उत्पत्तिको वारेमा विभिन्न विचारहरु भएतापनि वैज्ञानिक रुपले गरिएको अनुसन्धानको आधारमा थारुहरु मंगोलियन समुदायका नै हुन् । उनिहरुको रुपरङ्ग केवल जलवायु प्रभावित भएको मात्र हो ( रेग्मी, २०३५) ।

डोर बहादुर बिष्ट (२०४२) ले थारु जातिको थरलाई प्रधान र अप्रधान गरि २ भागमा विभाजन गरेका छन् । जसमा प्रधान श्रेष्ठ कहलाउदछन् । प्रधान थारुमा ६ प्रकारका थर र अप्रधान थारुमा २६ प्रकारका थर छन् । यसरी प्रधान र अप्रधान गरि जम्मा ३२ थर रहेका छन् ।

नेपालको तराई प्रदेशमा पूर्व मेची देखि पश्चिम महाकाली सम्म र पहाडी क्षेत्रका उपत्यकाहरु दाङ्ग, सुर्खेत, उदयपुर, चितवन लगायतका भित्री मधेशमा पर्ने ७ जिल्लाहरु र तराई प्रदेशमा पर्ने अन्य १५ जिल्लाहरुमा थारु जातिको बसोवास छ । थारु जातिको वर्ण-वैश्य, गोत्र-कश्यव, धर्म हिन्दु, बौद्ध, मात्री भाषा- थारु, पेशा- कृषि र पशुपालन, बसोवास देश नेपाल र भारत ( चौधरी, २०५५) ।

नेपालको पूर्व मेचि देखि पश्चिम माहाकाली सम्म बसोबास गर्ने थारु जातिका उत्पत्तिको कुरा अझै पनि रहस्यमय छ । कति विद्धानहरु यो जातिको पुर्खा मंगोलियन मान्दछन् भने कतिले राजपुत वंशज मान्दछन् ( ढुङ्गाना, २०५० ) ।

## २.२.१ सामाजिक निरन्तरता र परिवर्तन

थारुहरुको जीवन र संकार बारे नेपाली भाषामा बढी साहित्य पुस्तक सामाग्रीहरु उपलब्ध देखिदैन । तर पनि जे जति लेख रचना पुस्तक आदि नेपाली थारुहरुको बारेमा छापिएका, लेखिएका छन् । त्यसले अवश्य नै अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याएको छ । थारु जातिको विषयमा केही विद्धानहरु अनुसन्धानकर्ताहरु आदिले आफ्नो लेख, रचना आदि प्रकाशित गरेका छन् ।

थारु जातिको संस्कृति तथा भाषिक परंपरा उत्तर भारतमा बसोवास गर्ने मानिसहरुको सामिप्य र प्रवेशले गर्दा प्रभावित भएको पाइन्छ । थारु जाति संयुक्त परिवारमा बस्दछन् । उनिहरुको एउटा मुख्य प्रवृत्ति परिवारका सदस्यहरुमा श्रेणवद्ध सम्बन्ध हुन्छ । बाबुको मृत्यु पछि जेठो छोरा परिवारको मुख्य व्यक्तिको रुपमा स्थापित हुन्छ (विष्ट १९९४: ६९-७०)

## २.२.२ आर्थिक निरन्तरता र परिवर्तन

थारुहरु सिकर्मीको काम आँफै गर्दछन् । तेल पनि आँफै बनाउदछन् । खेति नै थारुहरुको एक मात्र ब्यावसाय हो । खेतिको कार्यमा थारु जत्तिको परिश्रमी अरु कमै हुन्छन् । एउटा हलोको लागि उनिहरु ३ जोडा गोरु राख्दछन् । थारुहरु माछा मार्न पनि ज्यादै मन पराउदछन् । थारुहरु प्राय घरमा बसेको समयमा त्यसै निष्कृय बस्दैनन् । उनिहरु केहि न केहि काम गरिरहेकै हुन्छन् । थारुहरुले बर्खे बाली र हिउँदे बाली लगाउदछन् । बर्खे बालीमा धान र सनपाटको खेति लगाउदछन् भने हिउँदेबालीमा चना, मुसुरो, केराउ र गहुँ लगाउँदछन् । थारुहरुले भर्खरभर्खर आधुनिक तरिकाबाट खेति गर्न थालेका देखिन्छन् । थारुहरुको आर्थिक अवस्था अधिकांशरुपमा दयनिय नै देखिन्छ । पाहुनाको सत्कारमा बढि खर्च , जाँड रक्सीको बढी प्रयोग, पुरानै ढंगमा खेति गर्ने प्रणाली, खेति मात्र एक मुख्य पेशा आदि कारणले थारु जातिको आर्थिक अवस्थामा सुधार भएको देखिँदैन (शर्मा २०४४) ।

थारुहरु मुख्यतथा खेति र पशुपालन बाट नै जीविका गर्दछन् । आजकाल केहि थारुहरु ब्यापार र सरकारी नोकरीकमा संलग्न भएको पाइन्छ । यस समुदायमा संस्कार संचालन, निर्माण

कार्य, खेति र पर्वका काममा सहयोग पुर्‍याउने गुठीजस्तो कचहरी नामक संगठनको परंम्परा छ ( पाँडे, २०४५) ।

## २.२.३ सांस्कृतिक निरन्तरता र परिवर्तन

नेपाल बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक मुलुक हो । यहाँ बसोबास गर्ने विभिन्न जातजातिहरु मध्ये सांस्कृतिक रुपले महत्वपूर्ण मानिने र आदिवासीका रुपमा चिनिने थारु जातिको पनि परम्परा रीतिरिवाज, धर्म, भाषा, भेषभूषा, संस्कृति आदि फरक फरक किसिमको पाइन्छ । यि थारु जाति पूर्व मेची देखि पश्चिम महाकाली सम्मको नेपालको खोच, बेसि, दुन, उपत्यकाका २३ भन्दा बढी जिल्लामा बसोबास गर्दछन् । नेपालको तराई भागमा थारुहरु सबैजात भन्दा बढी छन् ( पन्त, २०५६) ।


थारु जातिको उल्लेख गर्दा सर्वप्रथम लेखकले इब्राहिम गिर्यसनलाई नै धन्यवाद दिने गरेको छ । यतिमात्र होइन अरु किराँतहरुको बारेमा पनि गिर्यसनकै भाषा विज्ञानलाई अगाडी सारेर लेख्ने गरेको छन् । त्यसपछि कुक, एडवार्ड, जे.टाइम्स आदि पश्चातका विद्धानहरुले पनि थारु र थारु रीतिरिवाज, भाषा, रहनसहन र भर्म संस्कृतिबारे प्रकाश  पारेका छन् । त्यसैले किराँत क्षेत्रिय थारुहरुलाई पनि विदेशीहरुले मंगोल वा तिब्बती, बर्मिन आदि शब्दले फुट पार्ने प्रयास गरेका छन् ( प्रपन्नाचार्य, २०५७) ।

थारु जातिमा सबै स्थानको भाषा एकै किसिमको पाइदैन । पश्चिम थारुमा अवधि भाषा, मध्य भागका थारुमा भोजपुरी र पूर्वी भागमा थारुमा मैथली भाषाको प्रभाव रहेको छ (धिताल, २०४४) ।

विभिन्न विद्धानहरुले नेपालको तराई तथा भित्री मधेस क्षेत्रमा बसोबास गर्ने आदिवासी थारु जातिको उत्पत्ति, बसोवास , सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा विभिन्न अध्ययन, अनुसन्धान तथा सोध कार्य गरि प्रकाश पार्ने जमर्को गरेतापनि समाजशास्त्रीय दृष्टिकोणले उनिहरुको सामाजिक तथा आर्थिक अवस्था बारे गहन अध्ययन भएको पाइदैन । तसर्थ थारुहरुका विषयमा विभिन्न विद्धानहरुबाट लेखिएका लेख, अनुसन्धान तथा कृतिहरु नै भएपनि हाम्रो अध्ययनका लागि सहयोगी हुन सक्दछन् । तर पनि हाम्रो अध्ययनको विषयवस्तुलाई समेटेर लेखिएको कृतिहरु कमै भएकोले र थारु जातिको विषयमा अझै थप अनुसन्धान एवं विचार गर्न आवश्यक भएकोले उपरोक्त प्रकाशनहरु हाम्रा अध्ययनमा सहायक सामाग्रीका रुपमा प्रयोग भएपनि बछौली गा.वि.स.का थारुहरुको आफ्नै मौलिक पक्ष माथि विशेष ध्यान दिइनेछ ।

## २.३ प्रस्तुत अध्ययनको अवधारणात्मक रुपरेखा

यस शोध कार्यलाई पूर्ण रुप दिनको लागि निम्न लिखित ढाँचामा अध्ययन गर्ने अवधारणा बनाई अध्ययन गरिएको छ ।




उपयुक्त उल्लेखित कुराहरुको कारणबाट थारु समुदायको परसंस्कृतिकरण, आत्मसातकरण, थारुहरुको अनुकुलन, रणनिति जसले गर्दा यस समुदायको मिश्रित सांस्कृतिक विशेषता र थारुहरुको वर्तमान साँस्कृतिक ढाँचाको बारेमा अध्ययन गरिएको छ ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

यस अध्ययन अर्न्तगत अध्ययनलाई विश्वसनीय तथा भरपर्दो किसिमले निष्कर्षमा पुग्नको लागि आवश्यक अनुसन्धान प्रविधिहरुको बारेमा उल्लेख गरिएको छ । अध्ययन क्षेत्रको छनौट गर्दा अपनाइएका विविध विधि, अध्ययन क्षेत्रमा आइपरेका कठिनाइहरु, अध्ययनको सिलसिलामा कुन कुन प्रविधि अपनाइयो र कस्ता कस्ता किसिमको तथ्याङ्क संकलन गरियो त्यस विषयको वर्णन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौट

नेपालको मध्यमाञ्चल विकास क्षेत्र, नारायणी अञ्चल चितवन जिल्लाको बछौली गा.वि.स.मा थारुहरुको घनावस्ती भएकोले अध्ययन क्षेत्रको रुपमा लिइएको छ । थारु जाति काठमाडौं उपत्यका र तराईका जिल्लाहरुमा बसोबास गरेतापनि यिनीहरुको रहनसहन, सामाजिक अवस्था तथा  आर्थिक अवस्था पुरानै छ । तसर्थ उक्त गा.वि.स.मा रहेका थारुहरुलाइ थारु जातिको प्रतिनिधित्व हुने गरी छनौट गरिएको हो । यस अध्ययनका लागि क्षेत्र रोज्ने क्रममा चितवन जिल्ला बछौली गा.वि.स.लाई लिनुको मुख्य कारणहरु यस प्रकार रहेका छन्:

(१) यस चितवन जिल्ला बछौली गा.वि.स.मा यसभन्दा अगाडी यस विषयमा कसैले पनि अध्ययन गरेको नपाइएकोले ।

(२) यो क्षेत्र चितवन जिल्ला भएर पनि यहाँ बसोबास गर्ने थारु जाति अन्य जातिहरु भन्दा फरक जीवन पद्धतिमा बाचिरहेका हुनाले ।

(३) शोधकर्ताको स्थायी बसोबास पनि बछौली गा.वि.स.मै भएकोले र थारु समुदाय रुचीको विषय भएकोले ।

(४) शोधकर्ता स्वयं अध्ययन क्षेत्रको बासिन्दा पनि रहेको हुनाले समय, खर्च तथा अन्य सम्पूर्ण कुराहरु अध्ययन गर्दा सहुलियत तथा सजिलो पनि हुने हुनाले नै चितवन जिल्ला बछौली गा.वि.स.का थारु जातिलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन चितवन जिल्ला बछौली गा.वि.स.मा रहेका थारुहरुको सामाजिक,सांस्कृतिक तथा आर्थिक अवस्था आर्थिक अवस्थाको विविध पक्षहरुमा केन्द्रित रही वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ । मुख्यत: गुणात्मक तथ्यहरुलाई आधार मानी विवरणात्मक शैलीमा थारु जातिहरुका सामाजिक साँस्कृतिक एवं आर्थिक पक्षहरुको अध्ययन तथा अनुसन्धान गरिएको छ ।

## ३.३ तथ्याङ्क प्रकृति र स्रोतहरु

प्रथमिक तथा द्वितीय दुवै तथ्याङ्कहरु यस अध्ययनमा प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कहरु स्थलगत अध्ययनबाट प्राप्त गरिएको छ भने द्वितिय तथ्याङ्कहरु सम्बन्धित पुस्तक, पत्रपत्रिका तथा पूर्व अध्ययन प्रतिवेदनहरुबाट लिइएको छ ।

### ३.३.१ प्राथमिक श्रोत

प्राथमिक श्रोतमा प्राय गरेर अर्न्तवार्ता, मुख्य व्यक्तिहरुसंगको अर्न्तवार्ता, अर्धसहभागि अवलोकन र घरधुरि सर्वेक्षणको माध्यम वाट तथ्याङक संकलन गरिएको छ । जसवाट उमेर लिङ्गको आधारमा जनसांख्कि विवरण, शैक्षिक स्थिति, आर्थिक स्थिति र पेशा ब्यावसाय आदिको संकलन गरिएको छ ।

### ३.३.२ द्वितीय श्रोत

द्वितीय श्रोतमा थारु जातिसंग सम्वन्धित पुस्तक, पत्रपत्रिका, अप्रकाशित शोधग्रन्थ आदि लगायत अन्य विभिद श्रोतहरु रहेका छन् । जस वाट थारु जातिको उत्पत्ति, विकास, धर्म, संस्कृति, भेषभुषा, रहनसहन र थारु जातिमा वर्तमानमा देखा पर्दै गएका सामाजिक आर्थिक परिवर्तन आदिको तथ्यगत संकलन गरिएको छ । यस का आधारमा तथ्याङकलाई संख्यात्मक तथा गुणात्मक दुवै विधिवाट अध्ययनको क्रममा संकलन गरिएको तथ्याङकलाइ विश्लेषण गरि प्रस्तुत गरिएको छ ।

## ३.४ समग्रता तथा नमुना विधि

यो अध्ययन क्षेत्र चितवन जिल्ला बछौली गाविस वडा नं. ८ र ९ का १४४ घरधुरी परिवारको नामावली तयार पारेर उक्त जनसंख्याको २५ प्रतिशतले हुन आउने ३६ घर परिवारलाइ साधारण नमुना विधिको चिठ्ठा प्रणालीको सहायता लिई छनोट गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

तथ्याङ्क संकलनको लागि निम्न किसिमका विधिहरु अपनाइएको छ ।

### १) अवलोकन

समाजशास्त्रीय अध्ययनको लागि अवलोकन विधि तथ्याङक संकलनको एक प्रमुख विधि हो । यस विधि वाट थारु जातिको सामाजिक अवस्थाका साथै अन्य पक्षहरु भेषभुषा, पोशाक, लागाइ खुवाई , रहनसहन, बोलीचाली आदिका बारेमा विभिन्न तथ्याङक संकलन गरिएको छ । थारु जातिको विभिन्न सामाजिक संस्कारमा अनुसन्धान कर्ता आफैं बेलाबखत छिटपुट रुपमा सहभागि भइ गाउँमा घटेका घटना र अर्न्तकृयाहरु अवलोकन गरि तथ्याङक संकलन गरिएको छ । त्यस्तै गरि थारुहरुको सामाजिक तथा सांस्कृतिक जीवनको अन्य विविध पक्षहरुको अवलोकन गरिएको छ जसबाट सत्यतथ्य कुरा पत्ता लगाइएको छ ।

### २) अर्न्तवार्ता

थारु जातिको बारेमा अवलोकन, मुख्य ब्यक्तिहरु संग अर्न्तवार्ता वाट प्राप्त हुन नसकेका तथ्याङकहरु संकलनका लागि यस विधिको प्रयोग गरिएको छ । यस प्रविधि वाट मुख्य गरेर जनसंख्या विवरण, आर्थिक श्रोत, आय, शिक्षा र धार्मिक तथ्याङकहरु प्राप्त गर्नका लागि प्रयोग गरिएको छ । थारुहरुको बछौली गा.वि.स.मा ऐतिहासिक, सामाजिक, आर्थिक, साँस्कृतिक जस्ता विविध पक्षहरुको अध्ययन गर्न अर्ध-संरचनागत प्रश्नहरुद्वारा अर्न्तवार्ता लिइएको छ (अनुसूची) ।

### ३)मुख्य ब्यक्तिहरुसंग अर्न्तवार्ता

अध्ययनको क्रममा कुनै पनि कुराको बारेमा अध्ययन गर्दा एउटै किसिमको मात्र तथ्याङक संकलन विधि उपयुक्त हुँदैन । विभिन्न किसिम वाट छुट्टा छुट्टै तथ्याङक संकलन गर्दा बढी भरपर्दो हुने भएकोले प्राथमिक श्रोत र द्धितीय तथ्याङक संकलन गर्दा थारु जातिको उत्पति, विकास धर्म संस्कृति वारे विशेष जानकारी भएका मुख्य ब्यक्तिहरु संग विभिन्न विषयमा अर्न्तवार्ता लिई तथ्याङक संकलन गरिएको छ । यसमा खास गरि थारु जातिको उत्पति, विकास, धर्म संस्कृति सामाजिक संस्कारहरु, रहनसहन, भेषभुषा, आर्थिक तथा सामाजिक शैक्षिक स्थितिमा देखा पर्दै आएको परिवर्तन आदि जस्ता विभिद विषयमा केन्द्रित रहेर अर्न्तवार्ता लिइएको छ । मुख्य ब्यक्तिहरुमा सामाजिक कार्यकर्ता, राजनैतिक कार्यकर्ता, थारु जातिका समाज र संस्कृतिका बारेमा जानकार बुद्धाहरु, शिक्षक आदि रहेका थिए ।

## ३.६ तथ्याङ्कको प्रस्तुतीकरण एवम् विश्लेषण

तथ्याङ्क स्रकलनका क्रममा प्राथमिक र द्वितिय स्रोतको आधारमा संकलन गरिएका तथ्याङ्कहरुलाई सर्तकताका साथ तालिकाबद्ध गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरुलाई आवश्यकता अनुसार प्रतिशतको माध्यमबाट व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ। यसरी विभिन्न प्रकृतिको तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिका, चार्ट डायग्राम आदि बनाई सांख्यिकीय विधि प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ।

## ३.७ अध्ययनको सीमा

अनुसन्धान कार्य एउटा निशिचित परिधि भित्र अर्थात एउटा सिमा भित्र रहेर गरिने कार्य भएको हुँदा अनुसन्धान कार्यको मुल्य मान्यता पनि निश्चित रुपमा रहेका हुन्छन् । अध्ययनको लागि बनाइएको योजना अनुसार कार्य संचालन गर्नु पर्ने हुन्छ । अध्ययन अनुसन्धान कार्यका पनि निशिचित सिमा भित्र मात्र यसको परिणाम र निष्कर्षहरु मान्य हुन्छन् ।

अध्ययनका क्रममा सीमित समय र आर्थिक स्रोतको सीमा भित्र रही अनुसन्धान गर्नुपर्ने भएकोले एउटा बछौली गा.वि.स. लाई मात्रै अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । यसका आफ्नै सीमाहरु छन् जुन यस प्रकार छन्:

१. यो अध्ययन थारु जातिमा आधारित रहेको हुनाले यसले अन्य जनजातिको विविध अवस्थालाई नझल्काउन पनि सक्छ ।

२. यो अध्ययन केवल चितवन जिल्ला बछौली गा.वि.स.मा बसोबास गर्ने थारु जातिको भएकोले यस अनुसन्धानको परिणामले सम्पूर्ण थारु जातिको सामाजिक, सास्कतिक, तथा आर्थिक अवस्थालाई सुल्झाउन नसक्ला किनकि कुनै पनि स्थानमा बसोवास गर्ने थारु जातिसग नमिल्न पनि सक्छ ।

३ यो अध्ययन तथा अनुसन्धान छोटो समय र नगन्य खर्चमा गरिने हुनाले यसले सम्पुर्ण पछहरुलाई नसमेट्न तथा सुक्ष्म अध्यया नभएको पनि हुन सक्छ ।

# अध्याय चार

# अध्ययनमा समेटिएको क्षेत्र र जनसंख्या

## ४.१ चितवन जिल्लाः एक चिनारी

नारायणी अञ्चलमा पर्ने विभिन्न जिल्ला मध्य एक चितवन जिल्ला हो । उक्त जिल्लामा भरतपुर नगरपालिका र रत्ननगर नगरपालिका गरि २ वटा नगरपालिका का साथै अयोध्यापुर, बघौडा, बछौली, भन्डारा, विरेन्द्रनगर, चैनपुर, चन्डिभञ्ज्याङ, दाहाखानी, दारेचोक, दिब्यनगर, फुलवारी, गर्दी, गितानगर, गुन्जानगर, जगतपुर, जुटपानी, कविलास, कल्याणपुर, कठार, काउले, खैरहनी, कोराक, कुमरोज, लोथर, मगंलपुर, मेघौली, नारायणपुर, पदमपुर, पञ्चकन्या, पार्वतिपुर, पटिहानी, पिप्ले, पिठूवा, सक्तिखोर, सारदानगर, सिवनगर, सुक्रनगर, सिद्धी गरि ३८ गाविसहरु रहेका छन् । चितवन जिल्ला विकासको दृष्टीकोणले नेपालका विभिन्न विकसित जिल्लाहरु मध्ये एक हो । भरतपुर चितवन जिल्लाको सदरमुकाम हो । चितवन राष्टिय निकुञ्ज र चर्चित पर्यटकिय क्षेत्र सौराहा पनि यसै जिल्लामा पर्दछ । चितवन जिल्ला पर्यटकिय दृष्टिकोणले उपयुक्त गन्तब्य मानिएको जिल्ला हो । विश्वमा नै दुर्लभ मानिएको एक सिंगे गैडा पनि यसै जिल्लामा पाइन्छ । जसको कारणले बर्सेनि यस जिल्लामा हजारौ स्वदेशी तथा विदेशी पर्यटकहरु आउने गर्दछन् । यस जिल्लाको प्रमुख तिर्थस्थल देवघाट हो जहाँ बर्सेनि कयौ देशी तथा विदेशी तिर्थयात्रीहरु आउने गर्दछन् । स्वास्थ्यका दृर्षटिकाणले पनि यो जिल्ला अगाडि नै देखिन्छ । यस जिल्लामा भरतपुर अस्पताल, चितवन मेडिकल कलेज तथा देशको एक मात्र ठुलो क्यान्सर हस्पिटल लगायत विभन्न अन्य प्राइभेट अस्पताल तथा क्लिनिकहरु रहेका छन् । खाध्यान्नका दृष्टिकोणले पनि यो जिल्ला स्वनिर्भर रहेको छ । यस जिल्ला समथर भु-भाग हुनुका साथै यहाँको माटो पनि उब्जाउ किसिमको रहेको हुनाले खेतिपाति पनि प्रसस्त मात्रामा हुने गरेको पाइन्छ । धान तथा तोरी यहाँको प्रमुख वाली हो । बर्तमान परिपेक्षमा भने विश्व परिभेषमा वढ्दो आधुनिकता संगै खेति योग्य जमीनलाइ मासेर धमाधम घरहरु बनिरहेको छ । जमीनलाई स-साना टुक्रा बनाएर घडेरिको रुपमा बेच्न सके मनग्य पैसा आम्दानि गर्न सकिने हुनाले पनि यस जिल्लामा हाल कतिपय खेतियोग्य जमीन मासेर धमाधम प्लटिङ गरि घडेरिका टुक्राहरु बेच्न राखेको देखिन्छ । उक्त घडेरिहरुमा कुनै खेतिवालि नगरि बाँझो राख्ने गरेको देखिन्छ । सोहि कारणले पनि यस जिल्लाको कुल उत्पादनमा क्रमस ह्रास आइरहेको देखिन्छ ।

## ४.२ बछौली गाविसः संक्षिप्त परिचय

## ४.२.१ भौगोलिक अवस्थिति

भौगोलिक दृष्टीकोणले भु-समथर रहेको बछौली गाविस चितवन जिल्लाको क्षेत्र नं. १ अर्न्तगत पर्दछ । चितवन जिल्लाको पूर्वी भेगमा पर्ने विभिन्न ३८ गा.वि.स. मध्य बछौली गा.वि.स.पनि एक हो । यो गाविस पूर्वमा टडौली देखि पश्चिममा बद्रहनी सम्म पर्दछ । यो गाविसलाई ९ वटा वडामा विभाजन गरिएको छ । नेपालको चर्चित पर्यटकिय क्षेत्र सौरहा पनि यसै गा.वि.स.मा पर्दछ । सिंचाइको प्रमुख स्रोत भएको ढुंग्रे खोलाको साथै र रापति खोला पनि यसै गाविसमा पर्दछ ।  विश्वमा नै दुर्लभ मानिएको एक सिंगे गैंडा लगायत अन्य विभिन्न विभिन्न जिवजन्तु भएको चितवन राष्ट्रिय निकुञ्ज यस गाविसको दक्षिण पश्चिम भेगमा पर्दछ । यस गाविसको स्थानिय ठाउँहरुमा वडा नं. १ मा बद्रहनी, वडा नं. २ मा सौराहा, वडा नं. ३ मा मालपुर, वडा नं. ४ मा मैनाहा, वडा नं. ५ मा दोरङ्गी, वडा नं. ६ मा बछौली, वडा नं. ७ मा जनकौली, वडा नं. ८ मा झुवानी र वडा नं. ९ मा टडौली रहेका छन् । गाविस कार्यालय तथा स्वास्थ्य चौकि यस गाविसको वडा नं. ६ अर्थात बछौलीमा रहेका छन । थारु जातिलाई यस गाविसको आदिवासि जातिको रुपमा चिनिन्छ । सन् १९६० तिर मलेरिया उन्मुलन भएपछि मध्य पहाडि क्षेत्रवाट ब्राहमण क्षेत्री जातका मानिसहरु यस जिल्लामा आएर बसोवास गर्न थालेपछि थारु जनसंख्या संगै अन्य जातका मानिसहरु पनि यस गाविसमा बढ्दै गइरहेका छन् ।

## ४.२.२ हावापानी र वातावरण

यो गा.वि.स. तराई क्षेत्र भित्र पर्ने गा.वि.स. हो । यहाँ समशितोष्ण प्रकारको मनसुनी हावापानी पाइन्छ । यहाँ गर्मीको समयमा अत्यधिक गर्मी र जाडोको समयमा भने शीतलहर सम्म चल्ने गर्दछ। हिउँदमा नगन्य मात्रामा वर्षा भएतापनि वर्षायाममा अत्याधिक वर्षा हुने गर्दछ । वर्षको ३ महिना मंसिर, पुष र माघ अति जाडो भएपनि अन्य महिना अत्यन्त गर्मी हुने गर्दछ । समग्रमा हेर्दा यो क्षेत्र अत्याधिक गर्मि नै बढि हुने गरेको देखिन्छ ।

## ४.२.३ प्राकृतिक सम्पदा

यस स्थानमा चितवन राष्ट्रिय निकुञ्जसंग जोडिएको हुनाले यहाँ यथेष्ट मात्रामा साल, सिसौ, ससित,बकाइनो, चिलाउने, हर्रो, बर्रो, कयर, कदम, धँयरो, क्यामुना, ठोटनी, अमाइरो, सिमल आदि रुखविरुवा पाइन्छ । भने जनावर तथा चराचुरुङ्गीमा गैडा, हात्ती, वनेल, चितुवा, स्याल, पन्याउरो, हरिण, मृग, काग, बकुल्ला, भँगेरो, सुगा, ढुकुर, परेवा, डाँफे मैना, गिद्ध आदि पाइन्छ ।

विश्वमा नै दुर्लभ मानिएको एक सिगें गैडा यस क्षेत्रमा पाइने भएकोले पनि बर्सेनि हजारौ पर्यटकहरु यहाँ आउने गर्दछन् । यस गाविसमा सिंचाइ हुने प्रमुख खोला ढूंग्रे खोला हो । यहि खोला वाट बछौली गाविसको धेरैजसो भू-भागमा सिंचाइ सुविधा पुगेको देखिन्छ । यो गाविसको प्राय जमीन सिंचाइ योग्य छ । जसको कारणले यहाँका कृषकहरुले खेति गर्नका लागि आकाशे पानीको भर परिरहनु पर्दैन ।

## ४.२.४ विकासका पूर्वाधारहरु

यस गाविसमा पहिलेको तुलनामा अहिले यातायातको राम्रो सुविधा छ । गाउँमा ग्रावेल कच्ची वाटोहरुका साथै पिचरोड समेत बनेको छ । यस गाविसको लगभग २५ प्रतिशत बाटोहरुमा पिच गरिएको छ भने बाँकि अन्य बाटोहरुमा बर्सेनि गाविसमा आउने बजेटले भत्कने बिग्रने गरेका बाटोहरुमा ग्रावेल गरिएका छन् । यस गाविसको संपुण स्थानमा टेलिफोन सेवा उपलब्ध छ । साथै यस गाविसमा एनसेल तथा नेपाल टेलिकमको टावर जडान संगै हाल गाविसको सम्पुण स्थानमा मोवाइल सेवा सम्भव भएको छ । यस गाविसमा विगतको तुलनमा हाल राम्रो विकास भएको छ । यस गाविसमा २ मा.वि, १ नि.मा.वि, २ प्रा.वि सरकारी स्कुलहरुका साथै निजी बोडिङहरु २ वटा छन् । यस गाविसमा एउटा सरकारी स्वास्थ्य चौकी रहेको छ । साथै प्राइभेट क्लिनिकहरु र अन्य विभिन्न मेडिकल पसल समेत रहेका छन् । यस गाविसका जनताहरुले यी सरकारी र प्राइभेट क्लिनिकहरुवाट साधारण रोगका उपचार सेवाहरु पाइरहेका छन् । यस गाविसको सम्पूर्ण वडाहरुमा विद्युत सेवा पुगेको छ ।

## ४.२.५ जनसंख्याको बनोट

## क) वडागत आधारमा जनसंख्या

२०५८ सालको जनसंख्या १०४४३ रहेको छ । यसमा पुरुषहरुको संख्या ५१२८ अर्थात ४९.१% र महिलाको संख्या ५३१५ अर्थात ५०.९०% रहेको छ । गा.वि.स.मा जम्मा घर संख्या २३१० रहेको छ । वडागत आधारमा रहेको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १: वडागत आधारमा जनसंख्याको बनौट

| वडा नं | घर संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | १८७ | ३९६ | ४४६ | ८४२ |
| २ | २४५ | ५५४ | ६१८ | ११७२ |
| ३ | १५१ | ३४२ | ४०२ | ७४४ |
| ४ | ३८ | ९३ | ९२ | १८५ |
| ५ | १३८ | ३४२ | ३८४ | ७२६ |
| ६ | ३६७ | ९५९ | ९३८ | १८९७ |
| ७ | २५० | ६८४ | ६४४ | १३२८ |
| ८ | १५९ | ४१७ | ४४९ | ८६६ |
| ९ | ७७५ | १३४१ | १३४२ | २६८३ |
| | २३१० | ५१२८ | ५३१५ | १०४४३ |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग, २०५८

तालिका १ अनुसार यस गा.वि.स.को जम्मा घरधुरी २३१० रहेको छ । यस गाविसमा सवै भन्दा धेरै जनसंख्या वडा नं. ९ मा रहेको छ भने सवै भन्दा कम जनसंख्या वडा नं.१ मा रहेको छ । यस गा.वि.स.मा पहाडबाट मानिसहरु बसाई सर्दै आउने भएकोले पनि जनसंख्या व्यापक रुपमा वृद्धि हुदै गईरहेको छ । यस क्षेत्रमा खेतिपाति राम्रो हुने भएकाले पनि मानिसको आकर्षण बढ्दो छ ।

## ख) उमेर समुह

यस गा.वि.स.मा रहेको जनसंख्यालाई ५ वर्गको अन्तरमा हुनेगरि विभिन्न उमेर समुहमा वर्गिकरण गरिएको छ जसलाई तल निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २: उमेरको आधारमा जनसंख्याको बनौट

| उमेर समुह (बर्षमा) | संख्या | प्रतिशत |
|---|---|---|
| ५ बर्ष भन्दा कम | ११०५ | १०.६ |
| ५-१४ | २७३१ | २६.२ |
| १५-२४ | २३४५ | २२.४ |
| २५-३९ | २२४४ | २१.५ |
| ४०-५९ | १३८४ | १३.३ |
| ६० वा सो भन्दा माथी | ६३४ | ६.० |

स्रोतः केन्द्रीय तथ्याङक विभाग, २०५८

तालिका २ अनुसार कम उमेर समुहको मानिस बाल आश्रित जनसंख्या एक तिहाइ भन्दा बढि अर्थात ३६.८ प्रतिशत रहेको छ जसले यस गाविसको जनसंख्याको तिब्र बृद्धिलाई संकेत गर्दछ भने बृद्ध आश्रित जनसंख्या चाहिं निकै कम अर्थात ६.० प्रतिशत रहेको छ । अत्याधिक गर्मी हुनुको साथै राम्रो खानपान नहुनुको कारण र यस गा.वि.स.मा प्राय गरेर थारु जनसंख्या रहेको छ जहाँ दुध फलफूल भन्दा जाडँरक्सी खानमा जोड दिइने हुनाले औषत आयू पनि कम रहेको देखिन्छ ।

## ग)जात/जाति

बछौली गाविसमा २५ वटा विभिन्न जात जाति रहेका छन् । यस गाविसमा भएका जात जातिको आधारमा रहेको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ः जात/जातिको आधारमा जनसंख्याको बनौट

| जात/जनजाति | संख्या | प्रतिशत |
|---|---|---|
| थारु | ५०१६ | ४८.० |
| ब्राहमण | २३६७ | २२.७ |
| तामाङ | ९४६ | ९.० |
| क्षेत्री | ६८२ | ६.६ |
| नेवार | २३३ | २.३ |
| कुमाल | १५७ | १.५ |
| मगर | १५१ | १.५ |
| दमाइ | १३४ | १.३ |
| दराइ | ११७ | १.१ |
| मुसहर | ९८ | ०.९ |
| सन्यासी | ९५ | ०.९ |
| कामी | ८९ | ०.८ |
| गुरुङ | ८७ | ०.८ |
| बाटे | ७१ | ०.७ |
| अन्य | २०० | १.९ |
| जम्मा | १०४४३ | १०० |

स्रोतः केन्द्रिय तथ्याङक विभाग, २०५८

तालिका ३ अनुसार बछौली गाविसको जनसंख्या १०४४३ रहेकोमा जसमध्ये सवै भन्दा धेरै थारुहरुको जनसंख्यामा ४८% रहेको छ जसले यस गाविसमा थारुहरुको जनसंख्या अत्याधिक रहेको देखाउँछ । त्यसपछि धेरै जनसंख्या हुने जातिहरु क्रमशः ब्राहमण २२.७%, तामाङ ९.०%, क्षेत्री

६.५% जनसंख्या रहेका छन् भने अन्य जनसंख्या १.९% अर्न्तगत सोनार, माझी, ठाकुर, कायस्थ, माली, यादव, मुस्लिम, दनुवार, वाडे र नछुट्टाएको जात आदि पर्दछन् ।

## घ) धर्म

यस गाविसमा धर्मको अवस्थालाई हेर्दा हिन्दु, बौद्ध, इस्लाम, क्रिष्चियन आदि धर्मालम्वीहरु वसोवास रहेको छ । धर्मको आधारमा भएको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४: धर्मको आधारमा जनसंख्याको बनौट

| क्र.स | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ९४२७ | ९०.३ |
| २ | बौद्ध | ९६९ | ९.३ |
| ३ | अन्य | ४७ | ०.४ |
| ४ | जम्मा | १०४४३ | १०० |

स्रोत: केन्द्रिय तथ्याङक विभाग, २०५८

यस गाविसको कुल जनसंख्याको ९०.३% हिन्दुहरु छन् भने ९.३% बौद्धमार्गी र बाँकी ०.४% अन्य धर्मावलम्वी ( इस्लाम, इशाइ आदि ) रहेका छन् ।

## ङ) मातृभाषा

यस गाविसमा विभिन्न जात जातिहरु रहेका छन् । जसका आ-आफ्नो भिन्न भिन्न प्रकारको मातृभाषाहरु रहेका छन् । जसलाइ तल निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५: मातृभाषाको आधारमा जनसंख्याको बनौट

| मातृभाषा | संख्या | प्रतिशत |
|---|---|---|
| थारु | ४७४० | ४५.४ |
| नेपाली | ४३१९ | ४१.३ |
| तामाङ | ८१८ | ७.८ |
| अन्य | ५६६ | ५.५ |
| जम्मा | १०४४३ | १०० |

स्रोत: केन्द्रिय तथ्याङक विभाग, २०५८

यस गाविसमा सम्पर्क भाषा नेपाली भएतापनि मातृभाषाको रुपमा विभिन्न भाषाहरु रहेको पाइन्छ । सबै भन्दा धेरै जनाको मातृभाषा थारु भाषा (४५.४ प्रतिशत) हो । त्यसपछिका

मातृभाषाहरुमा नेपाली (४१.३ प्रतिशत), तामाङ (७.८ प्रतिशत) र अन्य (५.५ प्रतिशत) रहेका छन् । अन्य मातृभाषाहरुमा दराई, नेवार, मगर, वोटे, गुरुङ, मैथली आदि पर्दछन् ।

## ४.३ अध्ययनमा समेटिएको घरपरिवार

### ४.३.१ जनसंख्याको बनौट

तालिका ६: उत्तरदाताको घरपरिवारको जनसंख्याको बनौट

| लिङ्ग/उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| क) लिङ्ग | | |
| पुरुष | १०१ | ४८.५ |
| महिला | १०७ | ५१.५ |
| जम्मा | २०८ | १०० |
| ख)उमेर समुह (वर्ष) | | |
| ०-१४ | ७० | ३३.५ |
| १५-२९ | ५७ | २७.४ |
| ३०-४४ | ४० | १९.५ |
| ४५-५९ | २६ | १२.४ |
| ६०वा सो भन्दा माथी | १५ | ७.२ |
| जम्मा | २०८ | १००.० |

स्रोतः स्थलगत समर्भेक्षण, २०६९

अध्ययनमा समेटिएको ३६ घर परिवारको कुल जनसंख्या २०८ रहेको छ । यस अनुसार औसत परिवारको आकार सरदर ५.८ जनाको रहेको पाइन्छ । कुल २०८ जनसंख्या मध्ये १०१ जना अर्थात ४८.५ प्रतिशत पुरुष र १०७ जना अर्थात ५१.५ प्रतिशत महिला रहेका छन् ।

उमेर-समुहको आधारमा बर्गिकरण गर्दा उक्त ३६ घरपरिवारमा कुल २०८ जनसंख्या मध्ये एक तिहाई ( ३३.५ प्रतिशत) १४ बर्ष वा सो भन्दा कम उमेर समुहका ५९.३ प्रतिशत १५ देखि ५९ बर्षका र बाँकी ७.२ प्रतिशत ६० बर्ष वा सो भन्दा बढी उमेरका रहेको पाइन्छ । सामान्यत: १५ देखि ५९ बर्ष उमेर समुहको जनसंख्यालाई आर्थिक रुपमा सक्रिय मानिन्छ भने १५ बर्ष भन्दा तलको उमेर र ६० बर्ष वा सो भन्दा माथिको जनसंख्यालाई आर्थिक रुपमा निष्कृय मानिन्छ । यस आधारमा हेर्दा बाल आश्रित अनुपात ३३.५ प्रतिशत , बृद्ध आश्रित अनुपात ७.२ प्रतिशत र कुल आश्रित अनुपात ४०.७ प्रतिशत रहेको देखिन्छ ।

## ४.४ भुस्वामित्व

उत्तरदाताको भुस्वामित्वको अवस्थालाइ तल तालिकामा निम्नानुसार देखाइएको छ ।

तालिका ७: भुस्वामित्वको आधारमा उत्तरदाता परिवारको विवरण

| भुमिको क्षेत्रफल | संख्या | प्रतिशत |
|---|---|---|
| जग्गा जमीन नभएको | २ | ५.६ |
| ५ कट्ठा वा सो भन्दा कम | ३ | ८.३ |
| ६-१० कट्ठा | ५ | १३.९ |
| ११-१९ कट्ठा | १२ | ३३.३ |
| ०१-०२ बिघा | १० | २७.८ |
| ०२ बिघा माथि | ४ | ११.१ |
| जम्मा | ३६ | १०० |

स्रोतः स्थलगत सर्भेक्षण, २०६९

कुल ३६ घर परिवार मध्ये ३४ घर परिवारको मात्रै आफ्नो स्वामित्वमा जग्गा जमीन रहेको छ भने बाँकी २ घर परिवारको आफ्नो स्वामित्वमा जग्गा जमीन नभएको र उनिहरु ओइलानी ( बेच्न नपाउने सरकारी जमीन ) मा घर बनाएर बस्दै आएको पाइन्छ । यसरी जग्गा भएका कुल ३४ घर परिवार मध्येको बहुसंख्यक (५८.८ प्रतिशत) घर परिवारको जग्गा जमीन १ बिघा भन्दा कम रहेको देखिन्छ । २९.४ प्रतिशतको घर परिवारको जमीन १ बिघा वा सो भन्दा बढि भएको देखिन्छ भने बाँकी ११.८ प्रतिशत घर परिवारको जमीन ०२ बिघा भन्दा बढि भएको देखिन्छ ।

# अध्याय ५

## थारु जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक निरन्तरता

यस अध्ययन क्षेत्रको अध्ययनमा समेटिएको थारु जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक क्षेत्रमा अझैपनि कायम रहेका विभिद पक्षहरुलाई निम्नानुसार विभिन्न शिर्षकमा राखेर वणन गरिएको छ ।

## ५.१ सामाजिक निरन्तरता

मानिस चेतनसिल सामाजिक प्राणी भएकोले ऊ जन्मे देखिनै समाजमा घुलमिल भएर आफ्नो दैनिक क्रियाकलापहरु गरिरहेको हुन्छ । सोहिकारण कुनै पनि ब्यक्ति समाजवाट अलग रहन सक्दैन । उसले आफ्नो दैनिक जीवन यापनको क्रममा आफु समुदायमा रहनको लागि समाजलाई एक शुत्रमा वाध्ने प्रयास गरेको हुन्छ । समाज अनुरुप नै ऊसले आफ्नो दैनिकिहरुलाई संचालन गरिरहेको हुन्छ । ऊक्त कुरा ऊसको लागि आवस्यकता र वाध्यता दुवै हुन जान्छ । कुनै पनि समाजमा एउटा ब्यक्तिको चाहानाले त्यहाँको सामाजिक ब्यवस्था, मुल्य, मान्यता, प्रथा, परंपरा रितिरिवाज विस्थापित हुन सक्दैन । त्यसैक्रममा यस अध्ययन क्षेत्रका थारु जातिको पनि सामाजिक ब्यवस्था, सामाजिक सम्वन्ध, मुल्य, मान्यता जस्ता कतिपय पक्षहरु अझ पनि वर्तमान सम्म निरन्तर कायम रहेको देखिन्छ ।

यस अध्ययन क्षेत्रको अध्ययनमा समेटिएको थारु जातिको सामाजिक निरन्तरता अर्थात सामाजिक पक्षमा अझैपनि कायम रहेको विभिद पक्षहरुको सम्बन्धमा तल विभिन्न शिर्षकहरुमा चर्चा गरिएको छ ।

### ५.१.१ पारिवारिक संरचना

समाज निरन्तरताको प्रमुख माध्यम परिवार नै हो । परिवार मानव समाजको प्राथमिक र महत्वपुण संस्था पनि हो । परिवारमा नै सम्पुण मानव संरचना आधारित हुन्छ । परिवार सर्वब्यापी सामाजिक संस्था हो । परिवारको उत्पत्ति प्राचिन समय देखि भएको मान्न सकिन्छ । समाज विकासको प्रकृयालाई निरन्तरता दिन र एक पिंढीबाट अर्को पिंढीमा सामाजिक ब्यवहार, प्रचलन, मान्यता तथा सामाजिकीकरणको प्रकृयालाई हस्तान्तरण गर्ने उदेश्यले दुई भन्दा बढि सदस्यहरुको अन्र्तसम्बन्धीत तथा अन्योन्याश्रीत संस्था नै परिवार हो । जहाँ कम्तीमा लोग्ने स्वास्नी र तिनका छोरा छोरी रहेका हुन्छन् जुन् प्रतेक समाजमा

पाइन्छ । संसारको सवै समाजमा परिवारको भिन्न भिन्न स्वरुप पाउन सकिन्छ । बाबु आमा र तिनिहरुको अविवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकल परिवार भनिन्छ । तिन वा तिन भन्दा वढि पूस्ता एउटै परिवारमा रहन्छ भने त्यो परिवारलाई संयुक्त परिवार भनिन्छ । ग्रामिण समुदायमा प्रमुख पेशा कृषी भएको कारणले र कृषी पेशामा अत्याधिक शारिरीक श्रम गर्नु पर्ने हुनाले वढि मात्रामा संयुक्त परिवार रहेको देखिन्छ ।

यस अध्ययन क्षेत्रमा समेटिएका ३६ घर परिवार मध्ये (५४.६ प्रतिशत) संयुक्त परिवारमा र बाँकी एकात्मक परिवार (४४.४ प्रतिशत) रहेका छन् । यस अध्ययन क्षेत्रका बहुसंख्यक थारु जातिहरु संयूक्त परिवारमा रहेको देखाउँदछ । थारु जातिको प्रमुख पेशा कृषि हो । कृषि कार्य गर्नको लागि धेरै जनशक्ति आवश्यक पर्ने हुनाले आजको आधुनिक समाजमा विश्वब्यापिरुपमा एकल परिवारको बृद्धि भइरहेको छ तापनि थारुजातिमा भने संयूक्त परिवारमा नै बस्न रुचाएको पाइन्छ जसलाइ हामी सामाजिक निरन्तरताको रुपमा लिन सक्दछौं ।

विगतको अवस्थालाई हेर्ने हो भने थारु समूदायको पारिवारिक संरचना वृहत परिवार र संयुक्त परिवारको संरचना नै रहने गरेको पाइन्छ । थारु समाजका ब्यक्तिहरु अझपनि एकात्मक ढाँचाको परिवारमा रहन भन्दा संयुक्त परिवारमा बस्न चाहन्छन् । थारु समुदायको प्रमुख पेशा नै कृषी हो । उनिहरुका लागि जीवन धान्ने प्रमुख माध्यम पनि कृषी हो । कृषी कार्यका लागि ठुलो जनसक्तिको आवस्यकता पर्ने हुनाले पनि उनिहरु छुट्टिएर बस्नु भन्दा संयुक्त परिवारमा रहनुलाई प्रमुख आवस्यकता ठान्दछन् । परिवारमा धेरै सदस्य भएमा खेति कार्य गर्दा सहज हुनुको साथै समुदायको अन्य ब्यक्तिको भर परिरहनु नपर्ने बताउदछन् । यस समुदायको थारु जातिको परिवारमा एउटा घरमुलि हुन्छ जसले घरको सम्पुण ब्यबस्थापन अर्थात कामको बाँडफाँड गर्दछ । सोहिअनुसार परिवारका अन्य सदस्यहरुले आफ्नो काम गर्ने गर्दछन् ।

## ५.१.२ वैवाहिक स्थिती

विवाहलाइ मानवको जैविक आवस्यकता परिपुर्ति गर्ने सामाजिक संस्थाको रुपमा लिइन्छ । विवाह भनेको मानवलाइ निश्चित यौन सम्बन्धको आधारमा पारिवारिक जीवनमा प्रवेश गराउने कार्य गर्नु हो । विवाह सर्वब्यापी सामाजिक संस्था हो जसले मानविय आवस्यकताहरु जस्तै जैविक, प्राकृतिक, सामाजिक आदिलाई पुर्ति गर्दै नातेदारी ब्यवस्थामा प्रवेश गराउँदछ । विवाह स्थायी सम्बन्धको स्थिति हो जसले विवाहित पुरुष र महिला वीच सामाजिक मुल्य र मान्यता अनुरुप यौन सम्वन्ध राख्ने अधिकारका साथै आफ्नो वंशलाइ निरन्तरता दिने वैधानिकता प्राप्त गर्दछ । हिन्दु दर्शन बाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । यसरी गरिएका विवाहमा लोग्ने स्वास्नीको सम्वन्ध

यसलोक देखि परलोक सम्म अक्षुण रहन्छ जसलाइ सम्वन्ध विच्छेद गर्न सकिदैन र हुँदैन पनि । यस धर्म अनुसार विवाह भौतिक तथा आध्यात्मिक आवस्यकता पुरा गर्नको लागि गरिन्छ ।

अध्ययनमा समेटिएको ३६ घरपरिवारको कुल २०८ सदस्य संख्या मध्ये विवाहित ९७ सदस्यहरुमा मागि विवाहको संख्या ६८ अर्थात ७०.१% रहेको छ भने बाँकी २९.१% ले मात्र प्रेम विवाह गरेको देखिन्छ । जसले यस अध्ययन क्षेत्रका थारु जातिमा मागि विवाह नै सामाजिक निरन्तरता भएको पुष्टि गर्दछ ।

थारु जातिको विवाह प्राय गरेर मागी हुने गरेको पाइन्छ । थारु जातिमा सवै भन्दा खर्चिलो विवाह पनि मागी विवाह हो । यो विवाह परिवारको स्विकृतिमा केटा पक्ष र केटिपक्षमा कुरा मिलेपछि वैवाहिक कार्यक्रम अघि बढाइन्छ । बर्तमान समयमा थारु जातिमा कतिपय विवाह परिवारको स्विकृती विना केटाकेटी एकआपसमा भेटवार्ता वा मिलन पछि स्वइच्छाले विवाह गर्ने गरेको पाइन्छ । यद्यपी यो विवाह यस अध्ययन क्षेत्रका थारु जातिमा कम नै हुने गरेको देखिन्छ । परिवारको स्विकृतिमा गरिएको मागि विवाह सामाजिक मूल्य मान्यता रितीरिवाज प्रथा परम्परा आदिमा निहित भएर गरिने हुनाले समाजले पनि यस विवाहलाई प्रशय दिएको पाइन्छ । तसर्थ थारु जातिमा हुने मागि विवाहलाई नै हामी सामाजिक निरन्तरताको रुपमा लिने गर्दछौ ।

## ५.१.३ शैक्षिक स्थिती

शिक्षा शैक्षिक कृयाकलाप संचालन गर्ने कार्यप्रणाली हो जसभित्र रहेर शैक्षिक गतिविधीहरु हुने गर्दछन् । समाजको माग अनुसारका विभिन्न प्रकृतिका शैक्षिक कार्यक्रम मार्फत शैक्षिक कृयाकलापहरु संचालन भएका हुन्छन् । निशिचित खालका नियम, प्रकृया, मुल्य, मान्यता, उदेश्य र अपेच्छा अनुरुप समाजका ब्यक्ति तथा समुदायहरु यस प्रकारका कृयाकलापमा संलग्न हुने भएकाले यसलाई एउटा सामाजिक संस्थाका रुपमा लिन सकिन्छ । शिक्षा सामाजिकिकरणको महत्वपुण माध्यम हो । शिक्षाका माध्यमबाट समाजमा विकसित ज्ञान मुल्य, मान्यता, भाषा, कला, साहित्य, प्रविधि आदि मानव समुदायमा हस्तान्तरित हुन्छन् । यस्ता पक्षहरु शिक्षाकै माध्यम बाट एक ब्यक्तिबाट अर्को ब्यक्ति र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुने गर्दछन् । यो प्रकृया निरन्तर चलिरहन्छ । यसैले शिक्षालाई एउटा महत्वपुण संस्थाका रुपमा लीन सकिन्छ ।

अध्ययनमा समेटिएको कुल ३६ घरपरिवारको २०८ सदस्य संख्या मध्ये अझै पनि ४० अर्थात १९.१ प्रतिशत ब्यक्तिहरु सामान्य लेखपढ गर्न नसक्ने रहेका छन् भने बाँकी सामान्य लेखपढ गर्न सक्ने जनसंख्या २९.३ प्रतिशत, प्राथमिक शिक्षा लिएका २५.५ प्रतिशत, निम्न माध्यामिक शिक्षा लिएका ७.७ प्रतिशत, माध्यामिक शिक्षा लिएका १०.१ प्रतिशत र उच्च शिक्षा हांसिल गरेका

८.२ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा थारु जातिमा सामान्य लेखपढ गर्ने जनसंख्या अत्याधिक भएतापनि प्राथमिक शिक्षा लिएपछि पढाइछाडेर घरायासी कामकाजमा लाग्ने गरेकाले क्रमशः निम्न माध्यामिक, माध्यामिक र उच्च शिक्षा हाँसिल गर्ने जनसंख्या घट्दै गएको देखिन्छ ।

"पढल लिखल् कथि काम" भन्ने यस जातिमा पढाइलेखाइ पूरा गर्नलाई भन्दा घरको कामलाई प्राथमिकता दिएको पाइन्छ । जति पढेलेखे पनि आखिरिमा काम नगरे खान लाउन पाइदैन भन्ने सोचाइ रहेको पाइन्छ । जसको कारणले छोरी अलि ठूलो भएपछि पढाईलेखाईलाई भन्दा घरायसी कामकाजलाई महत्व दिन थालिन्छ । पुरुष हो भने घरमा रहेको गाइवस्तु हेर्ने, गाडा चलाउने आदि कार्यमा सकृयहुन थाल्दछ । भने महिला हो भने घाँस दाउरा, मेलापात गर्ने आदि काममा सक्रिय हुन थाल्दछन् । जसको कारणले उनीहरुको पढाइ विचैमा रोकिन पुग्दछ । जसको कारणले थारु जातिमा विगतमा भन्दा वर्तमानमा शैक्षिक साक्षरता प्रतिशतमा केहि सुधार भएता पनि उच्च शिक्षा अर्थात आफ्नो अध्ययन पूरा गरको भने देखिदैन् । यसबाट के बुझ्न सकिन्छ भने थारु जातका प्राय अभिभावकहरु छोरा छोरीले पढाइलेखाई पूरा गरेर भविष्यमा विभिन्न क्षेत्रमा दक्ष व्यक्ति बन्न सक्दछन् भन्ने कुरामा अनविज्ञ रहेको पाइन्छ । उक्त अनविज्ञताको कारणले छोराछोरी अलि हुर्किने वित्तिकै घरायसी काममा लगाउनलाई उत्तम ठान्दछन् ।

तसर्थ यस अध्ययन क्षेत्रमा गरिएको अध्ययन अनुसार यस क्षेत्रका थारु जातिका अभिभावकहरुले आफ्नो सन्तानहरुलाई विद्यालय पठाउनमा प्राथमिकता दिनु भन्दा सन्तान हुर्किएर अलि ठूलो भइ घरायसी कामकाजमा सहयोग गर्न सक्ने अवस्था भएपछि अध्ययनलाई निरन्तरता नदिइ घरायासी काममा लगाउनु नै यस क्षेत्रका अभिभावकहरुको निरन्तरता जस्तै मान्न सकिन्छ ।

## ५.१.४ सामाजिक संगठनका अवस्था

थारु समाजमा सवै भन्दा ठुलो तथा गन्यमान्य व्यक्ति जमिनदार हुन्छ, त्यसपछि चौतारिया हुन्छ । समाजमा हरेक क्षेत्रमा उसको राम्रो पकड हुन्छ । समाजमा रहेका कमजोर वर्गहरु तिनै जमिनदारमा आश्रित हुनपुगेका हुन्छन् । समाजमा कुनै समस्या आइपरेमा तिनै जमिनदारलाई बोलाएर कचहरी बस्दछ । कचहरीमा नै समाजका सदस्यहरुको समस्या माथी छलफल हुने गर्दछ । उक्त कचहरीले नै समाजका विभिन्न सदस्यहरु वीच बृहत छलफल पश्चात दोषीको ठहर गर्ने गर्दछ । कचहरीले समाजमा उत्पन्न समस्याको समाधान गर्नुको साथ साथै दोषीलाई सजाय तोकिदिने काम पनि कचहरी मार्फत नै हुने गर्दछ । पहिला पहिला समाजका सदस्यहरुले जमिनदारलाई परिवारको प्रमुख जस्तै अर्थात अभिभावक सोच्दथे ठिक होस् वा वेठिक उसको आग्रहलाई सवैले मान्नै पर्ने हुन्थ्यो । सोहि अनुरुप हाल सम्म पनि जमिनदारको समाजमा अझै पनि उच्च स्थान रहेको देखिन्छ । जमिनदारले गाउँमा

आइपरेका समस्या तथा सामाजिक झै-झगडा मिलाउन मध्यस्थताको भुमिका निर्वाह समेत गर्ने गरेको पाइन्छ । जमीनदारले नै सामाजिक सम्बन्ध तथा ब्यवस्थामा निगरानि राखेको हुन्छ । सामाजिक मुल्य मान्यतालाइ तोडेर कसैले अघि बढ्न खोजेमा त्यसलाई जमीनदारले आवस्यक कारबाहिको प्रकृया अगाडि बढाउने गर्दछ । कुनै पनि परिवार संचालनको क्रममा उक्त परिवारलाई परिवारको प्रमुख एक ब्यक्तिले अर्थात घरमुलीले घरको सम्पुण ब्यवस्थापन गरे जस्तै थारु समाजमा पनि समाज संचालनको लागि अर्थात समाजलाई एक सुत्रमा बाँध्नको लागि जमीनदारले महत्वपुण योगदान दिएको हुन्छ ।

## ५.१.५ समाजका अन्य जातिसंग सामाजिक सम्बन्ध

मानिस सामाजिक प्राणी भएको कारणले पनि उसको समाजका हरेक सदस्य संग अर्न्तसम्बन्ध रहेको हुन्छ । सहकार्य र अर्न्तसम्बन्ध विना उसको दैनिक क्रियाकिलाप अत्यन्त कष्टकर हुने गदछ । यस क्षत्रका थारुहरुको प्रमुख पेसा भनेको कृषि भएकोले उक्त कार्यका लागि ब्राहमण, क्षेत्री लगायत अन्य जात संग अर्न्तसम्बन्ध बढाएको पाइन्छ । आफ्नो जग्गा जमीन कम भएका थारु जातिले समाजका ब्राहमण क्षेत्री लगायत अन्य जातिहरुको खेति अधियाँ कमाएर दैनिक गुजारा संचालन गरेको देखिन्छ । यसै क्रममा उनिहरुको समाजका ति अन्य जातिहरु संग सहकार्य र सम्बन्ध अघि बढ्ने गर्दछ । यस क्षेत्रका थारु जातिहरुले लुगा सिलाउन, जुत्ता सिलाउन र फलामका भाडाकुडा बनाउन पनि अन्य जाति संग अर्न्तरनिभर रहेका हुन्छन् । थारु समाजका ब्यक्तिहरु चाडपर्व तथा अन्य समयमा कपडा सिलाउनु परेमा दमैकोमा गएर सिलाउने गर्दछन् भने हँसिया, कुटो, कोदालो, बन्चरो, करौंती आदि जस्ता फलामका हतियारहरु बनाउनु परेमा कामीकोमा लाने गरेको देखिन्छ । नयाँ जुत्ता बनाउन परेमा या च्यातिएको जुत्ता चप्पल सिलाउन परेमा सार्कीकोमा लाने गरेको पाइन्छ । यस जातिमा वैवाहिक सम्बन्ध भने प्राय गरेर आफ्नै जाति भित्र हुने गरेको पाइन्छ । यसरी थारुजातका सदस्यहरुले आफ्नो दैनिक क्रियाकलापको क्रममा अन्य जातका सदस्यहरु संग सहकार्य र अर्न्तसम्बन्ध कायम राखेर दैनिक जीवनलाई सहजता बनाएका छन् जसलाइ हामी थारुजातिको सामाजिक निरन्तरताको रुपमा लिन सक्दछौ ।

## ५.१.६ समाजमा महिलाको स्थिती

थारु जातिमा परिवारको निर्णायक ब्यक्ति पुरुष नै हुने गर्दछ । आर्थिक कारोबार तथा पारिवारि ब्यबस्थापनको जिम्मा उसमानै निहित रहेको देखिन्छ । थारुजातिका महिलाहरु प्रायगरेर मेलापात,घरधन्दा जाडरक्सी बनाउने गाईबस्तु सम्बन्धि कामगर्ने कार्यमानै बढि समय बिताउदछन् । खेतिपातिको समयमा महिलाहरु बिउ उखाल्ने, खेत रोप्ने, अन्नवाली गोडमेल गर्ने, धान काट्ने, तोरी उखल्ने, मकै भाँच्ने, गहुँ काट्ने आदि काममा सरिक हुने गरेको पाइन्छ । थारु समाजमा प्राय गरेर खाना पकाउँदा दाउराको प्रयोग गरिने भएको हुनाले खेतिपाति गरेर फुर्सद भएको समयमा

दाउरा खोजेर थुपार्ने गरेको देखिन्छ । खेतिपाति नभएको फुर्सदको समयमा थारु समाजका पुरुषहरु ज्याला मजदुरिमा लाग्ने हुनाले दाउरा खोजेर ल्याउने काम प्राय गरेर महिलाहरुले नै गर्ने गरेको पाइन्छ । परिवारमा रहेको बालबच्चाको पालनपोषण, रेखदेख तथा हेरचाहाको काम पनि प्राय गरेर महिलाहरुले नै गर्ने गरेको देखिन्छ ।

## ५.१.७ पैत्रिक सम्पत्तिको अवधारणा

नेपालको परम्परागत चलन अनुसार पैत्रिक सम्पत्तिमा विशेषगरी छोराहरुको हक अधिकार लाग्ने गर्दछ । सोहि अनुरुप यस अध्ययन क्षेत्रका थारु जातिमा पनि यहि चलन रहेको पाइन्छ । वर्तमान समयमा पैत्रिक सम्पत्तिमा महिलाको अधिकार विषयलाई लिएर कयन आन्दोलन भएतापनि यहाँ हाल सम्म त्यसको कुनै प्रभाव परेको पाइदैन । पैत्रिक सम्पत्तिलाई परिवारमा भएका छोराहरुलाई अशंवण्डा गरेर भाग लगाइन्छ । यसै अध्ययन क्षेत्रका उत्तरदाताका विचारमा पैत्रिक सम्पतीमा छोराहरुको हक हुँदा कुनै समस्या नहुने बताउदछन् । उनिहरुको अनुसार छोरीको पनि विवाह गरेर अरुको घरमा गएपछी उसको आफ्नो सम्पती भइनैहाल्छ भन्ने विचार रहेको पाइन्छ । सोहिकारण पैत्रिक संपत्तीलाई छोरा छोरी दुबैमा विभाजन गर्नु नपर्ने बताउदछन् । थारु समाजमा पैत्रिक संपत्तीलाई छोराहरुमा विभाजन गर्नुनै यहाँको समाजिक निरन्तरता हो ।

## ५.१.८ स्वास्थ्य स्थिती

यस अध्ययन क्षेत्रका थारु जातिमा गरिएको अध्ययन अनुसार कुल समग्र घरपरिवार मध्ये अझै पनि ११ प्रतिशत घरपरिवारले धामी झाक्री या गुरुवामा पुण रुपमा विश्वास गर्ने गरेको पाइयो । उनिहरु परिवारको सदस्य विरामी परेमा सवै भन्दा पहिला गुरुवाकोमा जाने गरेको पाइयो । यस अध्ययन क्षेत्रका धामी झाक्री या गुरुवामा विश्वास राख्ने परिवार मध्यका एक परिवारको घरमुली बाबना महतोका अनुसार " आफुलाई दुख विमार परेको समयमा गुरुवाकोमा गएर तन्त्रमन्त्र आदि इत्यादि गरेर कम्मरमा बुट्टि बाँधेमा सम्पुण रोग हराएर जाने बताउँछन् ।" उनले हालै आफु पेटको विरामी हुँदा गुरुवाकोमा मन्त्र फुकेर कम्मरमा बाँधेको बुट्टि समेत देखाए जसले उनको पेटको दुखाइ त्रमशः कम हुँदै गएको बताउँदछन् ।

जाँड रक्सी तथा माछामासुको अत्यन्तै सौकिन थारु जातिका सदस्यहरु आफु संग अलिक पैसा हुने बित्तिकै यसमा खर्च गरिहाल्ने गरेको पाइयो । बाहुनको घरमा दुध दहि गनाउँदछ भन्ने यस जाति घरमा भैंसि पालेतापनि प्रायले त्यस वाट उत्पादन हुने दुधलाई आफुलाई खानभन्दा नजिकैको दुधडेरीमा लगेर बेच्ने गरेको पाइयो । यसरी यस जातिले दुध दहि तथा फलफुल जस्ता चिजलाई त्यति मन नपराउने भएकोले उनिहरुको एउटा ब्यक्तिको लागि आवस्यक

पर्ने स्वस्थ्य संतुलित आहारमा कमि भएको देखिन्छ । सोहिकारणले पनि यस क्षेत्रका थारु जातिको औसत आयुमा अझै राम्रो सुधार आएको देखिंदैन ।

## ५.२ सांस्कृतिक निरन्तरता

समाजमा विभिन्न जातहरु रहेका हुन्छन् ति जात अनुसार तिनीहरुको सांस्कृतिक चालचलन पनि अलग अलग हुने गर्दछ । एउटा जातिको सांस्कृतिक चलन र अर्को जातिको सांस्कृतिक चलन फरक फरक हुने गर्दछ । सोहि अनुरुप थारु जातिको पनि आ-आफ्नै किसिमको संस्कृति रहेको छ । बछौली गाविसका थारुहरुको सांस्कृतिक अवस्था कस्तो रहेको छ । भन्ने कुरा तलका विभिद शिर्षक तथा उपशिर्षकले दर्साउँदछ ।

### ५.२.१ भेषभुषा र आभुषण

चितवन जिल्लाका थारु पुरुषहरुको पूरानो पोशाक लंगौटी, कछाड, कमीज, चदरी आदि हुन् भने नारीहरुको पहिरनमा भने झोलीया, थनेरी, लेहंगा प्रमुख हुन् । यस अध्ययन क्षेत्रका बुढापाका पुरुषहरुले लंगौटी कछाड र कमिज लगाउने गरेको देखिन्छ । थारुजातिका पहिलेका महिलाहरुले लखौटाका चुरी, चाँका पैसाका माला, चाँदिका कल्ली र ठुला ठुला आकारका नथियाहरु लगाउने गरेको पाइन्छ ।

### ५.२.२ सामाजिक संस्कार

#### क जन्म संस्कार

बछौली गा.वि.स.का थारु जातिको आफ्नै प्रकारको जन्म संस्कार रहेको पाइन्छ । बच्चा जन्मिएपछि बच्चालाई सुडेनिले नुहाई दिन्छन् । आमाको शाल झरेपछि घरको पश्चिम ढोका नजिक गाड्दछन् । सुडेनिले सुत्केरीको मालिस गरिदिन्छन् । यस अध्ययन क्षेत्रका उत्तरदाताका अनुसार पहिला पहिला थारु जातिमा नालकाट्दा प्राय हसियाको प्रयोग गर्ने गर्दथे । थारु जातिमा वच्चा जन्मिएको ७-९ दिनमा गुरुवा द्धारा सुतक हटाउने गरेको पाइयो । सुतक हटाउदा सुत्केरीले प्रयोग गरेका सामानहरु कोठा बाट हटाइ त्यहाँ गोबरले लिपी सुनपानी छर्दछन् ।

#### ख न्वारन

थारु जातिमा वच्चाको नाम राख्दा बच्चा जन्मिदाको घटनालाइ स्मरण हुने अनुसारको नाम राख्ने गरेको पाइयो । उदाहरणको लागि मंगलवार जन्मिएको बच्चाको नाम मगरा बुधवार

जनमिएको बच्चाको नाम बुधराम बिहिवार जन्मिएको बच्चाको नाम विकना शुक्रवार जन्मिएको बच्चाको नाम शुकला आदि । सोहिकारणले थारुजातिमा समाजमा ब्यक्तिहरुको नाम एउटै एउटै भएको देख्न सकिन्छ । तर वंतमान समयमा बाहुन पुरोहितलाई  घरैमा बोलाएर सम्पुण कर्मकाण्ड सम्पन्न  गर्ने गर्दछन् । सोहि अनुरुप बच्चा जन्मिएपछि तिथिमिति मिलाएर पूरोहितले नाम राखिदिन्छन् ।

## ग) विवाह सस्कार

थारु समाजमा विवाह संस्कारलाई महत्वपूर्ण संस्कारको रुपमा लिने गरेको पाइन्छ । थारु जातिमा मागि विवाह र प्रेम विवाह नै वढि प्रचलनमा रहेको देखिन्छ ।

१) मागी विवाह :

यस गाविसमा मागी विवाह नै वढि प्रचलनमा रहेको देखिन्छ । थारु जातिमा सवै भन्दा खर्चिलो विवाह पनि मागी विवाह नै हो । सुचनादाताको अनुसार मागी विवाह गर्ने क्रममा केटाको तर्फबाट केटीको घरमा एकजना लमीलाई पठाइन्छ । कुरा मिलेपछि केटि पक्षका आफन्त व्यक्तिहरु केटाको घर हेर्न जाने गर्दछन् । केटा पक्षबाट केटी पक्षलाई भोज खुवाई विवाहको मिति तोकिन्छ । दुवैतिर विवाह गर्ने निश्चित भएपछि लमी मार्फत तिन जना पुरुष र दुई जना महिला दुलहीको घर तर्फ जान्छन् ।

विवाहको दिनमा दुलहिको घर पुग्नु  भन्दा पहिले नजिकैको कुनै घरमा बस्दछन् र दुलहि पक्षबाट निम्ता आएपछि मात्र दुलहिको घरमा जान्छन् । घरमा पुग्नु भन्दा पहिले दुलहीको आमाले गडुवाले पानी छर्केपछि टिका लगाइदिन्छिन् र जन्ती पर्सिने काम हुन्छ । जन्ती पर्सिदा दुलहिको आमा तथा दिदीबहिनीले दुलहालाई मुल ढोकाको अघिल्तिर उभ्याएर सिलौटाको लोहोराले शरीर वरिपरी घुमाउने काम हुन्छ । दुलाहाको पक्षवाट दुलहीको आमालाई कपडा दिने गरिन्छ जसलाई “खेरसार” भनिन्छ । खेरसार मन परेन भने पुन अर्को सामान ल्याउन लगाईन्छ । जन्तीमा गएकका यूवाहरुले दुई सिन्धा भएपनि माछा मार्नुपर्ने हुन्छ । यो कार्य भएपछि मात्र भोज खुवाउने कार्य गर्दछन् । दुलाहा तिरबाट ल्याएको दुई छिपन रक्सी र निभ्कइ (गुलियो जाँड) दुलहिको आमा र फूपुलाई बाड्दछन् । यहि वेला गुरौले चामल मन्तरी बोक्सी नलागोस भनेर दुलाहा दुलहीलाई अक्षता छर्किन्छन् । खानपिन पछि दुलाहादुलहीको गोडा धोएर टिका लगाईदिन्छन् र गच्छे अनुसारको दान उपहार दिन्छन् । कन्यादान पछि दुलाहादुलहीले सात पटक विवाह मण्डपको परिक्रमा गर्ने दुलाहाले दुलहीको बुढीऔला समातेर सिलौटामा छुवाउने, काँटा र सुन हातमा लिएर

दुलहीलाई सिन्धुर हाल्ने जस्ता परम्परागत विधि गर्दछन् । विवाहको सम्पूर्ण कार्य सकिएपछि घरबाहिर सजाएको गाडामा त्रिपाल ओढाई गीत बजाउँदै कन्या बिदाई गर्दछन् । दुलहीको साथमा एक दुईजना आईमाइहरुसंगै जाने गर्दछन् । घर पुग्ने बेलामा मागर (मंगल) गीत गाउने तथा घर प्रवेश गर्दा दुवारपाठ गर्ने गर्दछन् । दुलहीको साथमा गएका आईमाईलाई उनीहरुको साथी छुटाएर लगेकोमा केही पैसा केटातिरबाट दिनुपर्ने हुन्छ ।

२) प्रेम विवाह

थारु जातिमा प्राय गरेर मागी विवाह हुने भएपनि कतिपय विवाहहरु प्रेम विवाह भएको पनि पाइयो । प्रेम विवाह मागी विवाहको तुलनामा कम नै हुने गरेको देखिन्छ । यो विवाह अभिभावकको स्विकृतीमा वा भूमिकामा हुने नभई केटाकेटी एक आपसमा मन पराएर हुने गर्दछ । यसमा दुई तरिका बाट विवाह हुने गर्दछ जसमा कोही जोडीले आफू खुसी परिवारको स्विकृती नलिइकन भागेर विवाह गर्ने गर्दछन् भने कोही जोडीले परिवारको नै स्विकृती लिएर प्रेम विवाह गर्ने गर्दछन् ।

थारु जातिमा हुने गरेको कतिपय विवाह मध्य अर्न्तजातिय विवाह पनि हुने गरेको पाइयो । यो विवाह प्राय गरेर मागी विवाह अर्न्तगत हुने नभई प्रेम विवाह मार्फत हुने गर्दछ ।

घ) मृत्यु संस्कार

अध्ययन क्षेत्रका थारुहरुले मृत्यु सस्कारलाइ पनि महत्वपुण संस्कारको रुपमा लिएको पाइन्छ । घरमा कसैको मृत्यु भयो भने कफनले बेंने गर्दछन् । त्यसपछि घर भित्रको ढोका निर उत्तरतिर मुर्दालाइ फर्काएर मुर्दाको छातिमा पाला बालि मुर्दाको हातखुट्टा मुख धोइदिने गर्दछन् । त्यसपछि मुर्दाको मुखमा तिन मुठ्ठी चामल राखि दिदै स्वर्ग गएस् भनेर आशिस दिन्छन् । यो काम जेष्ठताको आधारमा पहिले लोग्ने मानिसले र महिलाहरुले गर्ने गर्दछन् । त्यसपछि दाहा दिनको लागि खटियालाई उल्टो पारेर ४ जनाले बोकि देवघाट लानेगर्छन् । घरवाट लगेको चामल, मकै, तरकारी, तेल एउटा हाडीमा राख्दछन् र क्रिया बस्ने ब्यक्तिले आगो सल्काइ हाडिमा पकाएको जस्तो गर्दछन् । दाहा स्थलमा चिता मिलाइ सकेपछि मुर्दाको शरिरमा भएको गरगहना बाङगो बनाएर तथा कपडालाई च्यातेर फालिदिन्छन् । मुर्दा लोग्ने मानिसको भए घोप्टो पारेर तथा महिलाको भए उत्तानो पारेर उत्तर सिरान गराई दिन्छन् । आगो लगाउनको लागि लामो खरको मुठो बाँधेर आगो सल्काई सवै मलामी खरको मुठोलाई पकडेर ३ पटक घुम्दै आगो लगाउँदछन् । मुर्दा जल्न थालेपछि सवै मलामीहरुले क्रमशः मुर्दालाई एक पटक बाँसले घोच्याउनु पर्ने हुन्छ । मुर्दालाई जलाइसकेपछि गाउँ भरिका महिलाहरु जम्मा भएर मुर्दाको घरमा चलन भएका भाँडाहरु फ्याकि दिन्छन् र सवै महिलाहरु चोखो हुनको लागि खोलामा गएर नुहाई सुनपानीले चोखो भएर घरमा आइ घरलाई सुनपानीले चोख्याइ खाना पकाउदछन् । पुरुषहरु मुर्दा जलाई सकेपछि खोला

तथा नदिमा नुहाई सुनपानीले चोखो हुन्छन् र घरमा आउँदा बाटोमा १ जना गुरुवा जस्ताले एक पटक जमीन खन्छ अनि त्यसलाई नाघ्दै घर आउँदछन् । घर आइसकेपछि दालभात मुछेर भुईमा राखी हात धोएर किरिया बस्नेले खाना सुरु गर्छ । त्यसपछि मलामीले खाने गर्दछन् । त्यस्तै गरि महिलाहरुले पनि घरको मुली महिलाले खाएपछि गाउँका अरु महिलाहरुले खान्छन् । मुर्दालाई जलाउने मात्र नभइ यस जातिमा मुर्दालाई गाड्ने चलन पनि छ ।

क्रिया बस्ने क्रममा बैठकको एउटा कुनामा एक भाई माना क्रिया बस्दछन् । क्रिया बस्नेले एक छाक मात्र भात खान्छन् भने अरुले साविककै अनुसार खान्छन् । खानामा माछा, विहान वर्त बसेका मानिसले भात र विभिन्न प्रकारका तरकारी पकाई सकेपछि आइतवार पुजा गरेको ठाउँमा भात तरकारिहरु अलि अलि चढाएपछि मात्र सवै जना खाना खान्छन् ।

## ५.२.३ धार्मिक संस्कारहरु

### क) खिचरा (माघे संक्रान्ति)

माघे संक्रान्तिलाई थारुजातिमा महत्वपूण पर्वको रुपमा लिइन्छ । यसलाई उनिहरुले खिचरा पर्व भन्ने गरेको पाइन्छ । खिचरामा थारुहरु पौष मसान्तको बेलुका अनदीको चामालमा वेसार हालेर केराको पातमा पोको पारी उसिनेर चिचर खाने गर्दछन् । यसदिन सखरखण्डा, ऊखु, केरा, चिउरा माछा, मासु तथा जाडरक्सी खाने गर्दछन् । बेलुका भुस, पराल वालेर घुर ताप्ने गर्दछन् । माघे संक्रान्तिका दिन चितवनको देवघाटमा मेला लाग्ने गर्दछ ।

### ख) फगुवा (फागुपूर्णिमा)

फागुपूणिमा थारुहरुको विभन्न चाडपर्वहरु मध्य मनोरञ्जनात्मक चाडपर्ब हो । यस पर्वमा विभिन्न वाजागाजा बजाउदै रंग खेलेर मनाउने गरिन्छ । “होरी झिन केही जिता देही” ( हामिलाई नहराई जिताइदिनुहोस्) भन्दै देवतासंग आशिष माग्दछन् र गाउँगाउँ घुम्दछन् । होरी थारु जातिको सामूहिक लोक नृत्य हो । फगुवाको दिन वर्षभरिको आय व्ययको हिसाबको गर्ने, ऋण चुक्ता गर्ने, काम गर्नेले छुट्टी पाउने नयाँ काम गर्ने व्यक्तिको बन्दोबस्त मिलाउने आदि चलन पाइन्छ ।

### ग) जितिया

जितिया महिलाहरुको तीज पर्व जस्तै चाड हो । यसमा उनीहरुले नाचगान गर्ने, खानेपिउने, व्रत वस्ने आदि विभिन्न प्रक्रिया हुन्छ । यस चाडमा घरका महिलाहरलाई नयाँ कपडा किनिदिनु पर्दछ ।

यस चाडमा यिनीहरु पहिलो दिन नुहाउने, चोखो बस्ने, दोश्रो दिन व्रत बस्ने र बेलुका कथा सुन्ने गर्दछन् । कथा जमिनदारको घरमा सुनाइन्छ । हाल जमिनदारी प्रथा हटिसकेपनि जमिनदारलाई अझैपनि उनीहरु श्रद्धा गर्दछन् । तेस्रो दिन चोखिएर पूजा गरेर खाना खाने गर्दछन् । पूजा चाहि जित बहान भन्ने राजालाई भगवानको सम्मान दिई गर्ने गर्दछन् । र चौथो दिन झाम्टा ( गित गाउँदै भैली खेले जस्तैगरी गाँउभरि पैसा उठाउदै रमाइलो गर्ने) पार्ने गर्दछन् ।

## ५.२.४ मनोरञ्जनका प्रकृया

यस क्षेत्रका थारुजातिमा प्रचलित गीतहरुमा धान रोप्दा रौठी गीत, धान काट्दा चडिवर गीत, तीजमा झाम्टा गीत, तिहारमा लाला गीत, यमोशामा विरुहुनीगीत प्रमुख रहेका छन् भने नाचमा लाठी नाच, फगुवा नाच, हारी नाच ठेकरा नाच आदि प्रमुख रहेका छन् । उक्त क्षेत्र पर्यटकीय स्थल भएकोले विदेशीलाई आकर्षित गर्न र नगद लाभका लागि भने सांस्कृतिक नाच देखाउने गरेको पाईन्छ । लाठी नाच थारुहरुको अत्यन्तै लोकप्रिय र प्रचलित नाच हो । यस नाचको लागि भनेर एउटा छुट्टै क्लव गठन गरिएको हुन्छ । उक्त क्लव मार्फत चाडपर्व तथा अन्य समयमा नाच देखाउने गरिन्छ । विदेशी पर्यटकहरुले थारु जातिको लाठी नाचलाई अत्यन्तै मन पराउन थालेकाले यस नाचलाई थारु जातिका कतिपय ब्यक्तिहरुले पेशागत रुपमा अंगालेको देखिन्छ । सौराहाको होटल तथा रेस्टुरेण्टमा ७/७ दिन तथा १५/१५ दिनको फरक पारेर नाच देखाउने गरेको पाइन्छ । उक्त नाच बाट उनिहरुले मनग्य आम्दानि गरेको देखिन्छ ।

## ५.२.५ भाषागत अवस्था

यस अध्ययन क्षेत्रका थारु जातिहरु आफ्नो घर परिवारमा मातृभाषाको प्रयोग गर्दछन् भने घर बाहिर नेपाली भाषा बोल्ने गर्दछन् । समुदायमा थारु सदस्यहरु एक आपसमा भेट हुँदा घर वाहिर पनि थारु भाषा नै बोल्ने गरेको पाइन्छ । थारु समुदायका परिवारमा परिवारको सदस्यहरु वीच थारु भाषामानै बोलचाल हुने भएकोले परिवारको बाल बालिकाहरुले थारु भाषा नै बोल्ने गरेको पाइयो । बर्तमानमा कतिपय जातिहरुको आफ्नो मातृभाषा लोप भइसकेतापनि थारु जातिमा भने परिवारमा मातृभाषा बोलिने भएकाले यस प्रकारको अवस्था नरहेको देखिन्छ । समुदायमा पहिलेका बुढापाका थारु बाहेक अरु सवै थारुहरुले नेपाली भाषा बोल्न सक्दछन् । शैक्षिक विकास

तथा अन्य जातिको प्रभावले गर्दा यस क्षेत्रका थारुजातिको भाषामा समेत केहि प्रभाव भने परेको पाइन्छ ।

## ५.२.६ देवीदेवताहरु

क) गाउँ देवता

गाउ देवता परापूर्व कालका सिद्ध पूरुसको प्रतिविम्ब मानिन्छ । प्राय गाउँमा एउटा ग्राम देवताको मूर्ति रहेको हुन्छ । यिनले परापूर्व समयमा स्थानिय गाउँलाई दैविप्रकोपबाट बचाएका थिए र हाल पनि यिनले दैविप्रकोवाट बचाउछन् भन्ने मान्यता राखिन्छ । गाउँलेहरुले प्रत्येक संकटको समयमा सिद्ध पुरुषको मुर्तिलाई पूजा गर्दछन् । साथै गाउँ नजिकैको ढुँगाको मूर्तिमा पनि पूजा गर्ने गरेको पाइन्छ ।

ख) कुल देवता

थारु समाजमा कुल देवताको पूजाले विशेपष महत्व राख्दछ । जितिया , सुकराति, सिरुवा आदि चाडमा मात्र नभएर विवाह जस्ता शुभ कार्यमा यिनीहरुको पूजा अनिवार्य हुन्छ । थारुहरुले घरैपिच्छे अलग अलग कुलायन राखेको पाइन्छ । कुल देवता लाइ परेवा, बोकन पाठीहरुको भोग दिने चलन छ । यि देवताहरुको कुनै मूर्ति हुदैन । यिनलाई इष्ट देवता भन्ने गरिन्छ ।

ग) भुतवा देवता

थारु जातिमा भुतको वारेमा विभिन्न ब्यक्तिको विभिन्न राय रहेको पाइयो । प्राय ब्यक्तिले भुत हुने कुरालाई नर्कान सकेको देखिंदैन । हुनत भुतलाई देवता मान्ने नगरिए पनि यिनिहरुले भुत देखि तर्सिएर भुतलाई देवताको रुपमा हरेक शुभ कार्यको अगाडि विध्न बाधा आइनपरोस् भनेर ठुलो रुख वा डर लाग्दो खाल्डो, ओडार जस्तो ठाउँमा ध्वजा, अविर आदि राखि पूजा गर्दछन् ।

## ५.२.७ अतिथि सत्कार

यस गाविसका थारुहरुले पाउनाको सत्कार गर्दा पहिला बस्ने ठाउ दिइन्छ । त्यसपछि पानी दिई संचोविसंचोको वारेमा सोधि जाँड, रक्सी, माछा, मासु खुवाएर सत्कार गर्ने गरेको पाइन्छ । जतिसुकै निम्न स्तर भएका परिवारले पनि पाउना घरमा आउँदा रिण गरेर भएतापनि पाउनालाइ माछा मासु तथा जाँड रक्सी खुवाउन कन्जुस्याई गरेको पाइदैन । यिनिहरुकोमा पाहुना धेरै दिन बस्ने गर्दैनन् । पाहुना बस्न आएका पाहुनाहरु केवल गफ गरेर बस्ने मात्र नभइ घरका मानिसले जुन काम गर्दछन् त्यसमा सहभागि हुने गर्दछन् ।

## ५.३ आर्थिक निरन्तरता

चितवन जिल्लाको पुरानो आदिवासीको रुपमा चिनिएको थारुजातिको प्रमुख पेशा भनेको नै कृषी हो । कृषी पेशा वाट नै उनिहरुको सम्पुण दैनिक गुजाराहरु टारिरहेका हुन्छन् जीविका उपार्जनका निमित्त उनिहरु अर्काको जग्गा कमाउने, मजदुरी गर्ने, ज्यालादारी गर्ने अरुको जग्गा ठेक्का कमाउने गरेको पाइन्छ ।

यस अध्ययन क्षेत्रको थारु जातिको आर्थिक निरन्तरताको अवस्थालाइ  तल विभिन्न शिर्षकमा देखाइएको छ ।

### ५.३.१ पेशा/ब्यावसाय

थारु जातिको पेशागत अवस्थालाई कृषी तथा पशुपालनलाई नै प्रमुख मान्न सकिन्छ । थारु जातिका सदस्यहरुले प्राय गरेर उक्त पेशा आधुनिक तथा व्यवसायिक हिषावले गर्ने नभइ निरन्तर आर्थिक गुजारा टार्ने तरिकाले गर्ने गरेको पाइन्छ । जसको कारणले थारु जातिको आर्थिक अवस्था विगत देखि वर्तमान सम्ममा आइपुग्दा पनि खासै त्यति धेरै उन्नति भएको पाउन सक्दैनौ । सामाजिक विकासको प्रमुख आधारनै अर्थोपार्जन हो जव सम्म समाजमा आर्थिक अवस्थामा सुधार आउदैन तव सम्म उक्त समाजमा शिक्षा, स्वास्थ्य लगायत अन्य विभिद पक्षमा सुधारको अपेक्षा गर्न सकिदैन । आर्थिक उन्नतिको प्रमुख सुचक नै पेशा हो जुन समाजका ब्यक्तिहरुले उचित तथा राम्रो पेशा ब्यावसाय अंगालेका हुन्छन् भने अवस्यनै उक्त समाजको आर्थिक अवस्था पनि राम्रो नै हुन्छ । यस अध्ययन क्षेत्रका थारुजातिका पेशाहरु निम्नानुशार रहेका छन् ।

### क) कृषि

यस क्षेत्रको प्रमुख पेशा कृषि हो । यहाँका मानिसहरुको आर्थिक क्रियाकलाप कृषिबाट नै प्रभावित भएको पाइन्छ । खास आधुनिक कृषि पद्धति नभएतापनि प्राचिन परम्परागत ढंगबाट खेती गरि यहाँका मानिसहरुले आफ्नो जीवन निर्वाह गरेका छन् । समथर भु-भाग भएको यस क्षेत्रमा जमीन जोत्नको लागि ट्याक्टरको सुविधा पुगेतापनि यस क्षेत्रका थारु जातिहरु अझैपनि हलो मार्फत जमीन खनजोत गर्ने गरेको पाइन्छ । खेत रोप्न तथा धान काट्न अझै पनि धेरैजसो थारु जातिले मेशिनको प्रयोग नगर्ने गरेको देखिन्छ । यहाँ मानिसको प्रमुख खेती भनेको धान बालि नै हो । तसर्थ यस क्षेत्रका मानिसले बर्षमा २ पटक सम्म धान लगाउने गर्दछन् । एक बालि तोरी तथा मुसुरो लगाउने गर्दछन् भने मकै बालिको सिजनमा पनि धान लगाउने गरेको पाइन्छ । प्रशस्त

मात्रामा धान उत्पादन हुने गरेकोले पनि यस क्षेत्रका मानिसहरुको नगदेबालि जस्तो तरकारी खेती, मेवा खेति, केरा खेती आदिमा ध्यान गएको देखिन्छ ।

यस क्षेत्रका थारु जातिका सिमित जमिन्दार व्यक्तिहरु बाहेक अन्य परिवारका जग्गा कम नै हुने गरेको पाइन्छ । जसको कारणले उनिहरुले आफ्नो खेतीबाट आएको आम्दानीले मात्र सम्पूर्ण आर्थिक गुजारा टार्न सक्दैनन् । यस्तो अवस्थामा जग्गा कम भएका व्यक्तिहरुले अरुको जग्गा अदिया कमाउने समेत गर्दछन् । यस अध्ययन क्षेत्रका थारु जातिले अरुको जग्गा अधियाँ कमाउन वाध्य भएको अध्ययन बाट देखिन्छ । यस अध्ययन क्षेत्रमा अध्ययन गरिएको कुल ३६ घरपरिवार मध्ये २४ घरपरिवार अर्थात ६६.७ प्रतिशत थारु जातिले अरुको खेत अधियाँ कमाउने गरेको देखिन्छ भने बाँकी ३३.३ प्रतिशत घरपरिवारले अरुको खेत नकमाउने गरेको देखिन्छ ।

## ख) पशुपंक्षीपालन

यस अध्ययन क्षेत्रका थारुहरुले कृषि पेशाका साथै घरमा व्यवसायिक तवरले पशुपालन गर्ने नभई दैनिक गुजारामा केही सहयोग पूग्ने हिसावले विभिन्न गाइगोरु, रागाँ भैँसी, भेडाबाखा, सँगुर, बँगुर, हाँस, कुखुरा आदि पालेका हुन्छन् । थारु जातिमा गाइगोरु तथा राँगा भैँसी पाल्नुको प्रमुख उद्देश्य भनेको गाडा चलाउनको साथै खनजोतको लागी पाल्ने गरेको देखिन्छ । थारु समुदायका व्यक्तिहरु दुध, दही मन पराउदैनन् । थारु जाती दुध तथा दही भन्दा पनि माछ्यामासुको सौखिन भएको कारणले उनिहरुले आर्थिक उपार्जनका साथै माछ्यामासु खान पाइने हुनाले पनि थारु जातिका प्रत्येक घरमा हाँस, कुखुरा तथा बाख्रा भने धेरै नै पाल्ने गरेको पाइन्छ । गाउँमा खुलेको दुध डेरी बाट गाउँका अन्य जातिहरुले धेरै आर्थिक लाभ लिने गरको पाइएतापनि यस क्षेत्रका प्राय थारु जातिले भने अझै पनि त्यस बाट उपयुक्त लाभ लिन सकेको देखिंदैन ।

## ग) ज्यालादारी

थारु समुदायका व्यक्तिहरु फुर्सदको समयमा स्थानीय स्थरमा भएका निर्माण कार्य तथा खेतीकार्यमा श्रमिक भै ज्यालादारी कार्य गर्ने गर्दछन् । यो कार्य प्राय गरेर जसको कम जमिन रहेको हुन्छ उसले आफ्नो खेतीपाती सम्पन्न भइसकेपछि अरुकोमा गएर ज्यालादारी काम गर्ने गर्दछन् । साथै खेतीपाती नहुने समयमा फुर्सदिला व्यक्तिहरु स्थानीय स्तरमा हुने घरबनाउने जस्ता कार्यमा सम्लग्न हुने गर्दछन् । यिनिहरुले ज्यालादारीको काम गर्नुको प्रमुख कारण भनेको उत्पादित खेतीले बर्षभरी खान नपुग्ने चाडबाडको लागी खर्च जोह गर्न र दैनिक मरमसलाहरु किन्नको लागी हो । जसको आफ्नो घरको अन्नपात वर्षभरी खाएर बेच्नपनि पुग्दछ भने उसले चाहीँ खासै मजदुरी गरेको पाइदैन ।

## घ) व्यापार व्यवसाय

यस अध्ययन क्षेत्रका थारु जातिले गर्ने व्यापार व्यवसाय भनेको प्राय गरेर किराना पसल तथा होटल अर्थात जाँड भट्टी रहेको पाइन्छ । किराना पसल जसमा दैनिक उपभोग्य वस्तुहरु दाल, चामल, नुन, मरमसला, साबुन सलाइ, चुरोट, रक्सी आदि सामान राख्ने गरेको पाइन्छ । होटल व्यवसाय भनेको चाँही जाँड तथा रक्सी भट्टीको रुपमा बुझ्न सकिन्छ । प्राय गरेर उक्त भट्टी साँझको समयमा संचालनमा आउने गर्दछ । दिनभरी ज्यालादारी काम गरेर थकित भएको व्यक्तिहरु त्यहाँ गएर रक्सी तथा सितन खाएर थकान मेटाउने गर्दछन् । कमाएको पैशालाई बैक तथा सहकारीमा बचत गर्ने बानी भने यस जातिमा कम नै पाइन्छ । अलिकति पैशा हुने वित्तिकै जाँड रक्सी र माछामासु खाएर सिध्याउने गर्दछ ।

## ५.३.२ भुस्वामित्वको स्थिति

यस अध्ययन क्षेत्रमा अध्ययन गरिएको स्थानमा थारु जातिको जग्गा जमीन प्राय गरेर १५ कठ्ठा भन्दा कम नै रहेको देखिन्छ । यस स्थानमा १ बिघा भन्दा कम जमीन भएका थारु जातिले प्राय गरेर अरुको जग्गा समेत अधियाँ कमाउने गरेको पाइन्छ । यस अध्ययन क्षेत्रमा अध्ययन गरिएको सिमित थारु जातिको जग्गा २ विघा भन्दा बढि रहेको देखिन्छ । ऊनिहरु चाहिं अरुको जग्गा अधियाँ कमाउने नभै आफ्नो केहि जग्गा अरुलाई अधियाँ कमाउन दिने गरेको पाइन्छ । थारु जातिको आम्दानिको प्रमुख श्रोत भनेको अन्नवाली बिक्रि नै भएको हुँदा यस क्षेत्रका थारु जातिका कम जग्गा भएका व्यक्तिहरुले अरुको जग्गा अधियाँ कमाएर भएपनि आफ्नो दैनिक गुजारा चलाउने गरेको पाइन्छ । बढ्दो जनसंख्या तथा आर्थिक उपार्जनको अन्य विकल्पको कमिको कारण पनि यस क्षेत्रका थारु जातिको परिवारको जमीन क्रमश घट्दै गएको देखिन्छ । थारु जातिको आय आर्जनको प्रमुख श्रोत केवल कृषि मात्र भएको कारणले पनि कतिपय थारुहरुले आफु संग भएको केहि जग्गा जमीन बेचर आर्थिक समस्या टार्ने गरेका पाइन्छ जसलाइ हामी थारु जातिको निरन्तरता जस्तै मान्न सक्दछौ ।

## ५.३.३ ऋृण/सहयोग लिने अवस्था

यस अध्ययन क्षेत्रका कतिपय थारु जातिहरु अझै पनि ऋृणको लागि साहु महाजन तथा जमीनदारको मात्र भर पर्ने गरेको पाइयो । दैनिक गुजाराको क्रममा समस्या परेमा सिधै उनिहरु साहुमहाजन तथा जमीनदारकोमा गएर दुखेसो गर्ने गरेको पाइयो । आर्थिक अवस्था कमजोर भएका थारु जातिहरु केवल नगद मात्र ऋृण लिने नभइ घरको अन्नपात सकिएको अवस्थामा अन्न पनि लिने गरेको पाइयो । साहुमहाजन तथा जमीनदारकोमा सहयोग लिन जाने थारु जातिहरु जसको अत्यन्तै कम जमीन हुने तथा कतिपयको आफ्नो जमीन नभइ अरुको जग्गा अधियाँ कमाउनेहरु रहेको देखिन्छ । उनिहरुले साहुमहाजन संग लिएको नगद तथा जिन्सी सहयोगलाई प्राय गरेर ज्यालदारी तथा मजदुरी गरेर तिर्ने गरेको देखिन्छ ।

### ५.३.४ घरको बनावट

परंपरागत थारु जातिको घरको संरचना भनेको खडाइ तथा खपडा प्रयोग गरेर बनेको घर हो । यस अध्ययन क्षेत्रमा अध्ययन गरिएको थारु जातिहरुको कुल ३६ परिवार मध्ये अझै पनि १२ घरपरिवार अर्थात ३३.३ प्रतिशत थारु जातिको घर खडाइ तथा खपडा प्रयोग गरेर बनेको देखिन्छ । टायल, जस्ता तथा खरको प्रयोग गरेर बनेका घरहरु ४१.७ प्रतिशत रहेका छन् भने बाँकि २५ प्रतिशत घर ढलान गरेर बनाइएको छ । आर्थिक र्सथिति राम्रो भएका कतिपय थारु जातिहरुको घर पनि यस प्रकारको नै रहेका देखिन्छ । उनिहरुको अनुसार यस क्षेत्र अत्यन्तै गर्मी हुने ठाउँ भएकोले अहिले बनेका आधुनिक घर भन्दा परंपरागत घर जुन निकै सितल दिने खालको हुन्छ ।

# अध्याय-६

# सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवर्तन

समाज परिवर्तनसिल अवधारण हो । हिजोको समाज जस्तो थियो आजको समाज त्यस्तो छैन, आजको समाज जस्तो छ, भोलि त्यो नहुन सक्दछ । प्राचिन कालको समाज समय अन्तराल संगै सामाजिक जीवनका हरेक पक्षहरुमा परिष्कार तथा परिमार्जनहरु भइरहेका छन् । प्राचिन कालको घुमन्ते समाजले गरेको आगोको आविष्कार संगै तात्कालिन समाजमा निकै ठुलो परिवर्तन ल्यायदियो । बसोवासमा स्थिरता आउनुको साथै कार्य विभाजनको सुरुवात समेत गरायो । जंगलवाट खोजेर ल्याएको कन्दमुल र शिकारलाई पालेर तथा पोलेर खाने गरियो । बसोवासमा आएको स्थाइत्व संगै पशुपालन तथा खेति प्रणालीको विकास गरायो । पशुपालन तथा खेति प्रणालीमा आएको विकास संगै विस्तारै समाज औधोगिक समाजमा प्रवेश गर्‍यो । समाजमा परिवर्तन तथा विकासको क्रम छिटो छिटो हुन थाल्यो । समाज विकासको क्रममा विभिन्न संस्थाहरु, नाता सम्बन्ध, प्रथा, परंपरा, रितिरिवाज, चालचलन, नियम, कानुन, मुल्य, मान्यता, विभिन्न कार्यप्रणालीहरु ब्यवहार तथा अर्न्तसम्बन्धहरुको विकास हुँदै परिवर्तन र परिष्कृत हुँदै अघि बेढेको पाइन्छ । समाज विस्तारै सरलता वाट जटिलता, एकरुपता वाट बहुरुपता, साधारण प्रविधि वाट उच्चस्तरिय प्रविधिको प्रयोग गर्न सक्ने हैसियतको बृद्धि भयो ।

थारु समाजमा पनि समाज परिवर्तनको प्रकृया संगै विगत देखि वर्तमान सम्ममा उनिहरुको भेषभुषा, चालचलन, रितरिवाज प्रथा परंपरा, संस्कृति, मुल्य, मान्यता आदि जस्ता विभिन्न पक्षमा निकै परिवर्तन आएको देखिन्छ । नेपालमा रहेका विभिन्न जनजाति मध्य थारुजातिको पनि आफ्नो छुट्टै अस्तित्व रहेको पाइन्छ । जसमा उनिहरुले समाज तथा परिवार संचालनका लागि आफ्नै भाषा, संस्कृति, मुल्य, मान्यता, सामाजिक संस्थाहरु संघ संगठन तथा सामाजिक प्रणालीको विकास गरेका छन् । समयको परिर्वतन संगै उनिहरुको सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षहरुमा परिवर्तन आइरहेको छ जसलाय विभिन्न शिर्षक तथा उपशिर्षक हरुमा तल देखाइएको छ ।

## ६.१ सामाजिक परिवर्तन

थारु जातिको समाज विगतमा जस्तो थियो, बर्तमानमा सोहिअनुरुपको समाज नहुनको प्रमुख कारण भनेको सामाजिक परिवर्तन नै हो । मानिस एउटा सामाजिक प्राणी भएको कारणले पनि ऊ समाज तथा समुदाय वाट अलग रहेर बस्न सक्दैन । उसले आफ्नो दैनिक जीवनयापनको क्रममा आफु समुदायमा रहनका लागि समाजलाई एक सुत्रमा बाध्ने प्रयास गरेको हुन्छ । समाज अनुरुपनै उसले आफ्नो दैनिक कृयाकलापहरु गरिरहेको हुन्छ । अर्न्तकृयाकै क्रममा उसले समाजका

विभिन्न जात जाति संग अर्न्तसम्बन्ध बढाइरहेको हुन्छ । उक्त अर्न्तकृया र अर्न्तसम्बन्धले समाजका व्यक्तिहरुको आवस्यकताहरु परिपूर्ति पनि भइरहेको हुन्छ । जस्तो उदाहरणको लागि थारुजातिले दमाइकोमा लुगा सिलाउनु, ब्राहमणलाई पूरोहित बनाउनु, सार्कीकोमा जुत्ता सिलाउन दिनु आदि यस अध्ययन क्षेत्रका थारु जातिको सामाजिक परिवर्तनको अवस्थालाई तल विभिन्न शिर्षकमा चर्चा गरिएको छ ।

## ६.१.१ शैक्षिक परिवर्तन

शिक्षा नै समाज विकासको प्रमुख आधार हो । शिक्षाको विकास विना समाज विकासको कल्पना गर्न सकिदैन । विगतको अवस्थालाइ हेर्ने हो भने अन्य जातजातिहरुको दाजोमा थारुजातिले शिक्षालाई कम नै महत्व दिएको पाइन्छ । “पढल लिखल कथि काम” भन्ने यस जातिमा हाल आएर आफ्नो बाल बच्चालाई पढ्न पठाउनु आफ्नो कर्तब्य  ठान्नु नै यस जातिमा शिक्षामा आएका ठूलो परिवर्तन मान्न सकिन्छ । गाउँमा सरकारि तथा निजि विधालयको बृद्धि संगै यस थारुजातिका अभिभावकहरुले छोरा सरह छोरीलाई पनि स्कुल पठाउन थालेका छन् ।

यस अध्ययन क्षेत्रमा गरिएको अध्ययन अनुसार यस क्षेत्रका थारु जातिको शैक्षिक स्तरलाइ शिक्षाको आधारमा बर्गिकरण गरेर निम्न तालिकामा प्रस्तुत गरिएको छ जसले थारुजातिमा आएको परिवर्तनलाइ प्रष्ट पार्दछ ।

तालिका ८: शैक्षिक अवस्था

| शिक्षा | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ४० | १९.२ |
| साक्षर | ६१ | २९.३ |
| प्राथमिक | ५३ | २५.५ |
| निम्न माध्यामिक | १६ | ७.७ |
| माध्यमिक | २१ | १०.१ |
| उच्च शिक्षा | १७ | ८.२ |
| जम्मा | २०८ | १०० |

स्रोतः स्थलगत सर्भेक्षण, २०६९

तालिका ८ अनुसार थारु जातिको कुल २०८ जनसंख्या मध्ये ८०.८ प्रतिशत अर्थात १६८ जनाले लेखपढ गर्न सक्नुको साथै त्यस मध्य पनि १७ जना अर्थात ८.२ प्रतिशतले उच्च शिक्षा हासिल गरेको देखिन्छ भने बाँकीले क्रमशः प्राथमिक (२५.५ प्रतिशत), निम्न माध्यामिक (७.७ प्रतिशत) र माध्यामिक (१०.१ प्रतिशत) शिक्षा हाँसिल गरेका छन् ।

## ६.१.२ स्वास्थ्य स्थितीमा आएको परिवर्तन

थारु जातिमा विरामी पर्दा प्राय गरेर औषधीमूलोमा भन्दा पनि धामीझाक्री या गुरुवामा विश्वास गर्ने भएतापनि वर्तमान सन्दर्भमा शैक्षिक स्तरको वृद्धिसंगै यस अध्ययन क्षेत्रका प्राय थारु जातिहरु धामीझाक्री या गुरुवामा भन्दा पनि आधुनिक औषधोपचारमा नै विश्वास राख्ने गरेको पाइयो ।

यस अध्ययन क्षेत्रका अध्ययन गरिएको ३६ घर परिवारहरु विरामी पर्दा पहिला उपचार गर्ने स्थानलाई तल तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ९: विरामी पर्दा पहिला उपचार गराउने स्थान

| उपचार गर्ने स्थान | संख्या | प्रतिशत |
|---|---|---|
| औषधी पसल | १९ | ५२.८ |
| प्राइभेट क्लिनिक | ४ | ११.१ |
| अस्पताल | २ | ५.६ |
| स्वास्थ्य चौकी | ७ | १९.४ |
| गुरुवा/धामीझाक्री | ४ | ११.१ |
| जम्मा | ३६ | १०० |

स्रोत: स्थलगत सर्भेक्षण सर्भेक्षण, २०६९

तालिका ९ अनुसार यस अध्ययन क्षेत्रका कुल ३६ परिवार मध्ये ११.१ प्रतिशतले परिवारका सदस्यहरु विरामी पर्दा सबैभन्दा पहिला धामिझाक्री या गुरुवाकोमा लाने गरेको देखिन्छ भने बाँकी ८८.९ प्रतिशत परिवारले परिवारका सदस्यहरु विरामी पर्दा सवैभन्दा पहिला क्रमश: औषधी पसल (५२.८ प्रतिशत), प्राइभेट क्लिनिक (११.१ प्रतिशत), अस्पताल (५.६ प्रतिशत), स्वास्थ्य चौकी (१९.४ प्रतिशत) जाने गर्दछन् ।

माछा मासु तथा रक्सीमा मात्र ध्यान दिने यस थारु जातिका सदस्यहरु हाल आएर शैक्षिक स्तरमा आएको सुधार संगै श्वास्थ्य क्षेत्रको जनचेतनाले पनि हाल आएर उनिहरुको खानपिनमा परिवर्तन आएको पाइन्छ । पहाडियाको घरमा दुत दहि गनाउछ भन्ने यस जातिले हाल आएर दैनिक खानपिनमा कतिपय मानिसहरुले दुध दहि तथा फलफुल पनि प्रयोग गर्न थालेको पाइन्छ ।

## ६.१.३ पारिवारिक संरचनामा आएको परिवर्तन

विगतको अवस्थालाई हेर्ने हो भने थारु जातिको परिवार बृहत किसिमको हुने गरेको पाइन्छ । थारु जातिको प्रमुख पेशा कृषी हो । कृषि कार्यमा धेरै जनसक्तको आवस्यकता पर्ने भएकोले उनिहरु संयुक्त परिवारमा बस्न रुचाएको पाइन्छ ।

हाल थारु जातिमा शैक्षिक स्तरमा आएको विकास संगै  थारुजातिका कतिपय ब्यक्तहरु सरकारि तथा निजि संस्थाहरुमा नोकरिको साथसाथै विभिन्न पेशा ब्यबसायमा संलग्न हुनथालेका छन् सोहिकारण उनिहरुको पुरातन सोचविचारमा परिवर्तन आउन थालेको छ । दैनिक गुजारामुलक जिन्दगि भन्दा अलिक भिन्न किसिमले सोच विचार राखेको पाइन्छ । विश्व परिभेषमा बढ्दै गएको आधुनिकता संगै थारु जातिमा पनि ब्यक्तवादि सोच देखापर्न थालेको पाइन्छ । जसको कारणले थारुजातिको परिवार पनि संयुक्त परिवारवाट विस्तारै एकल परिवार उन्मुख हुन थालेको देखिन्छ । यस अध्ययन क्षेत्रमा अध्ययन गरिएको कुल ३६ घरपरिवार मध्ये हाल ४४.४ प्रतिशत अर्थात १६ घरपरिवार एकात्मक ढाँचाको परिवार रहेको छ भने बाँकी ५५.६ प्रतिशत अर्थात २० घरपरिवार संयुक्त ढाँचाको रहेको देखिन्छ ।

## ६.१.४ सामाजिक संगठनात्मक कार्यमा आएको परिवर्तन

यस अध्ययन क्षेत्रका उत्तरदाताक अनुसार थारु समाजमा सवै भन्दा ठुलो तथा गन्यमान्य व्यत्ति जमिनदार हुन्छ, त्यसपछि चौतारिया हुन्छ । समाजमा हरेक क्षेत्रमा उसको राम्रो पकड हुन्छ । समानमा रहेका कमजोर वर्गहरु तिनै जमिनदारमा आश्रित हुनपुगेका हुन्छन् । समानमा कुनै समस्या आइपरेमा तिनै जमिनदारलाई बोलाएर कचहरी बस्दछ । कचहरी समाजमा उत्पन्न समस्याको समाधान गर्नुको साथै दोषीलाई सजाय तोकिदिने गर्दछ । पहिलापहिला समाजका सदस्यहरुले जमिनदारलाई परिवारको प्रमुख जस्तै अर्थात अभिभावक सोच्दथे ठिक होस् वा वेठिक उसको आग्रहलाई सवैले मान्नै पर्ने हुन्थ्यो ।

तर वर्तमान समयमा वढ्दो आधुनिकता संगै समाजमा शैक्षिक स्तरमा भएको वृद्धिले पनि खासै जमिनदारी प्रथा विद्यमान नै रहेको भने पाईदैन । जमीनदारको हरेक ठिक या बेठिक जुनसुकै कुरा मान्नै पर्ने बाध्यात्मक परिस्थिति हराएर गएको छ । यद्यपि जमिनदारको समाजमा अझै पनि उच्च स्थान रहेको पाइन्छ ।

### ६.१.५ महिलाको स्थिती आएको परिबर्तन

थारु जातिको महिलाहरुको सथिति विगतमा भन्दा हाल आएर निकै परिवर्तन आएको देखिन्छ । थारु जातिका महिलाहरु समाजमा विभिन्न समुहमा आवद्ध हुन थालेका छन् । समुहमा महिलाहरुको एकता भएपछि गाउँमा हुने गरेको महिला यातना विरुद्ध खुलेर आवाज उठाउन थालेका छन् । महिला माथि हुने पूरुष दमनको बहस तथा चर्चा हुने गरेको छ । साथै समाजका कुनै महिला पारिवारिक यातना वाट पिडित भएमा महिला समुह नै घरमा गएर चेतावनि समेत दिने गरेको पाइन्छ । अनपढ महिलाहरु गाउँमा खुलेको प्रौढ शिक्षा मार्फत सामान्य लेख पढ गर्न सक्ने भएका छन् । प्राय घरपरिवारले छोरा सरह छोरीलाई पनि विद्यालय पठाउन थालेका छन् ।

## ६.२ सांस्कृतिक परिवर्तन

हिजोको समाज जुन किसिमको थियो आजको समाज त्यस किसिमको छैन, आजको समाज जस्तो छ भालिको समाज त्यस्तै अनुरुपको हुन्छ भन्ने छैन । यसको प्रमुख कारण भनेको समय परिस्थिति सन्दर्भ अनुसार संस्कृतिमा आउने परिवर्तन हो ।

हरेक जातिको समाज अनुरुप आ-आफ्नै फरक फरक संस्कृति हुने गर्दछ । समाज अनुरुप फरक फरक संस्कृति हुने भएकोले एक अर्काको संस्कृति देखासिकिको क्रममा उक्त समाजको संस्कृति पनि दिन प्रतिदिन परिवर्तन हुँदै गइरहेको हुन्छ ।

यस अध्ययन क्षेत्रका थारु समाजको संस्कृतिमा आएको परिवर्तनलाई  तल विभिन्न शिर्षकमा राखेर विश्लेषण गरिएको छ ।

### ६.२.१ भेषभुषा तथा आभुषणमा आएको परिवर्तन

थारु जातिको पुरानो पहिरन पुरुषहरुको लंगौटी, कछाड, कमिज, चदरी आदि हुन् भने महिलाहरुको पुरानो पहिरन झोलिया, थनेरी, लेहंगा प्रमुख हुन् । यस अध्ययन क्षेत्रका उत्तरदाताका अनुसार विगतका थारु जातिका महिला तथा पुरुषहरुले लगाउने पोशाक हाल भने आधुनिक पुस्तामा आएर परिर्वन आएको देखिन्छ । उक्त पुरानो पहिरनहरु हाल थारु जातिका बुढापाका ब्यत्तिहरुले लगाउने गरेको पाइन्छ ।

वर्तमानमा भने पुरुष तथा महिलाहरुले लगाउने परंपरागत पोशाकमा परिवर्तन भई पुरुषहरुले कमिज, पाइन्ट, टिसर्ट, लुगीं आदि लगाएको पाइन्छ भने महिलाहरुले सारी, ब्लाउज,

कुर्तासलवार, म्याक्सी, लुगीं आदि लगाएको पाइन्छ । बुढापाका पुरुषमा समेत लंगौटी लगाएर बस्ने प्रचलन लगभग हटिसकेको पाइन्छ ।

## ६.२.२ सामाजिक संस्कारमा आएको परिवर्तन

### क) जन्म संस्कार

बछौली गाविसका थारु जातिमा विगतमा जन्म संस्कार गुरवाद्धारा वच्चा जन्मेको ७-९ दिनमा सुतक चोख्याउने गरिन्थ्यो तर वर्तमानमा भने पहाडिया शहरनै ११ दिनमा सुतक चोख्याउने गर्दछन् । गाउँका कोही बाहुन पुरोहितलाई घरैमा बोलाउछन् । भने केही बाहुन पुरोहित कहाँ लगेर शुद्ध पारि ल्याएको गहुँतलाई घर लिपपोत गरी सफा बनाएर छर्ने गर्दछन् । वच्चा जन्मीएपछि तिथि मिति मिलाएर पूरोहितले नाम राखिदिन्छन् ।

### ख) विवाह संस्कार

थारु जातिमा सवै भन्दा प्रचलित विवाह हो । केटा पक्षबाट केटी पक्षका अभिभावकसंग कन्या मागेर बाबुआमाको राजीखुसीमा गरिने विवाहलाई नै मागि विवाह भनिन्छ ।

वर्तमानमा भने थारु जातिमा मागि विवाह अलवा प्रेम विवाह तथा भगाइ विवाह पनि हुने गरेको पाइन्छ । केटाकेटी एक आपसमा मनपराएर हुने विवाहलाई प्रेम विवाह भनिन्छ । थारु समाजमा यस किसिमको विवाह प्राय गरेर कम उमेरमा १५-१८ वर्ष उमेरको स्कुले केटाकेटीमा बढी हुने गरेको पाइन्छ । बछौली गाविसमा थारु जातको अलावा अन्य विभिन्न जातका मानिसहरु पनि रहेका हुनाले थारु जातमा हुने प्रेम विवाह अन्तरजातिय पनि हुने गरेको देखिन्छ । थारु जातिमा मागि विवाह तथा स्वजातिय विवाहलाई प्रशय दिने गरेको पाइएतापनि कथमकदाचित प्रेम विवाह मार्फत अर्न्तजातिय विवाह भइहालेमा पनि त्यसलाई त्यहाँका प्राय अभिभावकाहरुले सिविकार्न थालेको देखिन्छ । यस अध्ययन क्षेत्रमा गरिएको कुल ३६ घर परिवार मध्ये ९ घरपरिवारमा अर्न्तजातिय विवाह भएको पाइन्छ । जसमध्येका ७ घर परिवार अर्थात (७७.७ प्रतिशत) ले उक्त विवाहलाई सविकारेको अवस्था छ भने बाँकी २ घर परिवार अर्थात (२२.३ प्रतिशत) ले नस्विकारेको अवस्था छ ।

थारु जातिमा प्रचलित विवाह मागि विवाह संगै प्रेम विवाहको साथै उक्त प्रेम विवाहमा हुने गरेको अर्न्तजातिय विवाहले थारु जातिमा आएको सांस्कृतिक परिर्वनलाई संकेत गर्दछ ।

## ६.२.३ धार्मिक संस्कारमा आएको परिवर्तन

### क) तिज

यो चाड हिन्दु महिलाहरुले मनाउने महान चाड हो । थारु जातिले यस चाडलाई पहाडियाहरुले मनाउने चाड भनेर भन्ने गरिएता पनि हाल आएर थारु जातिका महिलाहरु पनि यस प्रति झुकाव राख्न थालेको पाइन्छ । अहिले बछौली गाविसमा विभिन्न महिला समुहहरु खुलिरहेका छन् । उक्त महिला समुहमा ब्राहमण, क्षेत्री तथा थारु जातका महिलाहरुका साथै अन्य जातका महिलाहरु पनि रहने गरेको पाइन्छ । तिजको समयमा महिलाहरुले समुहका सदस्यहरु मिलेर नाच गान तथा भोज को आयोजना गर्ने हुनाले पनि त्यसको असर थारु जातिका महिलाहरुमा पर्ने गरेको पाइयो । तिजको दिनमा नेपालमा सम्पुण महिलाहरुलाई सार्वजनिक विदा समेत दिने गरेको पाइन्छ । “तिज” विशेष गरेर महिलाको चाड भएकाले यस चाडमा महिलाहरुले घरायासी काम पुरुषलाई गर्न लगाउन दिने गर्दछन् । उनिहरु भने दिनभर निलाहार ब्रत बसेर नाचगान गरेर बेलुकामा शिवको पूजा आराधना गर्ने गर्दछन् ।

### ख) दशैं

सम्पुर्ण हिन्दुहरुको महान चाड “दशै” हो । यो चाडलाई सम्पुण हिन्दुहरुले माँ दुर्गा भवानीले राक्षसहरुलाई बध गरेको उपलक्षमा मनाउने गरेको पाइन्छ । घटस्थापनाको दिन वाट प्रारम्भ हुने दशैं सप्तमीमा फुलपाती भित्राउने कालरात्री गर्ने, अष्टमीमा बोकालाई बली दिने, बिजयादशमीको दिनमा टिका लगाउने आदि इत्यादि गरेर मनाइन्छ ।

थारु जातिको महान चाड “पितृ औंसी” दशै सुरु हुनु भन्दा ठिक १५ दिन अगाडि सुरु हुने गर्दछ । यस चाडलाइ थारु थारु जातिले धुमधामका साथ मनाएका हुन्छन् । यति हुँदाहुदै पनि वर्तमानमा थारु जातिहरुले दशैं चाडलाइ पनि विशेष रुपमा लिने गरेको पाइन्छ । थारु जातिले समाजमा अन्य जातिको देखासिकी गरेर विजयादशमीको दिनमा टिका समेत लगाउने गरेको पाइन्छ । अन्य जातिका मानिसले जस्तो आफ्नो घरमा टिका लगाइसकेपछी अरुहरुको घरमा गएर टिका लगाउने चलन चाहिं थारु जातिमा पाइदैन । थारु जातिले दशैंलाइ पहाडिया जातिको चाड भन्ने गरेतापनि वर्तमानमा आएर थारुजातिले समेत यस प्रति झुकाव राख्दै जानुलाई थारु जातिमा धार्मिक संस्कारमा आएको परिवर्तन मान्न सक्दछौ ।

## ६.२.४ धर्म

यस अध्ययन क्षेत्रका उत्तरदाताहरुको धर्मको स्थितिलाई हेर्ने हो भने प्रायजसो उत्तरदाता तथा तिनका परिवारका सदस्यहरुले हिन्दु धर्म मान्ने गरेको अध्ययन वाट पाइएको छ । हाल यस समुदायको कुनै कुनै परिवारहरु विभिन्न प्रचार तथा अन्य कारणले इशाई धर्म समेत मान्ने गरेको पाइयो । यस अध्ययन क्षेत्रमा अध्ययन गरिएको घरपरिवार मध्यको एक सदस्य फोहोरा महतो जस्को छोरा अपाङ्ग रहेको छ । कृष्चियन धर्म मानेमा छोरा ठिक हुन्छ कि भन्ने ऊनको धारणा देखिन्छ । कृष्चियन धर्म मानेमा दैवि विपत्ती नास भएर जानुको साथै सुख सान्ती छाउदछ भन्ने गरेको पाइन्छ ।

## ६.२.५ खानपिन

बछौली गाविसका थारुहरुले दिनमा तिन पटक खाना खाने गरेको पाइन्छ । दिउँसो खाजा खाने समयमा पनि भात अर्थात खाना खानै रुचाउने थारु जाति अहिले भने दिउसोको समयमा खाने खाजा भात मात्र नभएर अन्य चिज जस्तो चाउचाउ, विस्कुट, चिउरा, भुजा, रोटी आदि समेत खाने गरेको पाइन्छ । यो सबै हुनुको प्रमुख कारण समय परिस्थितिमा आएको बाध्यात्मक परिस्थिति पनि हो । थारु समाजमा अहिले छोरा छोरीलाई स्कुल पठाउनु आफ्नो पहिलो कर्तब्य सम्झन थालेको पाइन्छ । छोरा छोरीलाई स्कुल पठाउँदा भातलाइ खाजाको रुपमा लग्न असम्भव रहेकोले पनि अहिले खाजा प्राय गरेर बिष्कुट, चाउचाउ, चिउरा, भुजा, रोटि आदि चिज पठाउने गरेको देखिन्छ । प्राय गरेर रक्सी तथा माछा मासु खान मनपराउने यस जातिले हाल आएर स्वाश्थ्य क्षेत्रमा आएको चेतना संगै फलफुल तथा कसैकसैले दुध दहि जस्ता चिजमा मन लगाउन थालेको पाइन्छ ।

## ६.२.६ गरगहना

यस अध्ययन क्षेत्रका थारु जातिहरुमा महिलाले प्रयोग गर्ने गहनामा धेरै परिवर्तन आएको छ । पहिलेका थारु महिलाहरुले लखौटी, चुरी, चाँका पैसाका माला, चाँदिका कल्ली र ठुलो आकारका नथीयाहरु लगाउँथे भने हाल आएर यी गहनाको सट्टा साना आकारका सुन चाँदीका गरगहनाहरु लगाउन थालेको पाइन्छ । साथै बजारमा पाइने रेडिमेट सुनको जलप लगाएको गरगहनाहरु पनि लगाएको पाइन्छ । थारु जातिका पुरुषहरुले भने गरगहनाको खासै प्रयोग गरेको पाइदैन् ।

## ६.३ आर्थिक परिवर्तन

आर्थिक हिसावले हेर्दा चितवन जिल्लाको थारुहरु अन्य जातिका मानिसहरुभन्दा कमजोर रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका थारु जातिको प्रमुख पेशा भनेको कृषि हो । कृषि पेशा वाटनै उनिहरुको सम्पुण दैनिक गुजाराहरु चलिरहको हुन्थ्यो । तर वर्तमानमा थारु समुदायका युवा पुस्ताहरु कृषि पेशाका अलवा अन्य विभिद क्षेत्रहरु जस्तै नोकरी, ब्यापार ब्यावसाय तथा वैदेशिक रोजगारी तर्फ उन्मुख भइरहेको पाइन्छ । सोही कारणले थारु जातिमा दिन प्रतिदिन पहिलेको भन्दा वर्तमानमा निकै आर्थिक सुधार भइरहेको पाइन्छ ।

यस अध्ययन क्षेत्रका थारु जातिमा आइरहेको आर्थिक परिवर्तनलाई तल निम्न बुदामा देखाइएको छ ।

## ६.३.१ कृषि

यस अध्ययन क्षेत्रका थारु जातिको प्रमुख पेशा कृषि हो । यहाँको मानिसहरुको प्राय जसो आर्थिक कृयाकलाप कृषिबाट प्रभावित भएको पाइन्छ । विगतमा खास आधुनिक कृषि पद्धति नअपनाइकन परम्परागत ढंगबाट खेति गरिने गरेको पाइन्छ । तर अहिले भने विगतको परम्परागत ढंगबाट खेति गरिने पद्धतिमा परिवर्तन आएको देखिन्छ । पहिला पहिला हलो र कोदालोको भरमा खेत जोत्ने गरिन्थ्यो भने हाल आएर ट्याक्टरको प्रयोगले दिनमै कयौ विगाहा जमिन जोत्ने काम हुन्छ । किटनाशक औषधी तथा आधुनिक विकासे मलको प्रयोग गरेर विगतमा भन्दा वर्तमानमा उत्तिकै जमिनबाट धेरै भन्दा धेरै उतदन हुन थालेको पाइन्छ ।

यस अध्ययन क्षेत्रका कतिपय घर परिवारले व्यवसायिक खेति गर्न थालेको पाइयो । अध्ययन गरिएको कुल ३६ घर परिवार मध्ये २ वटा घरपरिवारले तरकारीखेती ४ वटा घरपरिवारले कुखुरा पालन तथा १ घरपरिवारले मौरी पालन गरेको पाइयो । जम्मा गरि कुल ३६ घर परिवार मध्येबाट ७ घर परिवारले व्यवसायिक खेती गर्ने गरेको पाइयो । यसबाट हामी के निश्कर्षमा पुग्न सक्दछौ भने थारु जातिका मानिसहरु विस्तारै गुजारामुखी खेती प्रणालीबाट पर हटेर अर्थोपार्जन हुने किसिमको खेति प्रणालीमा लाग्न थालेका छन् ।

## ६.३.२ श्रम तथा नोकरी

यस अध्ययन क्षेत्रका थारु समुदायका खेतिपाती नहुने व्यक्तिहरु फुर्सदको समयमा श्रमिक भइ ज्यालादारी कार्य गरेको पाइन्छ । तर वर्तमानमा भने समयको परिवर्तनसंगै थारु समुदायका कतिपय व्यक्तिहरुले नोकरीलाई पनि आम्दानीको स्रोत बनाएको देखिन्छ । अध्ययन गरिएका ३६ घर परिवारका २०८ सदस्यहरु मध्ये १८ जना विभिन्न सरकारी, सार्वजनिक संघसंस्था तथा व्यक्तिगत फर्महरुमा काम गर्ने गरेको पाइयो । केवल कृषि कार्यमा मात्र संलग्न रहने थारु जाति हाल आएर

विभिन्न किसिमको नोकरी गर्न थालेकाले पनि यस समुदायमा आएको आर्थिक परिवर्तनलाई संकेत गर्दछ ।

## ६.३.३ वैदेशिक रोजगारी

यस अध्ययन क्षेत्रका थारु समुदायका युवा पुस्ताहरु विदेश जाने क्रम बढेको देखिन्छ । सोही कारणले थारु समाजको आम्दानीको विभिन्न स्रोतहरु मध्ये वैदेशिक रोजगारीले पनि ठूलै हिस्सा ओगटेको पाइन्छ । यहाँका युवाहरु विदेशमा प्राय गरेर खाडि मुलुकहरु जस्तै मलेसिया, कतार, दुवई, साउदी अरव, अफगानिस्तान, ओमन आदि ठाउँमा जाने गरेको देखिन्छ । यस अध्ययन क्षेत्रका व्यक्तिहरु विदेशबाट कमाएर ल्याएको पैसाले प्राय गरेर घर तथा घडेरीमा लगानी गर्ने गरेको देखिन्छ । जसको कारणले थारु समुदायको परम्परागत घरको बनावटमा समेत परिवर्तन आएको देखिन्छ । थारुहरुको परम्परागत घरको बनावटमा समेत परिवर्तन आएको देखिन्छ । थारुहरुको परम्परागत घरको गाह्रोमा खडाइ र छानोमा खपडा प्रयोग हुने गरेको पाइन्छ । तर वर्तमानमा भने त्यस प्रकारको घरको वनावटमा विस्तारै परिवर्तन आइरहेको देखिन्छ ।

यस अध्ययन क्षेत्रमा अध्ययन गरेको ३६ घरपरिवार सदस्यहरु मध्येबाट १० घरपरिवारका व्यक्तिहरु विदेश गएको देखिन्छ ।

## ६.३.४ घरको वनावटमा आएको परिवर्तन

थारु जातिको घर प्राय गरेर खडाइ तथा खपडा प्रयोग गरेर बनाउने गरेको पाइन्छ । यस जातिको परम्परागत घरको चिनारी पनि यस किसिमको घर नै हो । थारु जातिमा आएको आर्थिक सुधार संगै घरको बनावटमा पनि विस्तारै परिवर्तन हुँदै गएको देखिन्छ । प्राय घरहरु इट्टा तथा छानोमा जस्ताको प्रयोग गरेर बनाएको देखिन्छ । कतिपय घरहरु भने पिल्लर सिस्टमबाट ढलान गरेर समेत बनेका छन् । यस अध्ययन क्षेत्रका थारु जातिको घरको बनावटमा आएको परिवर्तलाई तलको तालिकामा देखाइएको छ ।

तालिका १०: घरको छानाको किसिमको आधारमा उत्तरदाताको परिवारको विवरण

| छानाको किसिम | परिवार संख्या | प्रतिसत |
|---|---|---|
| खर | २ | ५.६ |
| खपडा | १२ | ३३.३ |
| टायल | १ | २.८ |
| जस्ता | १२ | ३३.३ |
| ढलान | ९ | २५ |
| जम्मा | ३६ | १०० |

स्रोत: स्थलगत अध्ययन, २०६९

तालिका १० अनुसार कुल ३६ घर परिवार मध्ये २७ वटा (७५ प्रतिशत) को घर कच्चि र बाँकी ९ वटा घर (२५ प्रतिशत) पक्की रहेका छन् । कच्चि घर अनर्तगत खरको छानो, खपडा, जस्ता र टायललाई मानिएको छ भने पक्की घर अर्न्तगत पिलर सिस्टमले ढलान गरेर बनाइएको घरलाई मानिएको छ ।

## ६.३.५ ऋण/सहयोग लिने अवस्था

यस अध्ययन क्षेत्रका उत्तरदाताको अनुसार विगतको अवस्थामा थारु समाजमा ऋण लिनु परेमा या सहयोग माग्नु परेमा इष्टमित्र या साहुमहाजनको वाहेक कुनै विकल्प नरहेको पाइन्छ । थारु समुदायका ब्यत्तिहरुले दैनिक गुजारा टार्न समस्या परेको बखतमा समाजका जमीनदार जस्ता साहुमहाजन मार्फत ऋण लिने गरेको देखिन्छ ।

हाल थारु समुदायका कुनै न कुनै सदस्यहरु कुनै न कुनै समुहमा आवद्ध रहने गरेका छन् । ऊक्त समुहमा उनिहरुले महिनावारि रुपमा आफुले कमाएको केहि रकम बचत गर्ने गरेको पाइयो । आफुलाई गारो सारो परेको वेलामा सोहि समुहवाट ऋणको रुपमा आवस्यक रकम लिने गर्दछन् । उक्त ऋण लिदा केवल घरायासी समस्या टार्न मात्र नभएर पशु पंक्षी खरिद गर्न, घर वनाउन, खेतिपाति गर्नको साथै हाल यस थारु समुदायको प्राय ब्यक्तिहरुले परिवारको सदस्य विदेश पठाउनको लागि समेत ऋण लिने गरेको देखिन्छ । विदेश पठाउनलाई धेरै रकम आवस्यक पर्ने भएकोले केवल समुहवाट झिकेको पैसाले मात्र नपुग्ने भएकोले अन्य विभिन्न संस्थाहरु सानाकिसान, कृषि विकास वैंक तथा विभिन्न सहकारी संस्था मार्फत ऋण लिने गरेको देखिन्छ ।

## ६.३.६ शौचालयको अवस्था

उत्तरदाताका अनुसार थारु जातिका सदस्यहरु दिशा पिशाव गर्न प्राय घर देखि अन्तै कतै जाने गर्दथे । थारु जातिका सदस्यहरु प्राय गरेर एकै ठाउँमा दिशापिशाव गर्नु भन्दा खुल्ला रुपमा घर बाट टाढा खोला नदि भएको ठाउँ तिर जान मनपराउने गरेको पाइयो । तर हाल थारु जातिमा आएको आर्थिक तथा शैक्षिक सुधार संगै प्राय घर परिवारले चर्पिको प्रयोग गर्न थालेको देखिन्छ । हाल खुला दिशा पिशाव मुक्त क्षेत्र अभियानले पनि यस क्षेत्रका थारु जातिका घर परिवारले अनिवार्य रुपमा शौचालय बनाउनु परेको देखिन्छ । यहाँ बन्दै गएको नयाँ घर संगै सेफ्टी ट्यांक सहितको शौचालय बनेको देखिन्छ । यस अध्ययन क्षेत्रमा गरिएको अध्ययन अनुसार कुल ३६ घर परिवार मध्ये २० घर परिवार अर्थात ५६ प्रतिशतको शौचालय सेफ्टी ट्याङक सहितको रहेको छ भने बाँकी १६ घर परिवार अर्थात ४६ प्रतिशतको शौचालय बोरा तथा खडाइले बारेको खाल्डो रहेको देखिन्छ ।

## ६.३.७ आधुनिक सुविधामा पहुँच

अध्ययन गरिएको क्षेत्र तराइको सुगम क्षेत्र अर्न्तगत नै पर्दछ । अध्ययन गरिएको घर परिवारमा रेडियो, क्यासेट प्लेयर, क्यामरा, टि.भी., यातायातका साधन, हिटर, टेलिफोन, मोवाइल, आदि जस्ता सुविधालाई आधुनिक सुविधामा पहुँच मानिएको छ । यसरी आधुनिक सुविधाको पहुँचमा थारु जातिको परिवारको अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ११: आधुनिक सुविधाको साधनमा पहुँचको अवस्था

| आधुनिक सुविधाका साधनहरु | भएको घरपरिवार | नभएको घरपरिवार |
|---|---|---|
| मोवाइल/टेलिफोन | ३१ | ५ |
| रेडियो/क्यासेट प्लेयर | २५ | ११ |
| टि.भी. | २० | १६ |
| यातायातका साधन (साइकल) | ३५ | १ |
| यातायातको साधन (बाइक) | ७ | २९ |

स्रोतः स्थलगत सर्भेक्षण, २०६९

तालिका ११ अनुसार यस अध्ययन क्षेत्रमा साइकल तथा मोवाइल लगभग प्राय घरपरिवारमा हुने गरेको देखिन्छ । ३५ घर परिवार अर्थात ९७ प्रतिशत घरमा साइकल भएको देखिन्छ भने ३१ घर परिवार अर्थात ८६ प्रतिशत घरमा मोवाइल तथा टेलिफोन सुविधा पुगेको देखिन्छ जसमध्य अत्याधिक घरमा मोवाइल नै रहेको देखिन्छ । टिभी तथा रेडियो/क्यासेट प्लेयर क्रमशः ५६ प्रतिशत र ६९ प्रतिशत घर परिवारमा रहेको देखिन्छ । ७ घर परिवार अर्थात १९ प्रतिशत घर परिवारमा मोटर बाइक समेत रहेको देखिन्छ ।

हाल यस अध्ययन क्षेत्रका थारु जातिहरुको आधुनिक सुविधाको साधनहरुमा पहुँच बढ्दै गएको माथिको तालिका वाट प्रष्ट हुन्छ । मोवाइल तथा साइकल लगभग प्रायजसो सवै घरपरिवारमा रहेको देखिन्छ । नेपाल टेलिकम तथा एनसेल कम्पनिको मोवाइलको टावरको क्षमता यस क्षेत्रमा पुगेपछि निर्वाधरुपमा मोवाइलको प्रयोग बढ्न थालेको देखिन्छ ।

# अध्याय सात

# साराशं, निष्कर्ष र सुझावहरु

## ७.१ सारांश

तराइ क्षेत्रको आदिवासिको रुपमा चिनिएको थारु जाति नेपालको पुर्व मेचीदेखि पश्चिम महाकाली सम्मको क्षेत्र चुरे तथा महाभारत पर्वत विचको भित्री मधेशमा छरिएर रहेका छन् । चितवन, वारा, पर्सा, रौतहट, नवलपरासी, रुपन्देहि, कन्चनपुर, झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, सर्लाही, धनुषा, महोत्तरी आदि जिल्लाहरुमा छरिएर रहेका छन् ।

प्रस्तुत अध्ययन शिर्षक बछौली गाविसका थारुहरुको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाको निरन्तरता र परिवर्तनको सम्वन्धमा अध्ययन गरिएको छ । यस अध्ययनको प्रमुख उदेश्य यस स्थानमा रहेका थारु जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षको निरन्तरताको अवस्था र वर्तमानमा ऊनिहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षमा आएको परिवर्तनको वारेमा जानकारी लिनु हो । यस गाविसको वडा नं. ८ र ९ मा रहेको थारु जातिको जम्मा घर परिवार १४४ मध्ये वाट ३६ घर परिवारलाई लिइएको छ । प्राथमिक तथा द्वितीय स्रोत दुवै विधि अपनाएर तथ्याङक संकलन गरिएको छ । तथ्याङक संकलनको क्रममा विविध अवलोकन, मुख्य ब्यक्तिहरुसंगको अर्न्तवार्ता र घरधुरी सर्वेक्षण गरिएको छ । प्राप्त संकलित तथ्याङकलाई संख्यात्मक र गुणात्मक दुवै विधि प्रयोग गरिएको छ । अर्न्तवार्ता खास गरि थारु समुदायका ३६ घरहरुमा गई घरका मुख्य ब्यत्ति संग आमने सामने बसेर तिनिहरुको सामाजिक, सांस्कृतिक र आर्थिक निरन्तरता र परिवर्तन सम्बन्धि तथ्याङक संकलन गरिएको छ भने अवलोकनको क्रममा उत्तरदाता परिवारको दिनचर्या, भषभुषा, घरको बनावट साथै स्वयं उत्तरदाताको बारेमा अवलोकन गरिएको छ ।

यस बछौली गाविसको कुल जनसंख्या २०५८ सालको जनगणना अनुसार १०४४३ रहेकोमा थारुहरुको जनसंख्या ५०१६ रहेको छ जसले यस गाविसको जनसंख्याको ४८.०३% ओगटेको छ । यस गाविसमा अत्याधिक संख्या हिन्दु धर्मावलम्विहरु रहेका छन् । यस गाविसको कुल जनसंख्याको ९०.२७% ब्यक्तिले हिन्दु धर्म मान्ने गर्दछन् । भाषागत आधारमा हेर्ने हो भने पनि कुल जनसंख्याको ४५.३८% ब्यक्तिहरुले थारु भाषा नै बोल्ने गरेको पाइन्छ । उक्त भाषानै यस गाविसको सवै भन्दा बढि बोलिने भाषा हो ।

यस अध्ययन क्षेत्र अर्थात बछौली गाविस का थारुहरु प्राय गरेर संयुक्त परिवारमा बस्न रुचाउदछन् । परिवारमा धेरै सदस्य भएमा घरायासि कामकाज तथा कृषि कार्यमा सहजता आउने उनिहरुको धारणा पाइन्छ । सोहि मान्यताका कारण पनि वर्तमानको परिवर्तित समयमा पनि अध्ययन गरिएको ३६ घर परिवार मध्ये अझै पनि २० घर परिवार संयुक्त परिवारमा रहेको पाइयो ।

“पढल लिखल कथि काम” भन्ने यस जातिमा अहिले परिवारका अभिभावकले आफ्नो बाल बच्चालाई विद्यालय पठाउनु आफ्नो कर्तब्य मान्न थालेका छन । जति पढे लेखे पनि आखिरिमा काम नगरे खान पाइदेन भन्ने सोचाइ रहेको यस जातिमा अहिले गाउँका कतिपय बयष्क ब्यक्ति समेत प्रौढ शिक्षा लिइरहेको पाइन्छ । जस अनुसार यस गाविसको उत्तरदाताको शैक्षिक सिथितिलाई निरक्षर १९.२%, साक्षर २९.३%, प्राथमिक २५.५%, निम्न माध्यामिक ७.७%, माध्यामिक १०.१% र उच्च शिक्षा हाषिल गर्ने ८.२% रहेका छन् ।

थारु जातिको खानपिनको अवस्थालाई हेर्ने हो भने यस जातिमा खाना तिन पटक सम्म खाने गरेको र कहिलेकाहिँ ४ पटक सम्म पनि खाने गरेको पाइयो । प्रतेक समयको खानालाई आफ्नै भाषाको नाम दिएको पाइयो । खानामा प्राय दाल, भात, रोटी, माछा, मासु, जाँड, रक्सी खाने गरेको पाइयो । तर हाल भने थारु जातिको पेशा ब्यावसाय तथा दिनचर्यामा आएको परिवर्तन संगै विस्तारै उनिहरुको खानपानमा पनि परिवर्तन आइरहेको अध्ययनको क्रममा पाइयो । बाल बालिकाहरुलाई स्कुल पठाउँदा लैजाने खाजा जसमा चाउचाउ, बिस्कुट, भुजा, चिउरा, रोटी आदि प्रयोग गरेको देखियो । घरमै रहेको सदस्यहरुले पनि अध्ययन गरिएका घर परिवार मध्ये केहिले दिउसोमा खाना बाहेक अन्य विभिन्न खाद्यान्नहरु चिउरा, भुजा, चाउचाउ, रोटी खान थालेका देखियो । बाहुनको घरमा दुध दहि गनाउछ भन्ने यस जातिको हाल स्वास्थ्य क्षेत्रमा आएको जनचेतनासंगै केहिले दुधकै लागि भनेर घरमा भैंसी समेत पाल्ने गरेको पाइयो ।

थारु जातिको अर्थोपार्जनको प्रमुख श्रोत भनेको कृषि हो । कृषि नै यस जातिको प्रमुख पेशा हो । यो पेशालाई नै परम्परागत समय देखि वर्तमान सम्मको थारु जातिको आर्थिक निरन्तरता मान्न सकिन्छ । अहिले भने यस अध्ययन क्षेत्रका थारु समुदायको सम्पूर्ण व्यक्तिहरु केबल कृषिमा मात्र निर्भर नरहेको पाइयो । अहिले आएर वैदेशिक रोजगार यस जातिको राम्रो आय श्रोत भएको छ । वैदेशिक रोजगारमा लाग्नुको साथै थारु समुदायका कतिपय व्यक्तिहरुले विभिन्न सरकारी तथा निजि क्षेत्रहरुमा नोकरी समेत गर्न थालेको पाइयो ।

थारु समुदायको परम्परागत घरको संरचना प्राय गरेर खडाइ तथा खपडा प्रयोग गरेर बनेको पाइयो । यस प्रकारको घर थारु समुदायमा अझै पनि देख्न सकिन्छ । तर वर्तमानमा भने थारु समुदायमा आएको आर्थिक उन्नति संगै नयाँ बन्ने घरहरु प्राय इट्टा तथा जस्ता प्रयोग गरेर बनेको देखिन्छ । साथै कतिपय घरहरु पिलरसिष्टमवाट ढलान समेत गरेर बनेको पाइयो । अध्ययन क्षेत्रमा गरिएको अध्ययन अनुसार यस क्षेत्रमा अध्ययन गरिएको ३६ घर परिवार मध्य ७५% घर कच्चि र २५% घर पक्कि रहेको देखिन्छ । यसैगरि छानोको प्रकारलाई हेर्दा खरले छाएको ५.६%, खपडा भएको ३३.३%, टायल भएको २.८%, जस्ता भएको ३३.३% र ढलान भएको २५% छन् ।

यस गाविसका थारुहरुले लगाउने पूरुषहरुको परंपरागत पोशाक लंगौटि, कछाड, कमिज, चहरि आदि हुन् भने नारिहरुले लगाउने पहिरनमा झोलिया, थनेरी, लेहंगा प्रमुख हुन् । तर हाल बढ्दो आधुनिकता संगै थारु जातिका पुरुष तथा महिलाहरुले लगाउने परंपरागत पोशाकमा

परिवर्तन आएको देखिन्छ। पुरुषहरुले प्राय गरेर टिसर्ट, पाइन्ट, कमिज आदि लगाएको पाइन्छ भने महिलाहरुले कुर्ता सुरुवाल, सारी, ब्लाउज तथा म्याक्सी लगाउने गरेको पाइन्छ।

बछैली गाविसका थारु जातिका विभिन्न संस्कार र चाडपर्व रहेका छन् । विभिद महत्वपुण संस्कारहरु मध्य जन्म संस्कार, नामाकरण संस्कार, विवाह संस्कार, मृत्यु संस्कार आदि रहेको पाइयो। चाडपर्वहरुमा होली(फागु), माघी, पितृ औंसी, दशै आदि प्रमुख चाड रहेको पाइयो । यि जातिका प्रमुख नाचहरु चैं विशेष गरेर झुम्रा र लट्ठी नाच रहेको पाइयो ।

## ७.२ निष्कर्ष

बछौली गाविसमा वसोवास गर्ने थारु जातिको सामाजिक, आर्थिक, सांस्कृतिक निरन्तरता र परिवर्तनको अवस्थाको अध्ययन पश्चात निम्न लिखित निष्कर्षमा पुग्न सकिन्छ।

समग्रमा हेर्दा अझै पनि थारु जातिलाई नेपालमा भएका विभिन्न जनजाति मध्य पिछडिएको जनजाति मानिन्छ । विशेषगरी यिनिहरु नेपालको तराइ क्षेत्रमा बसोवास गर्दछन् ।

थारु जातिले नेपाली भाषा बोल्न जान्ने भएता पनि आफ्नो घरमा प्राय गरेर थारु भाषा नै बोल्ने गर्दछन् ।

यस गाविसका अधिकांस थारु जातिले हिन्दु धर्म मान्ने गर्दछन् ।

यो जाति परिश्रमी र सरल प्रकृतिका देखिन्छन् ।

थारु जातिको परंपरागत पारिवारिक संरचना संयुक्त परिवार नै भएतापनि वर्तमानमा भने एकात्मक परिवार प्रति झुकाव वढ्दै गएको देखिन्छ।

थारु जातिमा अहिले सामान्य पढ लेख गर्न नसक्ने अर्थात निरक्षर ब्यक्ति भन्दा साक्षर ब्यक्ति नै बढि भएको देखिनछ।

थारु जातिका कतिपय बयष्क ब्यक्तिहरुले पनि अनौपचारिक शिक्षा अर्थात प्रौढ शिक्षा लिएको पाइयो ।

थारु जातिका महिलाहरुमा आएको शैक्षिक चेतना संगै गाउँमा विभिन्न प्रकारका महिला समुह खुलेको पाइयो जस्ले गाउँमा महिलाहरु विरुद्ध हुने पुरुष दमनका वारेमा वकालत समेत गर्ने गरेको पाइयो ।

धामी झाक्री तथा गुरवामा विश्वास गर्ने क्रम थारु समुदायका केहि वुढापाका ब्यक्ति बाहेक अन्यमा लगभग हटेको पाइन्छ।

थारु जाति अत्याधिक जाँड रक्सी खाने जातिको रुपमा चिनिएतापनि खानपानमा जाँड रक्सीको प्रयोग कम गरेको पाइयो ।

परंपरागत भेषभुषा गाउँका केहि बुढापाकामा मात्र सिमित भएको देखियो भने युवा युवतिहरुले आधुनिक पोषाक प्रयोग गरेको पाइयो ।

विवाह गर्दा झाँगा हाल्ने प्रचलन तथा भाउजु स्याहार्ने परंपरा हटेको पाइयो ।

मागी विवाहको साथ साथै प्रेम विवाह तथा अर्न्तजातिय विवाह गरेको पाइयो ।

जन्म संस्कार तथा विवाहमा ब्राहमण पुरोहितलाई घरमा बोलाएर कार्य सम्पन्न गर्ने गरेको पाइयो ।

विवाह गर्दा आफ्नो योग्यता अनुसार दाइजो दिने गरेको पाइयो ।

आफ्नो जग्गा जमीन कम भएका ब्यक्तिहरुले अर्काको जग्गा अधिँया कमाएर जिविकोपार्जन गरेको पाइयो ।

परंपरागत पेशा कृषिको अलवा नोकरी, ब्यापार तथा ज्यालादारी काम गरेको पाइयो ।वैदेशिक रोजगार यस समुदायका थारु जातिको कतिपय घरपरिवारको राम्रो तथा प्रमुख आय स्रोत भएको पाइयो ।

खडाइ र खपडाले बनेको परंपरागत घरको ढाँचा बनाउन छाडेर नयाँ ढाँचाका पक्की घरहरु बनाउन थालेको पाइयो ।

परिवारका सदस्य विरामी हुँदा गुरवा या धामीझाक्रीमा विश्वास नगरी प्राइभेट क्लिनिक या अस्पतालमा लाने गरेको पाइयो ।

## ७.३ सुझावहरु

तराइ क्षेत्रको सुगम क्षेत्र अर्न्तगत पर्ने यस बछौली गाविसका थारु जातिको सामाजिक तथा आर्थिक क्षेत्रमा विगतमा भन्दा निकै सुधार आएको देख्न सकिन्छ । तर पनि यो जाति अन्य जातजातिहरु भन्दा अझै पिछडिएको नै पाइन्छ । यसरी यी थारु जातिको संरक्षण, कल्याण, उत्थान तथा उनिहरुको सांस्कृतिक स्वरुपहरुको जगेर्ना गरी सामाजिक आर्थिक रुपमा माथी उठाउन निम्न सुझावहरु दिन सकिन्छ ।

### १ शिक्षा

थारुहरुले आफ्नो परिवारको बाल बालिकाहरुलाई विद्यालय पठाउन थालेतापनि ति बाल बालिकाहरुको उमेर बढ्दै गएपछि घरायासी काममा बढि भन्दा बढि संलग्न गराउने गरेको पाइयो । जसको कारणले थारु समुदायका कतिपय बाल बालिकाहरुको प्राथमिक शिक्षा वाट नै पढाइ छुटेको देखिन्छ । थारु जातिका अभिभावकहरुलाई उच्च शिक्षाको महत्वको वारेमा बुझाउनु पर्ने र शिक्षा प्रति विभिन्न ढंग वाट प्रोत्साहित गर्नु पर्दछ ।

## २ स्वास्थ्य

थारु जातिले खानपानमा प्राय गरेर माछा मासु तथा जाँड रक्सीमा बढि रुचि लगाएको पाइयो । दुध दहि तथा फलफुल जस्ता चिजमा अति कम ब्यक्तिले मन पराएको पाइयो । थारु जातिमा आहार विहारको असन्तुलनताको कारणले पनि यस समुदायका ब्यक्तिहरु बढि उमेर सम्म कम नै ब्यक्ति बाँचेको पाइन्छ । अत्याधिक जाँड रक्सी सेवन गर्ने गरेका कारण कतिपय ब्यक्तिहरुको अल्पआयुमानै मृत्यु हुने गरेको पाइयो । स्वस्थ्य जीवनको लागि मानव शरिरलाई संतुलित भोजनको अतिनै आवस्यकता पर्दछ । तसर्थ यस जातिमा स्वस्थ्य जीवनको लागि दुध, दहि तथा फलफुल जस्ता चिजको निकै महत्व रहेको हुन्छ भन्ने सचेतना जगाउनु आवस्यक छ ।

## ३ ब्यावसायिक खेतिमा जोड

थारु जातिको प्रमुख पेशा भनेको कुषि नै हो । जसको माध्यम वाट उनिहरुको सम्पुर्ण दैनिक गुजारा समेत चल्ने गरेको पाइयो । यस क्षेत्रका थारुहरुले प्राय गरेर धान खेति गर्ने गरेको देखिन्छ । बर्षमा २ पटक सम्म धान खेति लगाउने गर्दछन् । तर बढि भन्दा बढि आम्दानि हुने नगदेवाली तथा ब्यावसायिक खेति तर्फ भने त्यति ध्यान दिएको देखिदैन । जुन यस क्षेत्रका लागि उपयुक्त आर्थिका विकासको प्रमुख आधार हुन सक्दछ । सोहिकारण यस क्षेत्रका ब्यावसायिक खेति तर्फ इच्छुक ब्यक्तिलाई विभिन्न तालिमहरु दिएर यस तर्फ ध्यान आकर्षण गराउन सकिन्छ ।

## ४ रोजगार मुलक कार्यक्रम संचालन गर्नु पर्ने

यस क्षेत्रका युवा जनसक्तिहरु प्राय गरेर विदेश पलायन हुने गरेको पाइयो । जसको कारणले गाउँमा प्राय गरेर बुढापाका तथा बालवालिका जस्ता ब्यक्तिहरुको बाहुल्यता रहेको देखिन्छ । यस्तो वेलामा गाउँमा नै सिपमुलमक र रोजगारमुलक कार्यक्रमहरु संचालन गर्न सके उनिहरु गाउँमा नै बसेर आय मुलक काममा लाग्न सक्दथे । यस समुदायमा रहेका थारु जातिलाई राम्रो प्राविधिक तालिमको आयोजना गरेर विभिन्न उधोग धन्दा तथा कलकारखाना स्थापना गरेर रोजगारको अवसर प्रादान गरेमा वैदेशिक पलायनको क्रमलाई रोक्न सकिने देखिन्छ ।

## ५ फर्जुल खर्चमा कटौति

बछौली गाविसका थारुहरु भोजभतेर तथा चाडपर्वमा निकै पैसा खर्च गर्दछन् । उक्त अनावस्यक खर्चलाई यस जातिले कटौति गर्न सकेमा उनिहरुको आर्थिक अवस्था माथि अझै माथि उठ्न सक्ने देखिनछ ।

६ यस क्षेत्रमा रहेका जाँड तथा रक्सी खुवाउने विभिन्न भट्टिहरु हटाउनु अत्यन्तै आवस्यक देखिन्छ । जसको कारणले थारु समुदायका ब्यक्तिहरुको अनावस्यक रुपमा पैसा खर्च हुनुको साथै समाजमा हो-हल्ला समेत हुने गरेको पाइन्छ । रक्सी खाएकै कारण कहिलेकाहीँ गाउँमा झै-झगडा तथा काटमार समेत हुने गरेको पाइयो ।

७ थारु महिलाहरुलाई खाना बनाउनु, लुगा धुनु, घर सरसफाइ गर्नु, पशुपंछी हेर्ने घरायासी काम काज बाहेक अन्य आयमुलक कामहरुमा लगाइ उनिहरुको जीवनस्तर उकास्न जरुरत देखिन्छ । जसको लागि थारु समुदायमा रहेका महिलाहरुलाई विभिन्न सिपमुलक तालिमहरु दिलाउनु पर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


Bista, Dor Bahadur(1991). **Fatalism and Development.** Nepal's Struggle for Modernizations, Orient Longman Limited, New Delhi.

Bista, Dor Bahadur (1994). **People of Nepal**. Ranta Pustak Bhandar, Kathmandu.

Davis, Kigsley and Moore, Willbert (1945). Some Principles of Stratification In **American Sociological Review**, American Sociological Association, USA.

Harris, Marvin (1988). Theoretical Principles of Cultural Materialism, In Bohaman and Glazer(ed) **High Points In Anthropology**, Alfred A. Knoff. New work.

Macionis, John J.(1997). **Sociology**. 6th edition, Prentice Hall, New Jersey.

Maciver and Page (1996). **Society An Introductory Analysis**. Macmillan India Limited, New Delhi.

Malinowski, B. (1988). The Group of Individual In Functional Analysis In Bohaman and Glazer(ed) **High Points In Anthropology,** Alfred A Knoff, New work.

Marx, Karl and Engles, Friedrich (1977). **Manifesto of Communist Party**. Progress Publisher, Moscow.

Persons, Talcott (1953). Some Comments on the State of the general Theory of Action in **American Sociological Review**, Harvard University, USA.

Smelser, Neil J.(1998)**. The Sociology of Economic Life**. Second edition Prentice Hall of India Pvt. Ltd, New Delhi.

Smelser, Neil J. (1993). **Sociology.** 4th edition Prentice all of India P. Ltd , India.

Steward, Julian(1958). **Theory of Cultural Change,** University of illinois press, USA.

White, Leslie A(1988). Energy and Evolution of Culture in Bohaman and Glazer(ed) **High Points In Anthropology** , Alfred A. Knoff, New work.

Tylor, E.B. (1991). **Dictionary of Anthropology**. Goyal Saab Publishers and Distributors, New Delhi.

अधिकारी, रेशराज (२०५६): **नेपाली समाज र संस्कृति**, बिधार्थी पुस्तक भण्डार, काठमाडौं ।

आचार्य, बाबुराम(२०३९): थारु जातिको मुलघर कहाँ ?**, नेपाल सांस्कृतिक परिषद जनरल पत्रिका ।**

केन्द्रिय तथ्याङ्क विभाग(२०५८): **राष्ट्रिय जनगणना २०५८,** काठमाडौं ।

चौधरी, लेखनाथ (२०५५): थारु जातिको सामाजिक, **सांस्कृतिक अध्ययन**, शरिता प्रकाशन, काठमाडौं ।

जोशी, सत्यमोहन (२०२७): लोक संस्कृति सर्वेक्षण यसको भुमिका र यस सम्बन्धी परिचर्चा, **प्रज्ञा**, वर्ष १, अंक १ ।

ढुङ्गाना, अरुणकुमार (२०५०): **थारु जातिको सांस्कृतिक पक्ष**, इतिहास केन्द्रिय विभाग, त्रि.वि. ,काठमाडौं ।

धिताल, मोदिनी प्रशाद (२०४४): **थारु जाति एक अध्ययन**, पूर्वान्चल साहित्यिक प्रतिष्ठान, विराटनगर ।

पाण्डे, रामकुमार (२०३८): **नेपाल परिचय,** आठराइ प्रकाशन, काठमाडौं ।

बिष्ट, डोर बहादुर (२०५४): **सवै जातको फूलवारी** , साझा प्रकाशन, काठमाडौं ।

भट्टराई, ज्ञानेश्वर (२०६०): **बृहत ज्ञानकोष**, आशिष पुस्तक भण्डार, काठमाडौं ।

रेग्मी, ऋषीकेषवराज (२०३५): **एक स्रोत तिनधारा**, साझा प्रकाशन, काठमाडौं ।

शर्मा, मोदिनी (२०४४): **थारु जातिः एक अध्ययन ,** विना प्रकाशन , विराटनगर ।

# अनुसूची

## अर्न्तवार्ता सूची

**१. सामाजिक अवस्था सम्वन्धी प्रश्नहरु**

१.१ उत्तरदाताको नाम थर :

पारिवारिक संरचना : तपाईको परिवारमा सदस्यहरुको निम्न विवरण दिनुहोस् ।

| क.स | उत्तरदाता संगको नाता | उमेर | लिङ्ग | वैवाहिक स्थिती | शैक्षिक स्थिती | पेशा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

१.२ तपाईको परिवारमा कुन कुन धर्म मान्नु भएको छ ?

(क) हिन्दु (ख) बौद्ध (ग) मुस्लिम (घ) इसाइ (ङ) अन्य

१.३ तपाईको परिवारमा अन्तरजातिय विवाह भएको छ छैन ?

(क) छ (ख) छैन

१.४ यदि अर्न्तजातिय विवाह भएको भए परिवारले स्विकारेको छ छैन ?

(क) छ (ख) छैन

१.५ यदि अर्न्तजातिय विवाह भएको भए कुन कुन जातिसंग भएको छ ?

(क)........... (ख).............. (ग)............ (घ)..........

१.६ तपाईको परिवारमा दाजुको मृत्यु पश्चात भाइले भाउजु स्हारेको घटना छ कि छैन ?

(क) छ (ख) छैन

१.७ तपाईको परिवारको कुनै सदस्य राजनितिमा लाग्नु भएको छ ।

(क) छ (ख) छैन

**२. आर्थिक अवस्था सम्वन्धी प्रश्नहरु**

२.१ तपाई जग्गा छ छैन ?

(क) छ (ख) छैन

२.२ यदि छ भने कति छ ?

(क) विघा (ख) कठ्ठा (ग) धुर

२.३ तपाईले जग्गा अँधियामा लगाउनु हुन्छ वा हुदैन ?

(क) लगाउने (ख) नलगाउने

२.४ यदि अँधिया लगाउनु हुन्छ भने कति लगाउनु हुन्छ ?

(क) विघा (ख) कठ्ठा (ग) धुर

२.५ तपाईले अरुको जग्गा अँधिया कमाउने गर्नु हुन्छ ?

(क) छ (ख) छैन

२.६ यदि कमाउने गरेको भए कति कमाउनुहुन्छ ?

(क) विघा (ख) कठ्ठा (ग) धुर

२.७ तपाईको परिवारले कुनै व्यवसायिक खेति गर्ने गर्छ ?

(क) गर्छ (ख) गर्दैन

२.८ यदि गर्ने भए उक्त खेतिको नाम के के हो ?

(क) तरकारी खेति (ख) फलफुल खेति (ग) बाखा पालन (घ) कुखुरा पालन

(ङ) माछा पालन (च) गाई/भैसी पालन (छ) अन्य (खुलाउने)............

२.९ तपाईको परिवारको आम्दानीको स्रोतहरु के के हुन् ?

(क) अन्नबाली बिक्री (ख) तरकारी बिक्री (ग) फलफूल बिक्री (घ) व्यापार व्यवसाय

(ङ) ठेक्कापट्टा (च) ज्यालादारी (छ) नोकरी (ज) व्याज (झ) घरभाडा

(ञ) वैदेशिक रोजगार (ट) पशु व्यवसाय (ठ) पशुजन्य पदार्थ बिक्री

(ड) अन्य (खुलाउने)............

२.१० तपाईको खेतिबाट बार्षिक कति उत्पादन हुन्छ ? (के.जी.मा)

(क) धान..........के.जी. (ख) मकै..........के.जी. (ग) गहुँ..........के.जी. (घ) तोरी..........के.जी. (ङ) मुसुरो..........के.जी. (च) अन्य...........

२.११ तपाईको घरमा पशुपंक्षी कति छन् ?

(क) गाइगोरु....... (ख) रांगा भैंसी....... (ग) भेडाबाखा....... (घ) सुंगुर बंगुर.......

(ङ) हाँस कुखुरा....... (च) अन्य.......

२.१२ तपाईको घरको छाना कस्तो प्रकारको छ ?

(क) खर (ग) खपडा (ग) टायल (घ) जस्ता (ङ) ढलान

२.१३ तपाईको घरको गाह्रो कस्तो प्रकारको छ ?

(क) खरखडाइ (ख) वाँस (ग) काठ (घ) इट्टा (ङ) पिलरसिस्टम

२.१४ तपाईले ऋण लिनुभएको छ ?

(क) छ (ख) छैन

२.१५ यदि छ भने कुन कुन स्रोत वाट लिनु भएको छ ?

(क) इष्टमित्र (ख) साहुमहाजन (ग) बचत सहकारी (घ) लघुवित्त बैंक

(ङ) फाइनान्स (च) बैंक (छ) अन्य खुलाउने...........

२.१६ उक्त ऋण कुन कुन प्रयोजनको लागि लिनु भएको हो ?

(क).................... (ख)................... (ग)................... (घ).................

**३ थारु जातिमा आइरहेको परिवर्तन सम्वन्धी प्रश्नहरु**

३.१ तपाईको परिवारमा हाल कस्तो विवाह प्रचलित छ ?

(क) मागी विवाह  (ख) प्रेम विवाह

३.२ विवाह गर्दा झांगा हाल्ने चलन छ वा छैन ?

(क)  छ   (ख)  छैन

३.३ विवाह गर्दा दाइजो दिने चलन छ वा छैन ?

(क) छ  (ख) छैन

३.४ यदि छ भने के के दिइन्छ ?

(क)........................

(ख)........................

(ग)........................

(घ)........................

३.५ तपाईको घरमा शौचालय छ वा छैन ?

(क) छ   (ख) छैन

३.६ यदि छ भने कस्तो प्रकारको छ ?

(क) वोरावारेको खाल्डो (ख) सेफ्टी ट्यांक सहितको (ग) अन्य (खुलाउने).............

३.७ तपाइको परिवारले कहाँको पानी पिउनु हुन्छ ?

(क) कुवा  (ख) धारा  (ग) जरुवा  (घ) नदी  (ङ) पाइपको पानी

(च) अन्य (खुलाउने)..............

३.८ तपाईको परिवारको सदस्य विरामी भएमा सवैभन्दा पहिला कहाँ जानुहुन्छ ?

(क) औषधी पसल  (ख) प्राइभेट क्लिनिक  (ग) अस्पताल  (घ) हेल्थपोष्ट

(ङ) धामीझाक्री  (च) गुरुवा  (छ) अन्य (खुलाउने)................

३.९ तपाइको परिवारमा निम्न अनुसारका टिकाउ सामानहरु के कति छन् ?

| क. स. | टिकाउ सामान | संख्या | क.स. | टिकाउ सामान | संख्या |
|---|---|---|---|---|---|
| १. | रेडियो | | ७. | कपडा सिलाउने मेसिन | |
| २. | टि.भी. | | ८. | फ्रिज | |
| ३. | टेलिफोन | | ९. | राइसकुकर | |
| ४. | मोवाइल | | | | |
| ५. | साइकल | | | | |
| ६. | मोटरसाइकल | | | | |

३.९ तपाइको परिवारमा स्कुल जाने उमेर (५-१५) बर्षका केटाकेटी कति छन् ? र ति मध्ये कति जना स्कुल जान्छन् ?

| केटा/केटी | स्कुल जाने उमेरका जम्मा केटा केटी | स्कुल जाने गरेका केटाकेटी | स्कुल नजाने केटाकेटी |
|---|---|---|---|
| केटा | | | |
| केटी | | | |
| जम्मा | | | |

३.१० यदि स्कुल नजाने केटाकेटी भएमा उनिहरु किन नगएका हुन् ?

| केटा/केटी | भर्ना नै नभएका | विचैमा पढाई छाडेका |
|---|---|---|
| केटा | | |
| केटी | | |
| जम्मा | | |

३.११ यदि भर्ना नै नभएका भए सो को कारणहरु के-के हुन् ?

१....................

२......................

३.......................

३.११ यदि वीचैमा पढाइ छाडेको भए त्यसका कारणहरु के के हुन् ?

१.....................
२.....................
३.....................

**४) थारु जातिका जानकार व्यक्तिहरुका लागि प्रश्नहरु :**

१) तपाइहरुको जाति भित्र नाता सम्बन्धि सम्बोधन के कस्तो छ ? बताईदिनु हुन्छ कि ?

२) तपाइहरुको जातिमा महिला पुरुषले प्रयोग गर्ने पोशाक तथा गहना कुन कुन अवसरमा लगाउछन् ? कुन कुन उमेर समुकाले लगाउछन् ?

३) तपाइहरुको जातिमा खाना कति टाइम खानुहुन्छ ? प्रत्येक समयको खानालाई के के नाम दिनु हुन्छ ?

४) तपाइहरुको खानामा के कस्ता चिज प्रयोग गर्नु हुन्छ ?

५) तपाइहरु आफ्ना पाउनाको सत्कार कसरी गर्नु हुन्छ ?

६)तपाइहरुको जातिमा परिवार कसबाट संचालित हुन्छन् साथै कामको बाडफाड कसरी हुन्छ ?

७) तपाइको जाति भित्र के कस्ता संकारहरु छन् ? साथै ति संस्कारहरु कसरी पुरा गर्नु हन्छ ?

८) तपाइको जाति भित्र के कस्ता चाडपर्वहरु छन् ? साथै ति चाडपर्वहरु कसरी मनाउनु हुन्छ ?

९) तपाइको जाति भित्र प्रचलित नृत्यहरु कति छन् ? साथै ति नृत्य नाच्ने समय, तरिका र प्रयोग हुने बाजाहरुको बारेमा विस्तृत रुपमा बताइ दिनु हुन्छ कि ?

१०) उक्त नृत्य कुन कुन अवसरमा हुन्छन् र कुन कुन पुस्ता रहेका छन् ?

११) तपाइको जाति भित्र प्रमुख देवताहरु के के हुन् ? यि देवताहरुलाई कहिले र कसरी पूजा गर्नु हुन्छ ?

१२) अन्त्यमा तपाइलाई थारु जाति पिछडिएको जस्तो लाग्छ वा लाग्दैन ? यदि लाग्छ भने कुन कुन कुरामा पिछडिएको जस्तो लाग्छ ?